
# सूचना र समाचार

(खोज पत्रकारिताका केही प्रयास)



# सूचना र समाचार

(खोज पत्रकारिताका केही प्रयास)

FREEDOM FORUM

**प्रकाशक**

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
इमेल : info@freedomforum.org.np
फोन : ४१०२०३०/४१०२०२२
फ्याक्स : ४२२६०९९

**असार, २०७२**

**सम्पादनः** तारानाथ दाहाल, एकराज पाठक
**संयोजनः** सञ्चार परियोजनाका लागि नोदनाथ त्रिताल
फ्रिडम फोरम

**साजसज्जा तथा मुद्रणः** प्रिन्ट कम्युनिकेसन, काठमाडौं

# भूमिका

संविधानमा मौलिक हकको रूपमा स्थापित र कानुनद्वारा संरक्षित सूचनाको हकको अर्थ सार्वजनिक निकायमा रहेका आफ्नो वा सार्वजनिक सरोकारको जुनसुकै सूचना माग्ने, प्राप्त गर्ने र प्रवाह गर्ने अधिकार हो । यो हकको अधिकतम अभ्यासमा आम नेपाली नागरिकहरूलाई जागरुक पार्न र यसको प्रयोगमा अग्रसर बनाउन सक्रिय प्रयास आवश्यक छ ।

सूचनाको हक अरू सम्पूर्ण मौलिक हकहरूको पनि आधार हक हो, र नागरिकको आधारभूत स्वतन्त्रतामा पर्ने बोल्न तथा लेख्न पाउने हकको समुचित अभ्यासका लागि पर्याप्त सुसूचित हुन पाउने आधार सूचनाको हकले प्रदान गर्छ । सुसूचित नागरिकले मात्रै जीवन्त लोकतन्त्रमा सार्थक सहभागिता प्रदर्शन गर्न सक्छन् । त्यसैले सूचनाको हकलाई लोकतन्त्रको प्राणवायुको रूपमा लिने गरिन्छ ।

नेपालमा सूचनाको हकसम्बन्धी कानुन बनेको ८ वर्ष बितिसक्दा पनि कानुनको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला पक्षहरूको भूमिका अपेक्षा अनुरूप देखिएको छैन । सार्वजनिक चासोका सूचना खोजी गरी आम जनताको जानकारीका लागि विभिन्न माध्यमबाट समाचार प्रवाह गर्ने काम सञ्चारकर्मीहरूले गर्छन् । हल्लाको भरमा, सुनेको वा सुनाएको भरमा र अरूले आफ्नो इच्छानुकूल दिएको विवरणको भरमा समाचार प्रवाह गर्दा सत्य र तथ्यको पक्ष कमजोर हुने हुनाले सञ्चारकर्मीहरूलाई सूचनाको स्रोतसम्म सहज पहुँच प्रदान गरिनुपर्छ । सूचनामा सहज पहुँच भएन भने सञ्चारकर्मीहरूले आफ्नो पेसागत धर्म निर्वाह गर्न सक्दैनन् । त्यसैले सूचनासम्म सहज पहुँचको पनि अधिकार स्थापित गर्न सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था भएको हो । सञ्चारमाध्यमहरूमा सूचनाको हकको प्रयोग गरेर जति समाचारहरू बन्नु पर्ने थियो, त्यति मात्रामा आइरहेका छैनन् । सञ्चारकर्मीहरूले सूचनाको हकको प्रयोग गरेर सूचनाहरू खोजी गर्नु र प्रवाह गर्नुपर्ने हो तर त्यसको अभ्यास पर्याप्त हुन नसकिरहेको अनुभव सर्वत्र भइरहेको छ ।

यस पृष्ठभूमिमा फ्रिडम फोरमले सञ्चार परियोजनाअन्तर्गत राजधानी र मोफसलका सञ्चार माध्यममा कार्यरत पत्रकारहरूलाई सूचनाको हक प्रयोग गरी सूचनाको प्रमाणित स्रोतहरूसम्म पुग्ने र प्रमाणित तथ्यहरू खोजी गरेर प्राप्त गरी अनुसन्धानमूलक पत्रकारिताको अभ्यास बढाउने ध्येय राखी दुइटा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो । साथै यस प्रकारको सूचनाको हकसम्बन्धी तालिम प्राप्त गरेका विभिन्न जिल्लाका पत्रकारहरूलाई सूचनाको हकसम्बन्धी औजार प्रयोग गरी बाहिर ल्याइएका सूचनाका आधारमा तयार गरेका र प्रवाह गरेका खोजमूलक समाचार तथा लेखहरू हामीलाई उपलब्ध गराउन आह्वान पनि गरिएको थियो ।

यसरी खोजमूलक समाचारका लागि सूचनाको हकसम्बन्धी तालिम प्राप्त पत्रकारहरूबाट लेखिएका तथा स्थानीय स्तरमा सूचनाको हकको प्रयोग भएर प्राप्त भएका विभिन्न प्रमाणित तथ्यगत सूचनाका आधारमा लेखिएका एवं प्रकाशित समाचारहरूको यो संग्रह तयार गरिएको छ । एक सयभन्दा बढी त्यस प्रकारका समाचार संकलन गरी तीमध्येबाट उत्कृष्ट समाचारहरू छनौट गरी यो पुस्तिका प्रकाशन गरिएको हो ।

यसबाट आगामी दिनमा सूचनाको हकको प्रयोग गरी प्रमाणका आधारमा समाचार लेखन कार्यलाई प्रोत्साहन मिल्ने र यसतर्फ लगनशील भई तथ्ययुक्त खोजी समाचारको प्रवाह बढाउन पत्रकारिता क्षेत्रमा सहयोग पुग्ने अपेक्षा लिइएको छ । साथै यो समाचार संग्रह पत्रकारिताका विद्यार्थी, पत्रकार एवं सूचनाको हकको बारेमा बुझ्न चाहने सबैका लागि एउटा महत्वपूर्ण स्रोत सामग्री बन्ने कुरामा विश्वास गरिएको छ ।

**तारानाथ दाहाल**
अध्यक्ष, फ्रिडम फोरम

# विषय सूची


१. आयातमा मासिक ७ करोड नोक्सानी......१
२. जाजरकोटमा भ्रष्टाचार नियन्त्रणमा सूचना हकको प्रयोग......७
३. सिद्धार्थनगरमा लाखौं फछ्र्यौट बाँकी...... १२
४. जिविस बागलुङमा करोडौं भ्रष्टाचार ......१५
५. सांसद विकासको पैसाले बाजा र भजन ! ......१७
६. सरकारी टेन्डर हत्याउन रु. १ मा कम्प्युटर सामग्रीहरू ......१९
७. बाँकेमा सूचना हक : नागरिकतादेखि उपादानसम्म ......२१
८. फजुल खर्चको यो नमुना ! ......२३
९. सूचना माग गर्दा एक महिनामै साढे तीन करोड बेरुजु फछ्र्यौट ......२५
१०. यसरी आयो तथ्य बाहिर......२७
११. प्रतिस्पर्धी निषेधमा ५०० करोड......३०
१२. सूचना हकले दिलायो अधिकार......३८
१३. सल्यानमा स्वास्थ्यमा बेथिति ......४०
१४. सार्वजनिक खरिदमा मनपरी: पेनको मूल्य रु. १ देखि ६ हजार ५ सयसम्म ......४२
१५. सूचनाको हकले दिलायो ज्याला......४५
१६. "सांसदहरूले गरे आफूखुसी खर्च" ......४८
१७. क्याम्पसमा सूचना हक ......५०
१८. सूचनाको हकले न्यायको अनुभूति ......५२
१९. नेपाल प्रहरीले गंगामायालाई जवाफ दियो......५६
२०. सांसद विकास कोषः पारदर्शितामा प्रश्नै प्रश्न ......५८
२१. सूचनाको हकले छात्रवृत्ति दिलायो ......६०
२२. खुल्यो भ्रष्टाचार !......६२
२३.सूचना मागेपछि छात्रवृत्ति वितरण ......६३
२४. पाइलट पेन खरिदमा रोचक तथ्य ......६४
२५. मापदण्ड मिचेरै बाँडे सभासदले रकम......६६
२६ . सडक बत्ती जडानका नाममा लाखौं अनियमितता......७०
२७. पेनड्राइभमा भ्रष्टाचार......७२
२८. अर्बौं बजेट दुरुपयोगः जनतालाई सचेत पारौं......७४
२९. निर्वाचन क्षेत्र विकास कार्यक्रमः उद्देश्य र अभ्यास......७७
३०. १० पृष्ठ सूचना निःशुल्क पाउने नजिर ......८४

# आयातमा मासिक ७ करोड नोक्सानी

**- रितेश त्रिपाठी**

**वीरगन्ज ।** नेपालले पाउनुपर्ने सुविधामा सरकारकै चासो नहुँदा समुद्रमार्ग भएर विदेशबाट हुने समान आयातमा राज्यलाई मासिक करिब ७ करोड रुपैयाँको नोक्सानी भइरहेको छ ।

वीरगन्ज सिर्सियास्थित सुक्खा बन्दरगाह भएर तेस्रो मुलुकबाट मालवाहक 'कन्टेनर' आउन थालेको १० वर्ष पुरा हुन लाग्दा पनि नेपाल भने अझै 'कन्टेनर'को गन्तव्यमा सूचीकृत हुन् सकेको छैन ।

भारतको कोलकता मै गन्तव्य तोकेर वीरगन्जस्थित सुक्खा बन्दरगाह भएर नेपालमा आयात हुने समानमा प्रति कन्टेनर कम्तीमा ४० हजार रुपैयाँ अतिरिक्त खर्च हुने गरेको आयातकर्ताहरू बताउँछन् ।

चालू आर्थिक वर्ष २०७०/०७१ को हरेक माहिनामा १ हजार ६ सय ७७ कन्टेनर विदेशबाट आएको सुक्खा बन्दरगाह सञ्चालन गर्ने कम्पनी हिमालयन टर्मीनलको तथ्यांकमा छ । नेपालको लागि विदेशबाट समान बोकेर आउने 'कन्टेनर'को 'क्यारेज एण्ड इन्स्योरेन्स फ्राइट' (सीआईएफ) अर्थात् ढुवानी तथा बिमाको कागजात कोलकतासम्मको लागि बनेर आउँछ ।

यसले गर्दा 'कन्टेनर'को फिर्ता जाने दिन गिन्ती कोलकता बन्दरगाहमा आउनासाथ सुरु हुन्छ । र, नेपालका लागि आउने 'कन्टेनर' खाली गरेर फिर्ता गर्न १४ दिनको अवधि बाटो मैं सकिने गरेको छ ।

आर्थिक वर्ष २०६१/०६२ बाट सञ्चालनमा आएको सुक्खा बन्दरगाहलाई अन्तर्राष्ट्रियस्तरमा 'कन्टेनर'को गन्तव्यमा सूचीकृत गर्न नसकिएकोले व्यापारीले तिर्ने बिलम्बलगायत शुल्क उपभोक्ताको टाउकोमा नै पर्छ । 'कन्टेनर फ्रि स्टेसन' (सीएफएस) को सुबिधा सुक्खा बन्दरगाहमा भए पनि यसलाई आधिकारिक रूपमा कायम गराउन नसकिएकोले सीआइएफ (बिल) कोलकता कै नाउमा बन्ने गरेको छ ।

कन्टेनरको गन्तब्य हुनको लागि सिएफएस (कन्टेनर खन्याउने ठाउँ) को रूपमा सूचीकृत हुनु जरुरी हुन्छ । हिमालयन टर्मिनलका प्रमुख कार्यकारी अधिकृत बी. मोहनले नागरिकलाई भने, 'वीरगन्ज 'सीएफएस' को नाममा 'सीआइएफ' बनेर आउने भए, कन्टेनर खन्याउन ३ दिनको सयम हुने थियो र त्यस समयभित्र हेटौंडासम्मका सामान सजिलै कन्टेनर लगेर खन्याउन सकिन्थ्यो र टाढाबाट यहाँका गोदाममा खाली गरी कन्टेनर फिर्ता गर्न सकिन्थ्यो ।'

नियमित आयातकर्तासमेत रहेका वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष प्रदीप केडियाका अनुसार सुक्खा बन्दरगाह भएर आउने कन्टेनर औसत १५ दिन बिलम्ब भएर फर्किन्छन् । यसमा बिलम्ब शुल्क १४ दिन पछिको पहिलो दिन दैनिक २० डलर, त्यसपछिका

८ दिन ३० डलर र १० औं दिनदेखि ४० डलर (करिब ४ हजार नेपाली रुपैयाँ) का दरले आयातकर्ताले बेहोर्नुपर्ने हुन्छ । 'मूल भाडाबाहेक प्रतिकन्टेनर कम्तीमा ४० हजार रुपैयाँसम्म अहिले आयातकर्ताले अतिरिक्त रकम तिरी रहेका छन्,' केडियाले नागरिकलाई भने, 'बिलम्ब शुल्क मात्र होइन यो वा त्यो नाउँमा सिपिङ कम्पनीले पैसा असुल्ने गरेका छन् ।'

'सफाइ, लक (ताला) बिग्रेको, फर्स बिग्रेको, भित्ता बिग्रेको लगायत शीर्षकमा सिपिङ कम्पनीको बिल आइपुग्छ, सिएफएस वीरगन्ज मै भएको भए खाली कन्टेनर यही हस्तान्तरण गर्न र त्यस्ता दाबीको जाँच गरेर अनावश्यक खर्च जोगाउन सकिन्थ्यो,' केडियाले थपे, 'स्थितिको फाइदा उठाउँदै भाडादर कम लगाउने र यो वा त्यो नाममा व्यापारीसँग पैसा असुल्ने रणनीति नै सिपिङ कम्पनीले लिएका छन् ।'

केडियाले भनेजस्तै प्रत्येक कन्टेनरमा लाग्ने ४० हजार अतिरिक्त खर्चको हिसाब गर्दा महिनाको कम्तीमा ६ करोड ७० लाख ८० हजार रुपैयाँ नोक्सानी छ । कन्टेनरमा आउने समानको औसत २० हजार किलोको न्यूनतम वजनलाई पनि आधारमान्दा प्रतिकिलो २ रुपैयाँ समान महँगो पर्ने गरेको छ ।

संयुक्त राष्ट्रसंघको 'इकोनोमिक एण्ड सोसल कमिसन फोर एसिया एण्ड पेसिफिक' (इएससीएपी) को सदस्य भएको हैसियतले नेपालले परराष्ट्र मन्त्रालयमार्फत वीरगन्ज सुक्खा बन्दरगाहलाई एकीकृत नक्सामा पार्नुपर्ने थियो । सन् २०१३ देखि 'इन्टरग्रेटेड म्याप अफ एएच, टिएआर एण्ड ड्राइपोर्टस् अफ इन्टरनेसनल इम्पोर्टेन्स्' भित्र नेपालका ४ वटा नाका परेका छन् । वीरगन्ज, सुनौली, विराटनगर र काकडभिट्टा नक्सामा परेका हुन् । यसै नक्साको आधारमा सिपिङ कम्पनीले समान पुऱ्याउने गन्तब्य ठम्याउने गरेका छन् । नक्सामा भएपछि अब सिएफएस (कन्टेनर खन्याउने ठाउँ) कायम गराउनुपर्ने हुन्छ ।

त्यसको लागि सिपिङ कम्पनीसँग सौदाबाजी आवश्यक हुन्छ । यताबाट फर्किने कन्टेनर प्रायः खाली नै रहने गरेकोले सिएफएस कायम गराउन असहज भएको आयातकर्ता तथा वीरगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष गणेश लाठ बताउँछन् । २०६१ सालमा सुक्खा बन्दरगाह सञ्चालन भएयता यहाँ भएर १ लाख ४५ हजार ६ सय ४१ कन्टेनरमा समान आयात गरिएको छ । यताबाट भने ४ हजार ६ सय ६५ कन्टेनरमा मात्र निर्यात भएको तथ्यांक छ । अर्थात् ९६.९७ प्रतिशत कन्टेनर खाली नै फर्किने गरेका छन् ।

'कन्टेनर फर्किदा समान नपाउने ठाउँको भाडा दर सिपिङ कम्पनीले तुलनात्मक रूपमा बढी लिन्छन् । निर्यात बढ्यो भने आयातको समस्या पनि घट्ने थियो,' हिमालयन टर्मिनलका मोहनले भने, 'यसै निहुँमा सिएफएस कायम गर्न नमिल्ने भने होइन, फिर्ता हुने कन्टेनर भारतबाट भर्ती भएर लैजाने व्यवस्था सिपिङ कम्पनीले मिलाउन सक्छन् ।'

# कन्टेनर रित्तै फर्किंदा वार्षिक २ अर्ब नोक्सानी

विदेशबाट नेपालको लागि सामान बोकी भर्ती आउने कन्टेनर यताबाट रित्तै फर्किन्छन् । वीरगन्ज सिर्सियास्थित सुक्खा बन्दरगाहको 'रेकर्ड' अनुसार समान बोकेर आउने १ सयमध्ये ४ वटा कन्टेनरले पनि यताबाट निर्यात गरिने सामान पाउँदैनन् ।

आर्थिक वर्ष २०७०/०७१ मा यहाँ भएर १८ हजार ५ सय ३८ वटा (२० फिटको एकाइको) कन्टेनरमा विदेशबाट बिभिन्न सामान आयात भएको छ । सो अवधिमा निर्यात भने ६ सय ५८ वटामा मात्र हुन सकेको छ । १ हजार ८ सय ८० अर्थात ९६.४६ प्रतिशत कन्टेनर रित्तै फर्के ।

१० वर्षअघि, आर्थिक वर्ष २०६१/०६२ मा सञ्चालनमा आएको सुक्खा बन्दरगाहको तथ्यांक अनुसार १ दशकको अन्तरालपछि पनि निर्यातको अवस्था उस्तै छ । सञ्चालन भएदेखिको १० वर्षमा वीरगन्ज सुक्खा बन्दरगाहमा १ लाख ५२ हजार ५ सय ८ कन्टेनरमा सामान आयात भएको छ । सो अवधिमा निर्यात भने ४ हजार ९ सय ४५ कन्टेनरमा मात्र भएको छ । सुक्खा बन्दरगाह सञ्चालन गर्ने कम्पनी हिमालयन टर्मिनलको रेकर्डअनुसार १ लाख ४७ हजार ५ सय ६३ अर्थात १० वर्षे अवधिमा पनि ९६.७६ प्रतिशत कन्टेनर खाली नै फिर्ता भएको देखिन्छ ।

टर्मिनलका प्रमुख कार्यकारी अधिकृत बी मोहनले कन्टेनर आउने संख्या बढेको तर निर्यातको अनुपात नबढेको बताए । व्यापारीहरूका अनुसार निर्यात नहुँदा व्यापार घाटा मात्र छैन आयात पनि महँगो हुने गरेको छ । 'यताबाट खाली नै लैजानु पर्ने भएर आयातकर्ताउपर नै फिर्ता लैजाँदाको खर्चको भार पर्ने गरेको छ,' वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्षसमेत रहेका एक जना आयातकर्ता प्रदीप केडियाले भने, 'सिपिङ कम्पनीले घाटा सहने कुरै आउँदैन्, निर्यात हुने ठाउँबाट नेपालको दूरीलाई दोब्बर मानेर उनीहरूले भाडा तय गर्छन् ।'

नेपालमा विदेशबाट कन्टेनरमा मुख्य रूपमा प्लास्टिक दाना, प्लास्टिकका सामान, पिस्ता, मसला, गेडागुडी, विभिन्न खाले तयारी मदिरा, हलुका पेय, सुपारी, मेसिनरी, लुब्रिकेन्ट, सौन्दर्य प्रसाधन, चिया, कफी, कोल्डड्रिंकमा लाग्ने चिनी, कार्पेट, कागज, रसायन (केमिकल), अलमुनियमका सामान र औद्योगिक कच्चा पदार्थलगायत आयात हुने गरेको छ । केडियाका अनुसार भाडा दरमा थपिएको लागतको भार सामानको मूल्यमा पर्ने गरेको छ ।

रितै कन्टेनर फिर्ता हुँदा नेपाललाई बर्सेनि लगभग २ अर्ब रुपैयाँ अतिरिक्त भाडाको रूपमा घाटा भइरहेको छ । नेपालको लागि विदेशबाट कन्टेनर भारतको कोलकाता बन्दरगाह भएर

आउने गरेको छ । कोलकता पोर्ट ट्रष्टको रेकर्डअनुसार वर्षमा ४३ हजार कन्टेनर नेपाल आउन थालेको छ । तीमध्ये करिब डेढ हजार मात्र यताबाट सामान बोकेर फर्किन पाएको र बाँकी साढे ४१ हजार कन्टेनर रित्तै फर्केको  देखिन्छ ।

सबैजसो कन्टेनरको भाडा दोहरो खर्च जोडेर सिपिङ कम्पनीहरूले आयातकर्ताबाट असुल गर्ने गरेको कोलकातास्थित 'नेपाल कार्गो ह्यान्डिलिङ्ग एजेन्ट एसोसिएसन' (नेचा)का महासचिव महेन्द्र दुगडको भनाई छ । फर्किंदा कन्टेनरमा सामान पाइने सम्भावना अत्यन्त न्यून भएको हुनाले भर्ती भएर फर्किने कन्टेनरमा आयात गर्नेले पनि कुनै सहुलियत पाउँदैनन् । नेपालको लागि ढुवानी गर्ने प्रमुख सिपिङ कम्पनी एपीएलका कोलकतास्थित कार्यालयका वाणिज्य प्रमुख फिलिक्स आर. ठाकुरले दुवैतर्फबाट 'बुकिङ' हुने ठाउँको ढुवानी भाडा सस्तो र एकतर्फीमा महँगो पर्ने गरेको बताउछन् ।

# ८ करोडको ठाउँमा सवा करोड मात्र

वीरगन्ज १८, भेडियाहीस्थित नेसनल मेडिकल कलेजबाट अनुमानित ८ करोडभन्दा बढी रुपैयाँ वक्यौता कर असुली गर्न एक वर्ष अगाडि वीरगन्ज उपमहानगरपालिका कार्यालयले सुरु गरेको प्रक्रियाले अझै पूर्णता पाउन सकिएको छैन । उपमहानगरपालिका कार्यालयको २०७० चैत १० को अनुमानित मूल्यांकनअनुसार कलेजउपर ८ करोड ११ लाख ४५ हजार रुपैयाँ घरजग्गा कर बाँकी देखिएको थियो ।

उपमहानगरपालिका कार्यालयको 'करदाताको घरजग्गा मूल्यांकन तथा कर निर्धारण विवरण' अनुसार  वर्षको ९७ लाख २३ हजार रुपैयाँ पोहोरको वक्यौता रकममा थपेर कलेजसँग ९ करोड ८ लाख रुपैयाँ असुलउपर गर्नुपर्ने थियो ।

कलेजसँग कर असुलीका लागि थालिएको प्रक्रिया मिच्दै कार्यकारी अधिकृत विष्णुप्रसाद कोइरालाले १ करोड २९ लाख ३२ हजार रुपैयाँ मात्र बुझिलिएको कर्मचारीले बताउँछन् । राजश्व शाखाले असहमति जनाउँदा पनि पोहोरकै मूल्यांकनभन्दा ८४ प्रतिशत घटी रकम प्रमुख कार्यकारी अधिकृत कोइराला र आर्थिक प्रसाशन अधिकृत रामदयाल यादवले फागुन ३ मा बुझेका हुन् ।

'घर जग्गा धुरी कर १ करोड २३ लाख र आर्थिक वर्ष २०७०/०७१ सम्मको' भनेर कलेजले किटान गरेर पठाएको पत्रसाथ 'एकाउन्ट पेयी चेक' बुझ्न राजश्व शाखा प्रमुख शान्त बस्नेतले नमानेपछि उनको मन्जुरी बिना नै कोइराला र यादवले बुझेका थिए । चालू आर्थिक वर्षको एकीकृत सम्पत्ति करको ६ लाख ३१ हजारसमेत गरी १ करोड २९ लाख ३२ हजार ७४२ रुपैयाँ ३ पैसाको बैंक चेक उनीहरूले बुझिलिएका हुन् ।

वीरगन्ज उपमहानगरपालिका कार्यालयमा १४८३५ नम्बरमा दर्ता रहेको नेसनल मेडिकल कलेजले फागुन ३ मा पठाएको पत्रअनुसार उसले हालसम्मको सम्पूर्ण वक्यौता चुक्ता गरिसकेको देखिन्छ । जबकि मूल्यांकनअनुसारको वक्यौताको करिब १५ प्रतिशत रकम मात्र उसले चुक्ता गरेको छ ।

यसरी नियमभन्दा कलेज सञ्चालकको इच्छाअनुसार वक्यौताबापतको रकम कोइराला र यादवले बुझिदिएकाले साविक मूल्यांकनअनुसार करिब ८५ प्रतिशत अर्थात् ७ करोड ७८ लाख ६८ हजार रुपैयाँ डुबेको कार्यालयका कर्मचारीहरूको गुनासो छ । 'कलेज उपर ठुलो रकममा बाँकी रहेको कर असुली गर्न प्रक्रिया अगाडि बढिरहेको थियो,' राजश्व शाखाप्रमुख बस्नेतले भने, 'त्यसभन्दा बाहिर गएर कलेजले अनुमानित मूल्यांकनको करिब १५ प्रतिशत मात्र बुझाएर फरफारक गर्न चाहेकोले मैले यस्तो गर्न मिल्दैन भनेर फिर्ता पठाइ दिए, उता हाम्रो रायविपरीत रकम बुझ्ने काम पो भयो ।'

कलेजको पत्रमा कार्यालय प्रमुखले राजश्व शाखासमेत राय माग्दै तोक लागाएर पठाउँदा बस्नेतले मूल्यांकनभन्दा निकै कम सो रकम नियमअनुसार लिन नमिल्ने बताएका थिए ।

'मैले असहमति जनाएपछि हाम्रो शाखाको रायबिना नै उनले र आर्थिक प्रसाशन अधिकृत यादवले टिप्पणी उठाएर पत्र अनुसारको चेक बुझेका हुन्,' बस्नेतले थपे । नेसनल मेडिकल कलेजसँग वक्यौता कर असुलीको प्रक्रिया गतवर्ष नै सुरु भएको थियो । बीरगन्ज उपमाहानगरपालिका कार्यालयका तत्कालिन प्रमुख कार्यकारी अधिकृत ताराबहादुर कार्कीले आर्थिक वर्ष २०६०/०६१ देखिको बाँकी घर र जग्गा कर ८ करोड ११ लाख ४५ हजार चुक्ता गर्न आउनु भनी पत्र कलेजलाई पठाएका थिए ।

'करदाताको घरजग्गा मूल्यांकन तथा कर निर्धारण विवरण' सहितको ३५ दिने पत्रको जवाफ कलेजले नदिएपछि उपमहानगरपालिका कार्यालयले २०७० वैशाख २३ गतेको गोरखापत्र दैनिकमा वक्यौता असुलीका लागि सार्वजजिनक सूचना प्रकाशित गराएको थियो ।

सूचना प्रकाशनपछि जेठ ८ मा नेसनल मेडिकल कलेजले उपमाहानगरपालिका कार्यालयमा छलफलको लागि पठाएको प्रतिनिधले भनेअनुसार वास्तविक कर यकिन गर्न जेठ १८ मा दुवैतर्फका ५/५ जना प्रतिनिधि राखेर अर्को बैठक राखियो ।

योजना शाखाका प्रमुख प्रकाशमान सिंह आमात्य सहित उपमाहानगरपालिका कार्यालयका ५ जना प्रतिनिधि र कलेजका गैसुल आजमसहितका ५ जना प्रतिनिधि बसेर जेठ २६ भित्र नेसनल मेडिकल कलेजले आफ्नो सम्पति विवरण पेस गर्ने निर्णय गरे । उपमाहानगरपालिका कार्यालयको 'करदाताको घरजग्गा मूल्यांकन तथा कर निर्धारण विवरण' वास्तबिकभन्दा बढी रहेको कलेजले दाबी गरेको थियो ।

निर्णयअनुसार कलेजको तर्फबाट गत वर्षको चैत २६ भित्र पेस गरिनुपर्ने विवरण उसले पेस गरेन । यता प्रमुख कार्यकारी अधिकृत कार्कीको सरुवासँगै कर असुलीको प्रक्रिया पनि अघि बढ्न छोड्यो । नयाँ आएका प्रमुख कार्यकारी कार्यकारी अधिकृत कोइरालाले आफैं यता ३ महिना अगाडि कलेजले १ करोड रुपैयाँ दिने भनेर प्रस्ताव राखेको बस्नेतले बताए । 'तीन वर्ष पहिले नै कलेजले डेढ करोड रुपैयाँ वक्यौता करबापत दिन खोज्दा नियमले नमिल्ने भन्दै नलिएको बताएपछि कोइरालाको प्रस्ताव अघि बढेन्,' राजश्व शाखाका बस्नेतले भने, 'अहिले फेरि अर्को पटक प्रमुख कार्यकारी कार्यकारी अधिकृतले कलेजको १ करोड चानचुन रुपैयाँ बुझ्न दबाब दिए, हामीले रोक्दा पनि पैसा बुझ्ने काम भयो ।'

कलेज उपर वक्यौता रहेको रकममध्ये पैसा बुझेको र बाँकी रकमपछि असुलउपर हुनसक्ने कोइरालाको भनाइ छ । 'टिप्पणीमा मैले नगरप्रमुखको समेत अधिकार प्रयोग गरी आदेश दिएको हुँ, कर निर्धारण गर्दा हुन आउने रकमबाट कट्टा हुने गरी हामीले पैसा बुझेका हौं,' कोइरालाले भने, 'यसमा शंका नगरे हुन्छ, हामीले कुनै अनियमितता गरेका छैनौं ।' कलेजको जुन पत्रको आधारमा रकम बुझिएको छ, त्यसमा भने आर्थिक वर्ष २०७०/०७१ सम्मको भनेर अंकको अन्त्यमा ३ पैसा आउने गरी हिसाब निकालेर पठाइएको छ ।

कलेजका प्रबन्ध निर्देशक महमद बसरुदी अन्सारीले आफूले चालू आर्थिक वर्षसम्मको हिसाब निकालेको दाबी गरे । 'विभिन्न मितिमा कलेजले जग्गा खरिद गर्दा मालपोत शुल्क तिर्न गरिएको सरकारी मूल्यांकनलाई आधार बनाएर हामीले जग्गाको मूल्य मानी त्यसमा लाग्ने कर पठाएका हौं,' अन्सारीले भने ।

कार्यालयको अरु दाबी भए वा नभएको भन्ने आधिकारिक प्रतिक्रिया पर्खिरहेको उनले बताए । यसअघि कार्यालयले भने अनुसारको ३० बिगहा जग्गा कलेजसँग नभएको उनले बताए । कलेजसँग कति क्षेत्रफल जग्गा रहेको भन्ने उनले खुलाएन् । कलेजको करिब २० वटा ठूलाठूला बहुतल्ले भवनको नक्सापास पनि कर विवादले रोकिएको छ । सूचनाको हकसम्बन्धी ऐन प्रयोगगरी माग गरिएका सूचनामा यस्तो अवस्था देखिएको हो ।

# जाजरकोटमा भ्रष्टाचार नियन्त्रणमा सूचना हकको प्रयोग

- गणेश बानियाँ

**जाजरकोट ।** जिल्लाको उत्तरपूर्वी गाविस रग्दामा सरकारी तथा गैरसरकारी सार्वजनिक निकायले हजारौं योजना निर्माण गरेका छन्, र अर्बौं रकम खर्च गरेका छन् ।

ती योजनामध्य कति योजना राम्रा भएका छन् भने कति योजनाहरूमा राजनीति मिलेमतोमा योजनास्थलमा नै नपुगी कागजमा मात्र योजना सम्पन्न भएका छन् । त्यस्तो कागजमा मात्र सम्पन्न गर्ने र कोष दुरुपयोग गर्ने एक जना व्यक्तिलाई पनि कारबाही भएको छैन । सरोकारवाला निकायहरूले पनि योजनाबाट कमिसन नपाउँदासम्म सुशासनका कुरा गर्ने र कमिसन पाएपछि तै चुप मै चुपको संस्कार चल्दै आएको देखिन्छ ।

सार्वजनिक निकायको काम कारबाहीबारे नागरिकले सूचना पाउनुपर्छ भनी हामी सूचना अभियानकर्ताहरूले सूचनाको हकसम्बन्धी अभियान सञ्चालन गरेका थियौं । सन्दर्भ हामीले जाजरकोट जिल्लाको खलंगा सदरमुकामदेखि ५५ कि.मी टाढा (२ दिनको पैदल) रहेको जिल्लाको उत्तरपूर्वी गा.वि.स रग्दा मा सूचनाको हक प्रयोग गरेका थियौं । आ.व. ०७०।०७१ मा कति बजेट कुन-कुन शीर्षकमा खर्च भएको छ त्यसको जानकारी पाऊँ भनी सूचना मागेका थियौं । सूचना लिन जाँदा कार्यालयमा गा.वि.स सचिव नभएको कारण सचिवलाई भेट गर्न ४ दिन लाग्यो । सूचनाको हकबारे सचिवलाई १ घण्टा जानकारी दिएर सूचनाको हक सम्बन्धीको हाते पुस्तिका उपलब्ध गराए पछि मिति २०७१।०२।०३ गते रग्दा गा.वि.स को कार्यालयमा निवेदन दर्ता भयो ।

मागेको सूचना एक हप्तामा तयार गरी दिने कुरा बताइयो । गा.वि.स कार्यालय सदरमुकाममा रहेकोले सबै गाविसका कागजहरू पनि त्यहाँ नै थिए । हामीलाई पनि सदरमुकाम खलंगामा सूचना उपलब्ध गराउने भनियो । निवेदन दर्ता भएको १० दिनपछि मागेको सूचना पनि पाइयो ।

सूचना लिइसके पछि गा.वि.स कार्यालयबाट जम्मा ३९ लाखको बजेट आ.व. २०७०।०७१ मा खर्च गर्न छुट्याइएको रहेछ । ३९ लाखको बजेट बिनियोजन गरिएका शीर्षक र योजनाको सूची उपलब्ध भयो । त्यसको केही समयपछि हामी सूचना अभियानकर्ताहरू गाउँ बस्तीमा गा.वि.स ले दिएको बजेटको लिस्ट बोकेर जादाँ त्यहाँ योजना-योजनामा अनियमिता सम्झौता भएको पाइयो । जस्तै गा.वि.स स्तरको कृषि वन वातावरण मा बिनियोजन भएको ६ लाख रकम अध्यक्ष पुरै रकम लिएर डोल्पा यार्सागुम्बाको ब्यापारमा गएको पाइयो । रेडपाण्डा संरक्षण गर्न भनि गा.वि.स मा नै नपुगी १५ हजार सदरमुकाम मा नै भुक्तानि लिइएको पाइयो । सम्बन्धिी गा.वि.स का बालबालिकालाई खर्च गर्न बिनियोजन गरिएको रकम रग्दा गाविसका बालबालिकालाई रकम नदिइ सदरमुकाममा नै रहेको बालबालिकालाई रकम भुक्तानी दिएको पाइयो । बालबालिकाको रकम सम्बन्धित गा.वि.स मा १ लाख १५ हजार खर्च गर्नु पर्नेमा जम्मा २० हजार मात्र खर्च गरी अन्य रकम दुरुपयोग गरेको पाइयो ।

यसरी सूचनाको हकले रग्दा गा.वि.स को बजेटको बारे नागरिकलाई जानकारी भयो । रग्दा गा.वि.स स्तरको कृषि वन वातावरण मा बिनियोजन भएको ६ लाख रकम केही कृषक समूहहरूलाई आफ्नो समूहले पाउने रु. ५० हजार, रकम जम्मा रु. ५ हजार केही समूहलाई मात्र दिइएको रहेछ । हामी श्रावण महिनामा पुग्दा आ.व. समाप्त हुँदासमेत रकम दिइएको थिएन ।

जब हामी सूचनालाई हाम्रो सूचना साप्ताहिक पत्रिकामार्फत बस्तीमा पुऱ्याए पछि रग्दा गाविसका समूहहरूले गा.वि.स, जि.वि.स कार्यालय मा लिखित/मौखिक उजुरी गरे पछि ५० हजारका दरले नौ ओटा कृषक समूहले रकम पाएका थिए । अन्य नागरिकहरूले पनि बजेटको हिसाब किताबबारे चासो राख्दैछन् । गाविसमा भएका योजनाबारे चासो र सूचना माग गर्ने तरिकाबारे थाहा पाएका थिए ।

यसरी सूचना माग गर्ने अभियान ग्रामीण भेगमा बसोबास गर्ने नागरिकमा पनि चलेको छ । मागे सूचना पाइन्छ भने कुरा जानकारी नहुँदा दिन प्रतिदिन जाजरकोट जिल्ला सदरमुकामदेखि गाउँ-गाउँसम्म प्रत्येक आर्थिक वर्षमा निर्माणमा मनपरीले चलेको छ । यसरी समाजको बिकास निर्माणमा समस्या भएको छ । त्यसैले पनि सूचनाको हक शिक्षा अभियान सजिलो भाषामा जिल्लाका सबै गाविसका सबै वडामा पुऱ्याउन आवश्यक रहेको छ ।

# जाजरकोटमा सामाजिक सुरक्षा भत्तामा घोटाला

- **२४ वर्षअघि मृत्यु भैसकेका व्यक्तिको नाममा रकम निकासा**
- **गाविस सचिव र कर्माचारीको मिलेमतोमा एक गाविसमा बर्सेनि लाखौ रुपैयाँको हिनामिना**
- **३० सामाजिक सुरक्षामा २० लाख सामाजिक सुरक्षाको रकम घोटाला**
- **१०० भन्दा बढी बालबालिका हुँदै नभएका बालबालिकाको नाममा सरकारले रकम भुक्तानी गरेको**
- **विवाह नै नगरेका मान्छेको नाममा एकल महिलाको नाममा रकम बुझाएको**

राज्यले दिएको सेवा सुविधा नागरिकले पाउनु नागरिकको मौलिक हक अधिकार हो। त्यसैले सरकारले कति जनालाई के सेवा सुविधा दियो भनि थाहा पाउनु पनि नागरिकको मौलिक अधिकार नै हो। ग्रामीण बस्तीमा बसोबास गर्ने नागरिकले वर्षमा एक पटक पनि सेवा लिन नसक्ने भएपछि सरकार कहाँ छ भन्ने बेला आएको जनताको अनुभव छ।

यस्तै अवस्था छ जाजरकोट जिल्लाको लहँ गाविसमा । त्यस गाविसमा हामीले ४ महिना लगाएर सामाजिक सुरक्षाको पैसा को कसले कति खान्छन् भनि सूचना मागेका थियौ । माग गरेको ४ महिनापछि जिल्ला विकास समितीबाट लहँ गाविसको सामाजिक सुरक्षाको हिसाब पायौं । त्यस्तै जिल्ला विकास समितिबाट ३ वर्ष अघिदेखि सूचनाको हक प्रयोग गरी सूचना मागेका थियौ तर मागबमोजिम सूचना पाउन सकिएको थिएन । पाएको सूचना हामीले दुर्गम गाउँ बस्तीहरूमा बसोबास गर्ने नागरिकहरूको नाममा राज्यले दिएको सेवा सामाजिक सुरक्षाको रकम यसरी कागजमा भुक्तानी भएको थियो भनि हेरेका थियौं। पाएको सूचनाबाट लहँ गाउँ विकास समितिका विभिन्न बस्तीमा बस्ने मानिसहरूको नाममा यसरी रकम निकासा भएको खल्यो । तपसिलका व्यक्तिको नाममा यसरी रकम निकासा भएको थियो ।

लहँ वडा नं. ५, बाउसेखोलाका बले बोहराको मृत्यु भएको २४ वर्ष भैसक्यो । वडा नं ४ की सेती देवी रावल र २, पिउलीका जमे कामीको मत्यु भएको ७ वर्ष वित्यो। त्यस्तै ७ का च्यारी जैसी र ८ का भुटे दमाईको मृत्यु भएको ५ वर्ष बित्यो। १ का मोतीकला पुन, ४ का हीरा रावल, ३ का आशिराम खत्री, ७ की समुद्री खत्री र २ का जसुन्ते कामीको मृत्यु भएको तीन वर्ष नागेको छ। तर यिनीहरू सबैका नाममा वार्षिक ६ हजारका दरले सामाजिक सुरक्षा भत्ता गाविसका कर्मचारीहरूले कागज मिलाएर खानेगरेका रहेछन्।

त्यसैगरी लहँ - २ मा चन्द्रकला थापा, ३ मा रेखा थापा, दीपा खत्री, ४ मा सिता सिंह, कर्णबहादुर खत्री, सुनकुवारा रावल, दानी रावल, काले कामी, सुशीला रावल, ५ मा

कलु बोहरा, नरबहादुर खड्का, रतिदेवी खड्का, सार्की कामी, वैशाखी चनारा, तिर्षा बादी, ६ मा दीपा रावल, दलबहादुर शाही, दानीदेवी वली, ८ मा पहलबहादुर शाही, मालती सिंह, नन्दकुमारी सिंह, खले महतारा, जैसरा शाही, ९ मा दलबहादुर वली, कोइली खड्का लगायतका व्यक्तिको नाम भएको कोही गाउँमा नै कोही छैनन् । लहँ गाउ विकास समितिमै नभएका उनीहरू लगाएत ५० जना बढीको नाममा ज्येष्ठ नागरिक, दलित ज्येष्ठ र एकल महिला भत्ता खर्च भएको कृते भर्पाइ बनेको पाइएको छ। मृत्यु भएका र गाउँमा हुँदै नभएका व्यक्तिको नाममा कृते भर्पाइ गरेर गाविस सचिव दीपक सुनार र लेखा सहायक खमान सिंहले सामाजिक सुरक्षा भत्ता घोटला गरेको थियो ।

लहँ-२ की दलित ज्येष्ठ कस्तुरी विक र धनजित कामी, ४ का ज्येष्ठ नागरिक पृथीबहादुर खत्री, गंगाराम गौतम, जसुदा गौतम, एकल महिला पम्फा रावल र ३ की योगमाया गौतमले हालसम्म उक्त भत्ता नै पाएका छैनन् । उनीहरूका नाममा भने बर्सेनि भत्ता निकासा भैरहेको छ । सरकारले वृद्धभत्ता बाड्छ भन्छन्, तर हालसम्म भत्ता त के परिचयपत्र पनि पाउन नसकेको कस्तुरी विकले बताउनुभयो । पटक-पटक भत्ता मागियो, गाविसका कर्मचारीले आएको छैन भन्दै टार्ने गरेका छन् । कर्मचारीले भने उनीहरूका नाममा सामाजिक सुरक्षा भत्ता वितरण गरेको भर्पाइ जिल्ला विकास समितिमा पेस गरेका छन् ।

जिल्ला विकास समितिले लहँ गाविसका २ सय ७४ दलित बालबालिकाको नाममा मासिक २ सयका दरले बाल संरक्षण भत्ता निकासा दिने गरेको छ। तर, बालबालीकाले वर्षमा २ सय पनि नपाएको अभिभावकहरूले गुनासो गरेका थिए । गाविसका कर्मचारीले १ सय जनालाई पनि भत्ता वितरण नगरेको खुलासा भएको छ। यसरी वृद्धवृद्धा, एकल महिला र बाल संरक्षण अनुदान भत्ताका नाममा बर्सेनि लाखौं घोटाला हुँदै आएको खुलासा भएको छ ।

यसअघि ढिमे र भगवती गाविसमा पनि मृत्यु भएका, हुँदै नभएका व्यक्तिका नाममा सामाजिक सुरक्षाभत्ता खर्च हँदै आएको खुलासा भएको थियो । ढिमे, भगवती र लहँमा भेटीएका यिनीहरू प्रतिनिधि मात्र हुन् । जिल्लाका ३० वटै गाविसका सचिव तथा कर्मचारीले बर्सेनि यस्तै नक्कली भर्पाइ बनाएर सामाजिक सुरक्षा भत्ताको दुरुपयोग गर्दै आएका छन् । ती कर्मचारीको मृत्यु भैसकेका, गाउँमा हुँदै नभएका, अन्यत्र विवाह भैसकेका र दोहोरो तथा तेहोरो नाममा नक्कली भर्पाइ बनाउँदै रकम हिनामीना गर्ने गरेको स्थानीयको भनाइ छ । एउटै व्यक्तिले सयौं ल्याप्चे तथा हस्ताक्षर गरेको प्रष्टै देखिन्छ, उनले भने । गाविसमा सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धित गाविस सचिव र लेखा सहायकले दुरुपयोग गर्ने गरेको स्थानीयको भनाइ छ।

एउटा गाविसमा दसौं लाख भ्रष्टाचार हुन्छ भने जिल्लाभरका गाविसबाट हरेक वर्ष करोड बढी रकम दुरुपयोग हुने गरेको अनुमान गर्न सकिन्छ। वर्षौंसम्म मृतकको मृत्यु दर्ता नगर्ने र लगत नकाट्ने, दोस्रो विवाह गरेका महिलालाई एकल महिलाको सूचीबाट नहटाउने, नभएकाको नाममा भर्पाइ बनाउने, हचुवाको भरमा परिचयपत्र बनाउने र गलत विवरण जिविसमा पेस गर्ने र ती व्यक्तिका नाममा निकासा भईआएको रकम कर्मचारीले खल्तीमा हाल्ने र मागेको सूचना जनतालाई सजिलै नदिने गर्दा घोटाला हुने गरेको हो । जिल्ला विकास समितिबाट

निकासा भएको ६ महिना वित्दा पनि गाविस सचिवले भत्ता वितरण नगरेको भेटिएको थियो । गाविसका कर्मचारीले सामाजिक सुरक्षाको रकम अन्यत्र लगानी गरेर थप मुनाफा लिने गरेको समेत पनि विगतमा पाइएको थियो ।

सरोकारवाला निकायबाट अनुगमन, निरीक्षण र नियमन हुन नसक्दा मागेको सूचना सजिलै नदिँदा मनोमानी रकम हिनामीना भएको हो । गाविसमा आएको सामाजिक सुरक्षाको रकम व्यापक दुरुपयोगमा गाविसमा आउने दलित, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग, दलित बालबालिकाका लागि आउने रकमको केही वर्ष अघिदेखि दुरुपयोग भइरहेको छ । गाविसका तत्कालीन सचिबहरू लमबहादुर खड्का, शंकर ढकाल, द्रोण पौडेल, दिपक सुनारको पालादेखि दुरुपयोग हुँदै आएको छ ।

जिल्ला विकास समितिले समयमा अनुगमन नगर्दा सरकारी रकम दुरुपयोग हुने गरेको छ । जिल्लाका २ हजार दलित ज्येष्ठ, २ हजार ८ सय अन्य ज्येष्ठ, ४ हजार एकल महिला, ३ सय ५० अपाङ्ग र १० हजार दलित बालबालिकालाई सरकारले सामाजिक सुरक्षा भत्ताबापत ८ करोड खर्च गर्ने गरेको छ । जिल्ला विकास समितिको कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी तथ्यांक एकिन गर्न नसक्दा बर्सेनि यो रकममा घोटाला हुने गरेको हो ।

## सूचना सार्वजनिक भएपछिको अवस्था

यो माथिको सबै सूचना साप्ताहिक पत्रिकामार्फत घरघरमा पुऱ्याएपछि गाविस सचिवलाई गाउँलेहरूले नै बहिष्कार गरेका थिए । अहिले जनताले पनि सूचना माग गर्न थालेका छन् । जनताको आवाज बस्ती-बस्तीबाट उठ्दै गरेको पाइन्छ । नपढेका मान्छेहरूले पनि सूचना माग गर्न थालेका छन् । विभिन्न मिडियामार्फत सार्वजनिक गर्दा स्थानीय मन्त्रालयको एक अनुसन्धान टोलि लहँ गाविसमा एक हप्ता बसेर सबै वडामा अनुसन्धान गरेको थियो । त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अनुसन्धान गरेको थियो । अनियमित गर्ने गाविस सचिवहरू कारबाहीको दायरामा तानिएको जिल्ला विकास समितिले जनाएको छ ।

गाविसमा १ सयभन्दा बढी बालबालिका गाउँमा नै नभएका नामहरूमा समेत रकम निकासा गरिएको भेटिएको छ । धेरै जनाले सामाजिक सुरक्षाको रकम समयमा पाउन थालेका छन् । १७-१८ वर्षसम्म सदरमुकाममा बस्दै आएको गाविस कार्यालय गाविसमा नै सरेको र नियमित बस्ने गरेको छ । गाविसमा हुने जन्म, मृत्युजस्ता कार्य अद्यावधिक गर्ने गरिएको छ । गाविसले प्रभाह गर्ने सूचना सयममा दिने गरेको छ । वार्षिक ३० लाख सामाजिक सुरक्षामा मात्र आउने रकममा २० लाख जति घोटाला हुने गरेको रहेछ, अहिले त्यो रकम राज्य कोषमा फिर्ता भएको छ । यसले गर्दा अन्य गाविसहरूले पनि सूचना दिने गरेका छन् ।

# सिद्धार्थनगरमा लाखौं फछ्र्यौंट बाँकी

**- रामविकास चौधरी**

**भैरहवा ।** सिद्धार्थनगर नगरपालिकाको लापर्वाहीका कारण वर्षौंदेखिको लाखौं पेसकी रकम फछ्र्यौंट हुन बाँकी देखिएको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ प्रयोग गरेर मागिएको सूचनामा यो तथ्य खुलेको हो ।

बिगत लामो समयदेखि पेसकी लिई फछ्र्यौंट नगर्नेहरूमा बिभिन्न दलका नेता-कार्यकर्ता, संघ संस्था तथा नगरपालिकाकै कर्मचारी पदाधिकारीहरू छन् ।

प्राप्त सूचनाअनुसार २०४२ सालदेखि हालसम्म कुल ४२ जना व्यक्तिहरूले ५ लाख १३ हजार २ सय ७० रुपैयाँ २२ पैसा पेसकी फछ्र्यौंट गर्न बाँकी छ । यसरी सबभन्दा कम पेसकी लिई फछ्र्यौंट नगर्नेमा भैरहवा क्याम्पस रहेको छ भने सबैभन्दा बढी पेसकी लिई फछ्र्यौंट नगर्नेमा नेपाल विद्युत् प्राधिकरणको भैरहवा शाखा रहेको छ । भैरहवा क्याम्पसले रु. चौध सय तथा नेपाल विद्युत् प्राधिकरण भैरहवा शाखाले रु.६० हजार रकम फछ्र्यौंट गरेका छैनन् ।

त्यसैगरी नगरपालिकाका कर्मचारीले ३४ हजार १३ रुपैयाँ १६ पैसा, पदाधिकारीले २ लाख १६ हजार ७१ रुपैयाँ ९ पैसा तथा अन्यले २ लाख ६३ हजार १ सय ८५ रुपैयाँ ९७ पैसा पेसकी फछ्र्यौंट गर्न बाँकी देखिएको छ । नगरपालिकाले प्रथम पटक २०६९ साल असोज महिनाको २२ गते तथा देस्रो पटक २०७१ साल असार महिनाको १७ गते तथा तेस्रो पटक २०७१ माघ महिनाको २७ गते सम्बन्धित सबैमा ताकेता पत्र समेत पठाएको देखिएको छ ।

नगरपालिकासँग यस विषयमा माग गरिएको सूचनामा यो तथ्य पाइएको हो । उक्त पेसकी रकम असुलउपरका लागि गरिएको ताकेतापत्र समेत राखिएको छ सूचना हालैमात्र उक्त नगरपालिकाले उपलब्ध गराइएको छ । ताकेता पत्रमा पेसकी फछ्र्यौंट का लागि अनुरोध गर्दै पत्र पाएको ७ दिन भित्रै पेसकी फछ्र्यौंट नगराए 'पेसकी लिनेको नाम नामेसी स्थानीय पत्रपत्रिकामा प्रकासित गरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ नियम २०७ बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने' ब्योहोरा उल्लेख छ । तर सो नगरपालिकाका सूचना अधिकृतले पटक-पटक पत्राचार गर्दासमेत पेसकी असुल हुन नसकेको बताएका छन् ।

ताकेता पत्र पठाउँदा समेत अटेर गरि हालसम्म पेसकी फच्र्यौट नगर्ने माथि नगरपालिकाले असुलउपर गर्न अन्य कुनै कडा कारबाही प्रक्रिया अघि नबढाउनु नगरपालिकाको लापरवाही भएको पूर्वसभासद विनोद उपाध्याय बताउनुहुन्छ । तर, नागरपालिकाका कार्यकारी अधिकृत विष्णुदत्त गौतमले भने आफूहरू कारबाही प्रक्रियामा रहेको जानकारी दिनुभयो ।

सिद्धार्थनगर नगरपालिकामा सबभन्दा बढी समय नगरप्रमुख रही काम गरेका पूर्वनगर प्रमुख सागर प्रताप राणाको समेत पेसकी बाँकी रहेको देखिन्छ। उनी २०६१ सालमा गोष्ठीमा सहभागी हुन जापान जाँदा नगद नै फिर्ता गर्ने गरी लिएको ४९ हजार ५ सय ८१ रुपैयाँ ४५ पैसा पेसकी रकम उनको नाममा अहिले सम्मा बाँकी नै देखिन्छ। २०४१ सालमा माटो काट्ने कार्यबापत ठेकेदार मिठाईलाल गुप्ताले लिएको ४ हजार रुपैयाँ अहिलेसम्मा फछ्र्यौट हुन सकेको छैन। रेडियो नेपाल देखि नेपाल विद्युत् प्राधिकरण सम्माले नगरपालिकाको पेसकी फछ्र्यौट नगर्दा सो पेसकी रकम मौजुदा देखिएको छ।

प्राप्त सूचनाअनुसार २०४१ साल देखि हालसम्म कुल ४२ जनाले १० लाख १४ हजार २ सय ७० रुपैयाँ २२ पैसा पेसकी लिएकोमा प्राकृतिक निर्माण प्रा.लि.ले ५ लाख १ हजार, श्रीराम गुप्ताले ५ हजार तथा रामु यादवले ५ हजार फछ्र्यौट गरेपछि पनि अन्य ३९ जनाको पाँच लाख ३ हजार दुई सय ७० रुपैयाँ २२ पैसा फछ्र्यौट हुन बाँकी देखिन्छ। सूचनाको हकसम्बन्धी ऐन २०६४ प्रयोग गरेर मागिएको सूचनामा सो देखिएको हो।

नेपाल विद्युत् प्राधिकरण भैरहवा शाखाले दुई पटकमा रु.६० हजार रकम लिई फछ्र्यौट गरेको छैन। त्यसैगरी नगरपालिकाका कर्मचारीले २९ हजार १३ रुपैयाँ १६ पैसा, पदाधिकारीले २ लाख ११ हजार ७१ रुपैयाँ ९ पैसा तथा अन्यले २ लाख ६३ हजार १ सय ८५ रुपैयाँ ९७ पैसा पेसकी फछ्र्यौट गर्न बाँकी देखिएको छ।

# मनोजकुमारले पाए न्याय

**भैरहवा ।** जिल्ला मालपोत कार्यालय रुपन्देहीमा बिगत लामो समयदेखि रोक्का गरी राखेको सि.न.पा.१३, रुपन्देही बस्ने मनोजकुमार लोहारको बाबुको नाममा रहेको एक कठ्ठा पाँच धुर जग्गा आन्तरिक राजश्व कार्यालयले फुकुवा गरेको छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ प्रयोग गरी सूचना मागेपछि उनको सो जग्गा फुकुवा गरिएको हो ।

आन्तरिक राजश्व कार्यालयको च.न. २६५/०५/१६को पत्र अनुसार निवेदक मनोजकुमार लोहारका बाबु स्व.प्रदेशी लोहारको नाममा भुजौली गाबिस वडा नं. ७ मा रहेको कि.नं. ३९८ को सो जग्गा वर्षौंदेखि जिल्ला मालपोत कार्यालय, रुपन्देहीमा रोक्का थियो । के कति कारणले उनको बाबु प्रदेशीको नाममा रहेको सो जग्गा जिल्ला मालपोत कार्यालयमा रोक्का रहेको हो, उनलाई थाहा थिएन् । उनी जग्गा रोक्काबारे सोध्न कहिले मालपोत कार्यालय त कहिले आन्तरिक राजश्व कार्यालय धाउँदासमेत थाहा पाउन सकेका थिएन् ।

मानव अधिकार संरक्षण प्रवर्धन समिति रुपन्देहीका अध्यक्ष एवम् सूचनाको हकको अभियानकर्ता रामविकास चौधरीलाई २०७१ पुस १५ गते भैरहवास्थित एक चिया पसलमा भेटेपछि उनले सूचनाको हकबारे थाहा पाए । उनी त्यसको भोलिपल्टै आन्तरिक राजश्व कार्यालयमा रोक्काको कारणबारे सूचना मागको निवेदन दर्ता गराए । सुरु-सुरुमा आन्तरिक राजश्व कार्यालयले निवेदन दर्ता गर्न मानेको थिएन् ।

पछि सूचनाको हकका अभियानकर्ताले कार्यालय प्रमुखलाई सूचनाको हक ऐनबारे बुझाएपछि उनको सो निबेदन दर्ता गरिएको थियो । निवेदन दर्ता गरी खोजबिन गर्दा उनको सो जग्गा रोक्का गरी राख्नुपर्ने कुनै कारण नभेटेपछि आन्तरिक राजश्व कार्यालय भैरहवाले पुस २५ गते नै जिल्ला मालपोत कार्यालयको नाममा पत्र पठाएर जग्गा फुकुवा भएको हो ।

मनोजकुमार भन्छन्: 'सूचनाको हक ऐन कानुनले मलाई न्याय दिलायो, मलाई त यो ऐन मेरै लागि बनाईए जस्तो लाग्यो । मैले बाबु स्वर्गवास भएपछि उनको नाममा रहेको सो जग्गा के कति कारणले रोक्का गरिएको हो बुझ्न् धेरै प्रयास गरेको थिएँ तर सम्भव भएको थिएन । आज यो कानुनले मलाई न्याय दिलायो । हजारौं रुपैयाँ खर्चसमेत गरेँ तर बुझ्न् सकेको थिइन उनले भने । आखिर बिना कुनै कारण नै आन्तरिक राजश्व कार्यालयले उनको जग्गा रोक्का गरी राखेको रहेछ ।

# जिविस बागलुङमा करोडौं भ्रष्टाचार

- दिलीप पौडेल

**बागलुङ ।** कर्मचारीलाई अवकास दिँदा कार्यालयले के देला ? सम्मान पत्र, उपदान, या पेन्सन ? तर, यहाँको जिल्ला विकास समितिले सुनको पदक दिने गरेको तथ्य सार्वजनिक गरेको छ । जिल्ला विकास,बागलुङले १२ लाख २२ हजार ८ सय ५ रुपैयाँको सुनको पदकले सम्मान गरेको भेटिएको छ । जिल्ला विकास समिति, बागलुङले सञ्चालन गरेका विभिन्न योजनामा अपरादर्शी ढंगले रकम वितरण गरी भ्रष्टाचार भएको तथ्य सार्वजनिक भएको छ । यहाँका विभिन्न आयोजना अनियमितता भएको भन्दै अख्तियार अनुसन्धान आयोग र महालेखा परीक्षकले पनि छानबिन सुरु गरेको छ। सूचनाको हक प्रयोग गरी महालेखा परिक्षकको कार्यालयमा दिएको निवदेनबाट प्राप्त प्रतिवेदनमा आर्थिक वर्ष २०७०/०७१ मा नियमविपरीत रकमको दुरुपयोग गरेको उल्लेख भेटिएको हो ।

सार्वजनिक खरिद ऐनले ३५ लाखसम्मका कार्यक्रम मात्र उपभोक्ता समितिमार्फत गराउन पाइने भएपछि कर्मचारीको मिलेमतो र कमिसनमा १ करोड ३४ लाख ४ हजारको छिस्ती खानेपानी योजना उपभोक्ता समितिलाई दिएको छ । सो योजनामा अनियमितता भएको भन्दै अख्तियार अनुसन्धान आयोगले कागजात नियन्त्रण लिएर अध्ययन गरिरहेको छ। जिविसले नियमविपरीत १ सय ३५ जना व्यक्ति, ४२ वटा संस्थालाई १२ लाख १ हजार ८ सय ४ रुपैयाँ आर्थिक सहायता बाँडेको जनाइएको छ। केही योजनामा आवश्यक भन्दा बढि रकम पेसकी दिएको, आयोजनामा नियम नपुऱ्याइ भुक्तानी दिएको, लागतभन्दा बढीमा सम्झौता गरिएको, प्रशासनिक बजेटको सिमा नाघेर परिषद भत्ता र स्थानीय भत्ता वितरण गरेको भेटिएको जनलेखा परीक्षण मञ्चका अध्यक्ष तिलक सापकोटाले बताए ।

हुग्दिशिर मोटरेवल पुल र कुश्मीसेरा सर्कुवा मोटरेवल पुलका लागि करिब २९ लाख ६१ हजार ४ सय ३० रुपैयाँ बढी रकम पेसकी दिएको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम फ्रिज हुन नदिनको लागि नियमविपरीत १२ लाख ४६ हजार खर्च लेखी जिविसको खातामा जम्मा गरिएको, पाँच आयोजनालाई दिनुपर्ने भन्दा करिब दुई लाख रुपैयाँ बढी भुक्तानी दिएको, थालेपोखरा, चौबिसेटोला र भित्रीवन खानेपानी आयोजनामा लागत अनुमानभन्दा ४ लाख ९६ हजार ८ सय ७६ रुपैयाँ बढीमा सम्झौता गरिएको भेटिएको छ । योजनामा मात्र नभएर सामाजिक सुरक्षा भत्तामा पनि अनियमितता भएको भेटिएको हो । जिविसका कर्मचारीले प्रशासनिक बजेटको सिमा नाघेर परिषद् भत्ता र स्थानीय भत्ताका नाममा ३ लाख ५१ हजार ७ सय ४२ रुपैयाँ कर्मचारीलाई बाँडेको, राजस्व बाँडफाँडबाट प्राप्त रकम ४४ लाख नियमविपरीत प्रशासनिक कार्यमा खर्च गरिएको, बिल, भर्पाइ बेगर अनियमितत तबरबाट ४७ लाख ४१ हजार ८ सय ३९ रकम खर्च गरेको पाइएको छ ।

जिल्ला विकास समिति, बागलुङमा करोडौं रुपैयाँ बेरुजु छ । ३ करोड ६४ लाख रुपैयाँ बेरुजु भेटिएको छ । विगतमा धेरै रकम बेरुजु भएको स्थानीय विकास अधिकारी भरत गौतमले बताए । 'विभिन्न विषयमा कमजोरी भएको महालेखा परिक्षकले पनि औँलाएको छ,' गौतमले भने, 'अघिल्लो आर्थिक वर्षमा धेरै कमजोरी भेटिएका छन् ।' केही योजना परियोजनाको मापदण्डअनुसार नै भएको बताए । कर्मचारीलाई तक्मा दिने विषय भने परिषद्ले निर्णय गरेको गौतमले बताए । जिविसले मासिक रूपमा आन्तरिक लेखापरीक्षण, सामाजिक परीक्षण नगरिएको, आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको योजना कोलेनिकामा फिर्ता नगरेको र बजेट मात्र सक्नका लागि ४५.३४ प्रतिशत कार्य असारमा मात्र गरेको भेटिएको छ । अघिल्लो आर्थिक वर्षमा पुण्यविक्रम पौडेल बागलुङका स्थानीय विकास अधिकारी थिए । कर्मचारीले व्यक्तिगत प्रयोजनका लागि अनियमित तबरले ११ लाख ९३ हजार रुपैयाँको सामान खरिद गरेको र कर्मचारीले लिएको पेसकी पनि फछ्र्यौट भएको छैन ।

# सांसद विकासको पैसाले बाजा र भजन !

- पुष्प दुलाल

**काठमाडौं ।** एमाओवादी अध्यक्ष प्रचण्डलाई चुनाव हराउने काठमाडौं १० का कांग्रेस सभासद राजेन्द्रकुमार केसीले सांसद विकास कोषको पैसाबाट गणेमान सिंह स्मृति अध्ययन केन्द्रलाई कम्प्युटर खरिद गर्न तथा प्रशिक्षण दिनका लागि भन्दै ३ लाख ५० हजार रुपैयाँ दिए ।

कांग्रेस कार्यकर्ताले खोलेको अध्ययन केन्द्रलाई साढे ३ लाख दिएर मात्रै पुगेन, सभासद केसीले सोही संस्थालाई बाजागाजा किन्न र तालिम दिन भन्दै थप २ लाख ७६ हजार ५ सय रुपैयाँ दिए ।

यसो गर्दा सभासद केसीले पौने पाँच लाख रुपैयाँ विकास निर्माणमा नभई कार्यकर्ताको हितमा खर्च गरेको संसद सचिवायलको रेकर्डमा देखिएको छ ।

त्यसो त अघिल्लो आर्थिक वर्षमा पनि केसीले सञ्जयसिंह स्मृति प्रतिष्ठानलाई कार्यालय व्यवस्थापन र फर्निचर खरिदका लागि भन्दै २ लाख ३५ हजार रुपैयाँ दिएका थिए । सभासद केसीले सांसद कोषको रकम यसरी दुरुपयोग गरिरहे पनि उनीमाथि कतैबाट अनुगमन वा निगरानी भएको छैन ।

सभासद केसीले खसीबजारको एउटा क्लवका नाममा ब्याटमिन्टन कोर्ट निर्माणका लागि १ लाख रुपैयाँ खर्च गरेका छन् ।

सांसद कोषको रकम यसरी दुरुपयोग गर्ने वा आफ्ना नजिकका कार्यकर्तालाई पोस्ने कार्यमा केसी एक्ला सभासदचाहिँ होइनन् । अनलाइनखबरले काठमाडौंका १० वटै चुनाव क्षेत्रका सभासदहरूले गरेको निर्वाचन क्षेत्र विकास कोषको रकम विनियोजनबारे विश्लेषण गर्दा सबै सभासदले केही न केही गडबडी गरेकै देखिन्छ ।

काठमाडौं-९ का कांग्रेस सभासद ध्यान गोविन्द रञ्जितले श्रीमद भागवत सनातन धर्म संरक्षण समितिलाई सांसद विकास कोषको १ लाख रकम दिएका छन् । कांग्रेस कार्यकर्ताले खोलेको महिला दिदीबहिनी समूहलाई सभासद रञ्जितले २ लाख ५० हजार दिएका छन् ।

जागरण उपभोक्ता समूहको कूल पूजाका लागि सभासद रञ्जितले सांसद विकास कोषबाटै ८५ हजार रुपैयाँ दिएका छन् भने स्थानीय क्लबलाई फर्निचर किन्न १ लाख दिएका छन् ।

कांग्रेस सभासद रञ्जितले विकास निर्माणमा लगाउनुपर्ने सांसद कोषको रकमबाट बलकुमारी भजन मण्डललाई ५० हजार रुपैयाँ बाँडेका छन् ।

विकासका कुरा गर्ने कांग्रेस नेता एवं क्षेत्र नं ८ का सभासद नवीन्द्रराज जोशीले सांसद विकास कोषको रकमबाट लोकतान्त्रिक नेवा खलः नामक भ्रातृ सँगठनलाई बाजा र फर्निचर किन्नका लागि १ लाख १४ हजार १ सय २५ रुपैयाँ दिएका छन् ।

अघिल्लो आर्थिक वर्ष पनि सभासद जोशीले 'लोकतान्त्रिक सांस्कृतिक नेवा खलः' नामक संस्थालाई बाजा तथा फर्निचर किन्न भन्दै १ लाख रुपैयाँ दिएका थिए । बर्सेनि एउटै संस्थालाई जोशीले एउटै शीर्षकमा यसरी सरकारी ढुकुटी बाँड्दै आएका छन् ।

काठमाडौं क्षेत्र नं ३ का एमाले सभासद रामेश्वर फुँयालले लोकसेवाको तयारी कक्षा सञ्चालनका लागि बर्सेनि सांसद कोषको रकम खर्च गर्दै आएका छन् । जबकि लोकसेवाको तयारी नितान्त निजी प्रतिस्पर्धाको विषय हो ।

सभासद फुँयालले अघिल्लो आर्थिक वर्षमा सांसद कोषबाट लोकसेवाको तयारीका लागि चन्दै १ लाख २५ हजार निकासा गरेका थिए । यसवर्ष लोकसेवा प्रशिक्षण शीर्षकमा फुँयालले ५० हजार निकासा गराएका छन् ।

त्यस्तै सभासद फुँयालले मदन आश्रित स्मृति वाचनालयको भवन मर्मतका लागि १ लाख २७ हजार दिएका छन् । बाजा बजाउने तालिमका लागि डेढ लाख, महिला सामुदायिक भवन निर्माणका लागि १ लाख र क्लबको भवन बनाउन १ लाख लगायतका खर्चहरू फुयालँको चुनाव क्षेत्रमा गरिएका छन् ।

कानुनमन्त्री समेत रहेका काठमाडौं-५ का सभासद नरहरि आचार्यले सांसद कोषको रकम मखमलको जुत्ता बनाउने तालिम, सितारा भरेको ब्याग बनाउने तालिम, च्याउ खेती र पनिर बनाउने तालिम एवं ब्युटिसियन तालिम आदिमा खर्च गरेका छन् ।

सभासद आचार्यले पनि बाजा खरिदका लागि १ लाख ५ हजार खर्च गरेका छन् । क्लबको भवन बनाउन डेढ लाखसम्म खर्च गरेका छन् ।

स्थानीय विकास मन्त्रीसमेत रहेका काठमाडौं १ का सभासद प्रकाशमान सिंहले 'सर्वहित सामाजिक सेवा संस्था' नामक एनजिओका नाममा एकमुष्ट ४ लाख रुपैयाँ दिएका छन् ।

काठमाडौं २ का कांग्रेस सभासद दीपक कुइँकेलले विभिन्न महिला समूहका नाममा ६ लाखभन्दा बढी खर्च गरेका छन् । काठमाडौं-४ का गगन थापाले बाजा खरिदका लागि २ लाखसम्म खर्च गरेका छन् भने महिला समूहका लागि २ लाखभन्दा बढी खर्च गरेका छन् ।

# सरकारी टेन्डर हत्याउन रू. १ मा कम्प्युटर सामग्रीहरू

- अशोक दाहाल

**काठमाडौं ।** आजभोलि एक रुपैयाँमा के पाइएला ? एउटा क्यान्डी ? सायद । तर, सुन्दा पनि अपत्यारिलो लाग्ने, मुलुकका दुईवटा मन्त्रालयले किबोर्ड, माउस, सिएफएल बल्ब, वाई-फाई राउटर र धेरै त्यस्ता अरु सामग्रीहरूप्रति थान एक रुपैयाँमा खरिद गरिरहेका छन् ।

रिपब्लीकाले प्राप्त गरेको मूल्यसूचीअनुसार, गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बजार मूल्य जेसुकै भए पनि १ रुपैयाँ प्रति थानमा धेरै सामग्री खरिद गरिरहेका छन् । गत आर्थिक वर्ष २०७१/७२ मा यी दुवै मन्त्रालयले कम्प्युटर सामग्रीदेखि छातासम्म प्रतिथान रु. १ मा खरिद गरेका छन् ।

गृह मन्त्रालयले ८ थान वाईफाई राउटर, १० थान यूएसबी किबोर्ड र यूएसबी माउस, तथा धेरै थान प्रिन्टर कार्टिज बी एन्ड बी ट्रेडर्सबाट प्रतिथान रु. १ मा किनेको छ । मन्त्रालयका लागि सामान आपूर्तिकर्तामा सूचीकृत हुनकै लागि ठूलो नोक्सानी बेहोरेको आपूर्तिकर्ताले प्रति थान रु. १ मूल्य राखेर ३९ किसिमका वस्तु आपूर्ति गर्नेगरी सम्झौता गरेको थियो ।

यसैगरी, मन्त्रालयले यसै वर्ष ५० थान छाता, २० थान रेनकोट, ५५ थान थर्मस तथा विद्युत् केबलहरू समेतका ६३ किसिमका सामग्रीहरू प्रति थान रु. १ मा खरिद गरेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मार्केटिङ लाइन इन्क, कोटेश्वरबाट १५ थान सिएफएल बल्ब, २० थान ट्युब लाइट, तीन थान इलेक्ट्रिक केटल, १५ सेट कप, मग, माउस, झाडु र अन्य धेरै किसिमका स्टेशनरी सामग्री प्रतिथान रु. १ मा किनेको छ ।

यो विषयको सूचना मन्त्रालयहरूले सिन्धुपाल्चोकका दानबहादुर कार्की र धनकुटाका नोदनाथ त्रितालालाई उपलब्ध गराएका थिए । चालू आर्थिक वर्षमा यी मन्त्रालयहरूले खरिद गरेका सामग्रीहरूको विस्तृत विवरण उपलब्ध गराउन सूचनाको हक ऐनको प्रयोग गर्दै उनीहरूले माग गरेका थिए ।

"एक रुपैयाँमा सामान उपलब्ध गराउँदा हामीलाई घाटाबाहेक केही हुँदैन । तर, हामीले मन्त्रालयको टेन्डर प्राप्त गर्न मात्र सबैभन्दा कम मूल्य दिएका हौं किनभने बजारमा ज्यादै कडा प्रतिस्पर्धा छ र हामी हाम्रा नियमित ग्राहक गुमाउन चाहन्नौ," बी एन्ड बी ट्रेडर्स, घट्टेकुलो, काठमाडौंका एकजना कर्मचारी ईश्वर जोशीले बताए ।

तर, मन्त्रालयका अधिकारीहरू र आपूर्तिहरूले रु. १ मूल्यमा सामान उपलब्ध गराउने कुरा सरकारी कार्यालयसम्मको पहुँच स्थापित गर्ने विधि मात्र रहेको दाबी गर्छन् । "आपूर्तिकर्ताहरूले केही सामान

रु. १ मा उपलब्ध गराउँछन् र पछि बढी मूल्यमा अरु सामान बेच्छन्," सूचीकृत हुन नसकेका एकजना आपूर्तिकर्ताले नाम नबताउने शर्तमा बताए ।

गृह मन्त्रालयका प्रवक्ता लक्ष्मीप्रसाद ढकालले मन्त्रालयले आर्थिक ऐन तथा सार्वजनिक खरिद ऐन अनुरूप सामग्रीहरू खरिद गरिएको बताए । "हामी पनि रु. १ मा सामान आपूर्ति गरेको कुराबाट आश्चर्यचकित छौं," ढकालले रिपब्लीकालाई बताए । "टेन्डरमा छनोट भइसकेपछि अन्य सामान आपूर्ति गरेबापत उनीहरूले बढी आम्दानी गरिरहेका हुन सक्छन् ।"

बी एन्ड बी ट्रेडर्सका कर्मचारी जोशी पनि आपूर्तिकर्ताहरूले टेन्डरमा समावेश नभएका वस्तुहरू आपूर्ति गरेर ठूलो आम्दानी गर्ने गरेको स्वीकार्छन् । "कतिपय सामानको मूल्य धेरै गुणा बढी हुन्छ, त्यसरी आपूर्तिकर्ताहरूले अन्य सामान बेच्दा भएको घाटा उठाउँछन्," जोशी भन्छन् ।

सप्लायर्स एसोसिएसनका अध्यक्ष नवीन चौलागाईंका अनुसार, आपूर्तिकर्ताहरूमाथि एक पक्षीय रुपमा आक्षेप लगाउन मिल्दैन । "यस्तो परिस्थिति सरकारी कर्मचारीहरूको सहभागिता बेगर सम्भव नै छैन," उनले बताए ।

# बाँकेमा सूचना हक: नागरिकतादेखि उपदानसम्म

- राकेश मिश्र

**बाँके ।** बाँकेको इन्द्रपुर गाविसमा कार्यालय सहयोगी पदमा कार्यरत गोमती नाउँले केही समयअघि आफ्नो सेवाबाट अनिवार्य अवकाश पाए । तर, उनले आफूले पाउनुपर्ने उपदान नपाएपछि सूचनाको हकको प्रयोगले मात्र यो रकम पाउने भएका छन । इन्द्रपुर गाविस- ९ बस्ने उनी बाँके जिल्लाको इन्द्रपुर गाविस कार्यालयमा पियन (कार्यालय सहयोगी) पदमा अस्थायी रूपमा कार्यरत रहँदै आएकोमा विसं २०६४ को माघ १ गतेदेखि सोही पदमा स्थायी नियुक्ति पाई सेवा गर्दै आएकोमा उमेरको हदको कारण २०७० सालको मंसिर १८ गतेदेखि अनिवार्य अवकाश पाएका हुन् । यस पदमा स्थायी सेवा अवधि ६ वर्ष कार्यकाल भएकोले स्थानीय स्वायत्त शासन ऐन र नियमअनुसार आफूले पाउने उपदान रकम र सञ्चित घर बिदा १३२ र आधा दिन र बिरामी बिदा साढे ६२ दिनको रकम काहिले र कसरी पाउने हो भनेर २०७१ साल माघ १५ गते नेपालगन्ज उपमहानगरपालिका कार्यालयसँग सूचना माग गरेका थिए ।

सूचना मागिएपछि नगरपालिकाले उपदान दिने व्यवस्था रहेको बारेमा जानकारी दिएको छ । नाउँले उपदान दिने व्यवस्था भएपछि आफूले पाउनुपर्ने उपदानको रकम पाउने भएका छन् । त्यसका लागि आवश्यक प्रक्रिया अघि बढीसकेको जानकारी उनले दिए । अवकाश पाएपछि उपदान लिनका लागि उनलाई निकै समय लागेको थियो । उनलाई यसरी अनावश्यक रुपमा झुलाएपछि उनी सूचना अधिकार केन्द्र बाँकेको सम्पर्कमा आए र सूचना माग गरेका थिए । सो रकम पाउने बारेमा प्रक्रिया अघि बढेको जानकारी उनले दिएका छन् । अब प्रक्रिया अघि बढेको छ र केही दिनमै तपाईंले पाउनुपर्ने उपदानको रकम पाउनुहुन्छ भनी कार्यालयका हाकिमले मलाई भन्नुभएको छ, नाउँले बताए ।

## जडान भयो बिजुली

सूचनाको हकले विद्युत् लाइन जडान भएको बाँकेकै अर्को एउटा घटना छ । बाँके जिल्लाको इन्द्रपुर गाविस करमोहना गाउँका रहमत खाँको घरमा विद्युत् लाइन काटिएर आपूर्ति बन्द भएको बेला विद्युत् प्राधिकरण कार्यालय बाँकेमा भन्दा त्यस कार्यालयका कर्मचारीले पैसा मागेका उनी बताउँछन् । विद्युत्का कर्मचारीले २०७१ असोज ११ गते लाइन जडानका लागि पैसा मागेका थिए । पैसा माग्दा खाँ निराश भएर सरकारी कामका लागि पनि पैसा दिनुपर्छ भने चिन्तित बनेका थिए । २०७१ असोज १२ गते अन्तर्राष्ट्रिय थाहा अधिकार दिवसको अवसरमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले सञ्चालन गरेको नागरिक सहायता शिविरमा उनी आई आफ्ना समस्या बताए । पछि सूचनाको हक प्रयोग गर्न सुझाव दिएपछि उनी विद्युत् कार्यालयका कर्मचारीलाई सो विषयमा सूचना माग्ने बताए । उनकाअनुसार उक्त कार्यालयका कर्मचारीसमक्ष आफूले सूचनाको हक प्रयोग गरी लाइन जडान नगर्नुको कारण मागे । सो सूचना मागपछि उनको घरमा विद्युत् लाइन जडान गरि सेवा सुचारु गरिएको जानकारी उनले दिएका छन् ।

## वर्षाले पाइन् नागरिकता

सूचनाको हकले एक युवतीले आमाको नामबाट नागरिकता प्राप्त गरेकी छिन् । बाँके जिल्लाको बागेश्वरी गाविस वडा नं.-२ की वर्षा शर्माले आफ्नो आमाको नामबाट नागरिकता नपाएपछि प्रतिवादी जिल्ला प्रशासन कार्यालय बाँके समेत भएको परमादेश मुद्दाको मिति २०७१ मघ १४ गते पुनरावेदन अदालत नेपालगन्जबाट नागरिकता प्रदान गर्नुभनी फैसला भएको थियो । तर फैसला भएको लामो समय बितिसक्दासमेत नागरिकता नपाएपछि सूचना अधिकार केन्द्र बाँकेको परामर्शपछि उनले २०७१ चैत २३ गते जिल्ला प्रशासन कार्यालयमा आफूले कुन मितिमा आमाको नाउँबाट नागरिकता पाउँछु भनि सूचना माग गरिन् । पछि उनले २०७२ वैशाख १३ गते नागरिकता पाएकी हुन् । उक्त सूचनाको जानकारीसँगै उनले आफूले आमाको नामबाट नागरिकता पाएको जानकारी दिएकी छिन् ।

वर्षौंदेखि नागरिकता नपाएपछि सार्वजनिक सरोकारको विषय भन्दै नेपालगन्जका कानुन व्यवसायीहरूको एक समूहले पुनरावेदन अदालतमा रिट दायर गरेको थियो । अदालतको फैसला भएपनि सम्बन्धित निकायले कार्यान्वयन नगरेपछि उनले सूचना माग गरेकी थिइन् । सूचना माग्नुका साथै सो विषयमा सूचना र मानवअधिकार अनुसन्धान केन्द्रका अध्यक्ष अभिवक्ता विश्वजित तिवारी, कार्यक्रम संयोजक राकेशकुमार मिश्र, सूचना अभियन्ता अधिवक्ता वलबहादुर चन्द, अधिवक्ता सुनिल श्रेष्ठ र सूचना मागकर्ता वर्षा शर्माको टोलीले प्रमुख जिल्ला अधिकारी वेदप्रकाश लेखक र प्रशासकिय अधिकृत तथा सूचना अधिकारी विष्णु सहानीसँग छुट्टाछुट्टै छलफल गर्दा आवश्यक प्रक्रिया पुऱ्याई नागरिकता दिने आश्वासन दिनुभएको थियो ।

यसरी शर्माले सूचना मागेकै कारण नागरिकता प्राप्त गरेकी हुन् । सानै उमेरमा बाबुको मृत्यु भएको र नागरिकतासमेत नबनाएकाले नागरिकता बनाउन समस्या भएपछि आमाको नामबाट नागरिकता लिनका लागि सूचनाको हक र कानुनी प्रक्रिया रोजेको सूचना मागकर्ता शर्माले बताइन् । नागरिकता नपाएपछि हासिल गरेको शिक्षा व्यर्थ जाने भन्दै निराश बनेकी शर्माले नागरिकता पाएपछि खुशीसमेत भएकी छिन् ।

## काम बन्यो राम शोहरतको

बाँकेको मटेहिया-२ का राम शोहरत तिवारीले सूचनाको हकको प्रयोग गरी जीर्ण भएको जग्गा धनी श्रेस्ता तथा फिल्ड बुक नया प्राप्त गरेका छन । उनले जिल्ला मालपोत कार्यालय बाँकेमा रहेको श्रेस्ताको संरक्षण गर्ने जिम्मेवारी कसको हो ? श्रेस्ता जीर्ण भएको अवस्थामा फाटवाला जिम्मेवार हो होइन, श्रेस्ताको संरक्षण गर्नका लागि प्रत्येक वर्ष के कति बजेट छुटाइन्छ ? मेरो श्रेस्ता जीर्ण भएको छ सो को फिल्डबुक समेतको कागजातको नक्कल लाग्दाको खर्च कसले दिने हो सोको विवरण सहितको सूचना माग गरेका थिए । उनले मिति २०७१ फागुन ३ गते निवेदन दर्ता गराएपछि आवश्यक प्रक्रिया तत्काल सुरु भएको हो । कार्यालयमा जीर्ण भएको जग्गा धनी श्रेस्ता प्राप्त गर्न धरै झण्झटिलो र वर्षौंसम्म लाग्ने भएपछि तिवारीले त्यसका लागि करिब ५० पटक कार्यालयमा जादा वास्ता नगरेको र पछि आउनुहोला भनेर फर्काउँदै गर्दा सूचना अधिकार केन्द्र बाँकेको पहलमा सो सम्बन्धमा सूचना माग गरिएपछि आवश्यक प्रक्रिया अघि बढेर एक महिनाभित्रै जग्गाधनी श्रेस्ता प्राप्त गरेका छन । दिनहुँ धाउँदासमेत काम नभएपछि सूचना अधिकार केन्द्र बाँकेसँगको सम्पर्कमा आएर सूचनाको हकको प्रयोगले तत्काल समस्या समाधान भएपछि केन्द्रलाई धन्यबाद दिँदै खुसी व्यक्त गरेका थिए ।

# फजुल खर्चको यो नमुना !

- मुक्तिनाथ भुसाल

**अर्घाखाँची ।** विकास-निर्माणको कामका लागि राज्यले विदेशीको मुख ताक्नु परिरहेको अवस्थामा कैयन् सरकारी निकायका कर्मचारी भने दिल फुकाएर खर्च गर्न उद्धत देखिन्छन् । अर्घाखाँची जिल्लाको आवधिक जिल्ला विकास योजना निर्माण गोष्ठी लुम्बिनीमा गर्नुले पनि यो कुरालाई सावित गरेको छ ।

अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा रहेको जिविस सभाहल पश्चिम नेपालकै सबैभन्दा महँगो र आकर्षक मानिन्छ । सोही जिल्लाको जिविस गोष्ठी भने उक्त सभाहललाई तिरस्कार गर्दै सम्बन्धित अधिकारीहरूले लुम्बिनीमा आयोजना गरे ।

वि.सं. २०७१ मंसिर १३ गते शौचालय निर्माण कार्य पूरा नहुँदै किर्ते फाइलको आधारमा उपप्रधानमन्त्री प्रकाशमान सिंहलाई झुक्याएर जिल्लालाई खुला दिसामुक्त घोषणा गरी स्थानीय विकास अधिकारीले हरिप्रसाद ज्ञवाली नै यसरी फजुल खर्च गराएका हुन् ।

राष्ट्रिय योजना आयोगका उपसचिव जगन्नाथ अधिकारी, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव सोमलाल सुवेदी, सभासद टोपबहादुर रायमाझी, दुमनसिंह थापा, नेपाली कांग्रेसका जिल्ला सभापति कमल भुसाल तथा सचिव वाशुदेव आचार्य, एमाले नेता तथा पूर्व जिल्ला सभापति पिताम्बर भुसाललगायतका व्यक्तिहरू काठमाडौंबाट प्लेन र कारमा सवार भई उक्त गोष्ठीमा सरिक भएका थिए ।

लुम्बिनीको महँगो बुद्धमाया गार्डेन होटलको सभाहल बुक गरेको जिविस अर्घाखाँचीले होटल स्तुपामा १८ र शाक्य होटलमा २२ वटा कोठा थप बुकिङ गरेको थियो । सभा हलका लागि दैनिक सोह्र हजार र दुवै होटलका प्रतिकोठा प्रतिदिन दुई हजार पाँच सयका दरले तय भएको होटल सञ्चालक सन्तोषको कथन छ । उनका अनुसार गोष्ठीका सहभागीहरूको प्रतिछाक खानाको चार सय परेको थियो भने उक्त गोष्ठीमा सहभागी हुने ८३ जनाको नाम उपलब्ध गराइएको थियो । जिविसले उपलब्ध गराएको सहभागीहरूको नाम अनुसार सरकारी र अर्धसरकारी कार्यालय तथा संघ-संस्थाबाट ५६ जना र बाँकी २७ जनामा राजनीतिक दल एवम् सञ्चारकर्मीहरू रहेका थिए । सूचनाको हकसम्बन्धी ऐनको प्रयोग गरी माग गरिएका सूचनाका आधारमा हेर्दा यति सामान्य कार्यक्रमका लागि पनि यत्रो ठूलो तामझाम गरिएको र फजुल खर्च गरिएको स्पष्टै देखिन्छ ।

जिविसका अठार कर्मचारी कार्यालय नै रित्याएर लुम्बिनी पुगेका थिए । करिव पाँच सयभन्दा बढी व्यक्ति अटाउने क्षमता भएको आफ्नै सभाहल र प्रचुर पर्यटकीय सम्भावना बोकेको अर्घाखाँचीलाई सो कार्यका लागि उपयुक्त नठानी करिब १ सय ५५ किलोमिटर टाढा लुम्बिनी पुगेका एलडीओ ज्ञवालीले पक्कै पनि राजधानीबाट आउनेहरूको हवाई टिकट र साँझको खाजापानी खर्चबाट छुट्करा पाए होलान् भन्न नसकिने जिल्ला सदरमुकामका एक प्रबुद्ध नागरिकले टिप्पणी गरे ।

सदरमुकामवासीको आँखामा छारो हाल्नका लागि सबैजना बसमा जाने भन्ने भ्रम दिएर लु १ ख ८२८८ नम्वरको बसलाई एकतर्फी भाडा रु. १५ हजारमा तय गरी लुम्बिनी पुऱ्याइएको भए पनि त्यसमा १८ जनामात्रै सवार रहेका थिए। राजनीतिक दल तथा कार्यालयका प्रमुख, प्रतिनिधिहरू बा १ भ ८४४४, ८८९९, ५८०, ५८५४, ५३२३, ६९३८, वा २ भ ५८२ तथा वा १ ञ १९११ र ६६.१ (०७५४ यूएनलगायतका नौ वटा सरकारी तथा अर्धसरकारी गाडीमा लुम्बिनी पुगेका थिए। 'यसरी गोष्ठीको लागि लुम्बिनीमा गरिएको खर्च जिल्लाभित्रै गरिएको भए स्थानीय ब्यापार फस्टाउने र होटल क्षेत्रमा लगानी बढाउन प्रेरणा मिल्ने थियो,' एक सहभागीले टिप्पणी गरे।

यसप्रकार जिल्लाको कार्यक्रम बनाउनका लागि प्रत्येक गाविसवाट फिडब्याक लिई क्षेत्रगत गोष्ठी सञ्चालन गरी दुई वा चार गाविसका जनचाहना र सम्भावनाबारे बृहत् छलफल चलाएर विकासका लागि राजनीतिक समन्वयको संयन्त्र विकास गरी तदनुरुप विकासका योजना बनाउनुको साटो केन्द्रमा बसी चुनावताका जिल्ला फर्कन असफल नेता र केही व्यक्तिलाई साक्षी राखिएको कारण प्रक्रियागत रूपले मात्रन भई सैद्धान्तिक हिसाबले पनि गलत भएको देखिन्छ। स्थानीय नागरिकबाट स्वामित्व ग्रहण नगरिने यस्ता हावादारी विकास योजनाको कार्यान्वयन नहुने तथा प्रतिफलसमेत प्राप्तगर्न सकिनेमा पूरै शङ्का गरिएको छ।

# सूचना माग गर्दा एक महिनामै साढे तीन करोड बेरुजु फछ्र्यौट

- लक्ष्मण ढुंगाना

सूचना माग गरेपछि बर्दियामा एक महिनाको अवधिमा साढे ३ करोड बेरुजु फछ्र्यौट भएको छ। जिल्ला विकास समितिको कार्यालय बर्दियामा व्यापक बेरुजु बढेर त्यसको फछ्र्यौट हुन नसके पछि पेसकी लिएर फछ्र्यौट नगर्नेहरूको नामावलीसहित बेरुजुको विवरण माग गरिएको थियो ।

सूचना माग गरेपछि जिविसले सूचना प्रकाशित गरी बेरुजु फछ्र्यौट अभियानकै रूपमा अगाडि बढाएको छ। स्थानीय विकास अधिकारी डील्लीराम सिग्देलले लामो समयदेखिको बेरुजु फछ्र्यौट अभियानकै रुपमा अगाडि बढाएको बताए ।

पेसकी फछ्र्यौट नगर्नेहरूमा गाविसलाई वितरण गरेको सामाजिक सुरक्षा भत्ता, निर्वाचन क्षेत्रमा प्रयोग गरिएको शांसद विकास कोषको रकम, स्थानीय निकायका पदाधिकारी, पूर्व सभापति, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, संसद सम्पर्क एकाइ कार्यालय लगायतका छन् ।

आ.व. ०६७/०६८ सम्म निर्वाचन क्षेत्र विकासका नाममा विभिन्न सभासद तथा पूर्वसभासदहरूले योजनाको सिफारिस गर्दै कार्यकर्ताको नाममा ४० लाख रुपैयाँ लगी फछ्यौट गरेका थिएनन ।

दुई दशक अघिदेखि आ.व. २०७०/०७१ सम्म १४ करोड ७९ लाख ६ सय ५५ रुपैयाँ पेसकी लिएर फ्छ्यौट नगर्दा सरकारी रकमको दुरुपयोग बढेको भन्दै ०७१ पुस २४ गते पेसकी लिनेको नामावली सहित बेरुजुको विवरण माग गरिएको थियो । जिल्ला विकास समिति बर्दियाले ०७१ माघ २३ गते सूचना उपलब्ध गरायो । सूचना मागेको एक महिना भित्रै ३ करोड ५४ लाख ६ हजार ७ सय ४६ रुपैयाँ सम्परिक्षण भएको जिविस बर्दियाका लेखा अधिकृत रमेश घर्तिले बताए। हाल जिविसमा ११ करोड २४ लाख ९३ हजार ८ सय ९० रुपैयाँ बेरुजु फछ्र्यौट गर्न बाँकी रहेको छ।

पेसकी फछ्र्यौटका लागि पटक-पटक पत्राचार गर्नुका साथै सार्वजनिक सूचना प्रकाशन गरेपछि ०७१ वैशाख ३ गते थप ३ करोड १७ लाख ४० हजार रुपैयाँ महालेखा परीक्षकमा सम्परिक्षणका लागि पेस गरेको जिल्ला विकास समिति बर्दियाले जनाएको छ । त्यस्तै मन्त्रालयअन्तगर्त नियमिततर्फको थप १ करोड रुपैयाँ फछ्र्यौटको प्रक्रियामा रहेको छ । 'असार पहिलो हप्ताभित्र आवश्यक कागजातसहित सम्पूर्ण विवरण लिएर काठमाडौं जाने तयारीमा छौं,' लेखा अधिकृत घर्तीले भने 'बेरुजु फछ्र्यौटमा सफलता मिलिरहेको छ ।'

## समयमै सूचना नदिने सूचना अधिकारी परिवर्तन

बेरुजुको विवरण माग गर्दै सूचना माग गरिएपछि जिल्ला विकास समिति बर्दियाका सूचना अधिकारी पार्वती पण्डितले सूचना दिनु त परैको कुरा पटक-पटक सम्पर्क गर्दा पनी अनेक बहानामा पन्छिइन् । १५ दिनभित्र सूचना पाउन नसक्दा सूचना अधिकारीलाई कारबाहीसहित सूचना पाऊँ भनी माघ १८ गते स्थानीय विकास अधिकारीलाई निवेदन दिएपछि स्थानीय विकास अधिकारी डिल्लीराम सिग्देलले माघ २३ गते सूचना उपलब्ध गराएका थिए । सोही उजुरी समेतका आधारमा सूचना अधिकारी निश्क्रिय रहेको गुनासो बढदै गएपछि जिल्ला विकास समिति बर्दियाले २०७२ जेठ २१ गते पार्वती पण्डितको ठाउँमा योजना अधिकृत सुन्दरप्रसाद श्रेष्ठलाई सूचना अधिकारी तोकेको छ ।

# यसरी आयो तथ्य बाहिर

- नमस्कार शाह

**नेपालगन्ज ।** मैफजुल कबडिया नेपालगञ्ज वडानम्बर–१० का स्थानीय बासिन्दा हुन् । उनको पुर्ख्यौली पेसा तरकारी व्यबसाय हो । पुस्तौंदेखि तरकारी बिक्री, वितरण गर्दै आएको बाउ, बाजेको बिडो थाम्दै कबडिया थाहा पाउने उमेरदेखि तरकारी व्यवसाय गर्दै आएका छन् ।

नेपालगन्जको मुटुमा अवस्थित त्रिभुवनचौकमा तरकारी व्यापार गर्दै आएका उनले नेपालगन्जको पर्यटकीयस्थल रानीतलाउमा खुद्रा तरकारी बजार सञ्चालन भएपछि उनले पनि आफ्नो व्यापार त्यतै सारे । त्यहाँको वातावरणले उनलाई रानीतलाउ खुद्रा तरकारी बजारमा भइरहेको मनपरीतन्त्रविरुद्ध बोल्न उत्प्रेरित गर्थ्यो र उनी बोल्थे । एकलौटी राज गरिरहेको समितिले उनको कुरा के सुन्थ्यो र ? बरु उनीलगायत तीन जनालाई बजारबाटै निकाल्दि । उनी थप अन्यायमा परे । अब कसरी न्याय खोज्ने, प्रहरी, प्रशासन धाउँ, आफ्नो पहुँच नपुग्ने, न्यायालयको ढोका, ढकढकाउँ न्याय पाउन वर्षौं लाग्ने । उनले करिब एक वर्ष रणभुल्लमा बिताए ।

त्यसै क्रममा उनले कतैबाट सूचनाको हकका बारेमा थाहा पाए । उनी भन्छन्– सूचनाको हकलाई साहरा लिएर अन्याय र मनपरीतन्त्रका बिरुद्ध लड्ने प्रण गरे । २०७१ कात्तिक ११ गते सूचनाको हकसम्बन्धी ऐनबमोजिम सबै आम्दानी, खर्च विवरणको माग गर्दै रानीतलाउ खुद्रा तरकारी बजार संचालक समितिसँग सूचना मागे ।

तर, समितिका अध्यक्ष बाबु कबडियाले सूचना दिनुको साटो उल्टै मैफजुललाई ज्यान मार्ने धम्की दिए । सूचना माग्दा ज्यान मार्ने धम्की दिएको घटनाले सबैको ध्यान केन्द्रित गऱ्यो । उनी डराएनन्, सुरक्षा माग गर्दै स्थानीय प्रशासनमा उजुरी हाले । आफूले माग गरेका सूचना पाउनुपर्ने मागबाट पछि उनी हटेनन् ।

यो विषय देशव्यापी भयो । केन्द्रबाट खटिएको एक टोलीले मंसिर २९ गते सूचना र मानव अधिकार अनुसन्धान केन्द्रद्वारा सञ्चालित सूचना अधिकार केन्द्रको कार्यालयमा पीडित तथा सरोकारवाला निकायसँग छलफल गरी समस्या समाधानका लागि पहल गऱ्यो । सूचना अभियन्ता पत्रकार धर्मेन्द्र झा नेतृत्वको टोलीले सम्बद्ध निकायका प्रमुख तथा प्रतिनिधिहरूसँग भेटघाट गरी समाधानका लागि पहल गरेको थियो ।

सोही क्रममा बाँकेका प्रमुख जिल्ला अधिकारी वेदप्रकाश लेखक, जिल्ला कृषि विकास कार्यालय बाँकेका प्रमुख राजेन्द्र प्रधान, बजार समितिका अध्यक्ष बाबु कबडिया, सूचना र मानव अधिकार अनुसन्धान केन्द्र अध्यक्ष विश्वजीत तिवारी, संयोजक राकेशकुमार मिश्र र बलबहादुर चन्द विच भएको छलफलमा मंसिर ३० गते गर्ने भनिएको तरकारी बजार समितिको निर्बाचन प्रक्रिया स्थगित गरि सो विषयमा आवश्यक छानविन गर्न समिति गठन गर्ने निर्णय भयो ।

छलफलले जिल्ला कृषि विकास कार्यालय, बाँकेका कृषि बजार विज्ञ महेन्द्र नारायणलाल कर्णको सयोजकत्वमा जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा रोम केसी र नागरिक समाजका तर्फबाट बासका कार्यकारी निर्देशक नमस्कार शाह सदस्य रहेको छानबिन समिति गठन गरेको थियो । समितिलाई १ महिना भित्र प्रतिवेदन पेस गर्न म्याण्डेट दिइयो ।

समितिले १ महिना लगाएर बजारको विषयमा छानबिन गरी प्रतिवेदन सार्वजनिक गऱ्यो । समितिले छानबिनका क्रममा रानी तलाउ खुद्रा तरकारी बजार सञ्चालन समितिको गठन कृषि उपज बजार स्थलको व्यवस्था तथा सञ्चालनसम्बन्धी निर्देशिका -२०५३ अनुसार गठन नभएको निष्कर्ष निकालेको छ ।

समितिले सार्वजनिक गरेको प्रतिवेदनअनुसार रानीतलाउ तरकारी हाटबजार २०५४/२०५५ देखि आ.व. २०६२/०६३ सम्मका अध्यक्ष बुवा असगर अलीले ठेक्कामा लिई सञ्चालन गराएको देखिएको २०६५ चैत १० गते देखि हालसम्म लगातार बावु कवडियाको अध्यक्षतामा रानी तलाउ तरकारी खुद्रा बजार सञ्चालन समिति क्रियाशील देखिन्छ ।

छानबिन समितिले सार्वजनिक गरेको प्रतिवेदनअनुसार, बजारको जम्मा आम्दानीमा २ लाख ५४ हजार ८ सय ७३ रुपैयाँको कुनै बिल भर्पाइ नै छैन । बजारको स्टल भाडाबाट १६ लाख ८९ हजार ४ सय ९० खुद्रा पसल भाडा ६४ हजार ३ सय ९९, सरकारी अनुदान १४ लाख २५ हजार गरी ३१ लाख ७८ हजार ८ सय ८९ रुपैयाँको आम्दानी देखाइएको छ। समितिमा एक जना लेखा सहायक र एक जना लेखापरीक्षक नियुक्त गरिए पनि आर्थिक आय व्यय-व्यवस्थित नभएको समितिको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन अनुसार, हालसम्मको खर्चको बिल भर्पाइ स्पष्ट नभएको, अध्यक्षले एकलौटी रूपमा विभिन्न शीर्षकमा रकम खर्च गर्ने गरेको, समितिको विना निर्णय आर्थिक कारोबार गरिएको, स्टलहरूबाट अनियमित तरिकाले रकम असुल गर्ने गरेको, ५ वर्षदेखि समितिको साधारणसभा तथा नयाँ कार्यसमिति चयन नगरेको, नियमित कार्यसमितिको बैठक नभएको, करिब ३२ हजार बराबर भर्पाइ मात्र भएको तर शीर्षक विवरण स्पष्ट नभएको, खुद्रा पसल तथा स्टलबाट संकलन गरिने रकमको आय व्यय स्पष्ट नभएको, विना निर्णय विभिन्न नाममा चन्दा तथा विज्ञापन प्रदान गरिएको पाइएको छ ।

बजार समितिलाई भौतिक पूर्वाधार निमार्णका लागि ५ वर्षसम्म जिल्ला कृषि विकास कार्यालय बाँकेले ३० लाख ८७ हजार ५ सय रुपैयाँ अनुदान दिएको छ भने बजार समितिले एकवटा स्टलबाट ४० रुपैयाँका दरले जम्मा ६० वटा स्टलसँग संकलनगर्ने दैनिक दुई हजार ४ सय रुपैयाँको समेत ५ वर्षदेखि चुस्त हिसाव नदेखिएको पाइएको छ। समितिले आ.व. ०६५/०६६ देखि आ.व. ०६७/०६८ सम्मको अवधिको आय-व्यय विवरणको श्रेस्ता नभेटाएको प्रतिवेदनमा उल्लेख छ ।

वार्षिक बजेट तथा कार्यक्रम साधारणसभा वा समितिबाट स्वीकृत गराई खर्च गर्नुपर्ने प्रचलित प्राबधानलाई समेत समितिले पालना नगरेको पाईएको छ । छाबिनबाट आम्दानीमा विद्युत् महसुलको रकम नभए तापनि स्टल प्रयोगकर्तासँग प्रतिमहिना रु. १०० को दरले विद्युत् महसुल बाफल असुल्ने गरेको तथ्य प्राप्त भएको समितिको भनाइ छ ।

समितिका संयोजक महेन्द्र नारायणलाल कर्णका अनुसार, प्रचलित नियमविपरीत बैंकिङ कारोबार नगरी नगदी कारोबार गर्ने गरेको पाइएको छ । बजारको चौकीदारको रूपमा समितिका अध्यक्ष बाबु कवाडियाका बुबा असगर अलि कवाडियालाई नियुक्त गरेको समितिले लिजमा लिई सञ्चालन गरेको बजारको सँगै जोडिएको १ कठ्ठा जग्गामा निज असगर अलि कवाडियाले बजार सञ्चालन गरी दोहोरो फाइदा लिएको जसबाट समितिलाइ लाखौ रकम आम्दानी हुन नसकेको निष्कर्ष समितिले निकालेको छ ।

२०६९ असार ७ गते सम्पन्न समिसतिको बैठकले समिति गठन भए देखि हालसम्मको वार्षिक हिसाब जाँच गराउन लेखा परिक्षण गर्न लेखापरीक्षक धनबहादुर चन्दलाई नियुक्त गर्ने निर्णय भएकोमा असार ९ गते ४ जना कार्य समिति पदाधिकारीको रोहबरमा लेखापरीक्षण गरेको माइन्युट गरिएकोमा सो माएन्युटमा भने लेखापरिक्षकको उपस्थिति देखिँदैन । लेखापरीक्षकका प्रतिनिधि रामप्रसाद शर्माको रोहबरमा सम्पन्न उक्त लेखापरीक्षकले ५ हजारसम्मका सामान खरिद गर्दा प्यानमा दर्ता भएका फर्मबाट र सोभन्दा बढीको सामान खरिद गर्दा भ्याटमा दर्ता भएका फर्मबाट खरिद गर्नुपर्ने भएमा केहि बिल भर्पाइमा सो नभएकाले आगामी दिनमा त्यस्त बिल भर्पाइ प्रयोग नगर्ने निर्णय भए तापनि कार्यान्वयन नभएको पाईएको समितिको भनाइ छ ।

प्रति स्टल दैनिक ४०/- रुपैयाँ भाडा उठाउने गरिएको भनिए तापनि मनपरी ढंगले कसैबाट ६०/- कसैबाट १००/- रुपैयाँ संकलन गर्ने गरिएको पाइयो तर आम्दानीमा ४०/- को दरले मात्र आम्दानी भएको देखाउने गरेको पाइएको संयोजक कर्णले बताए ।

समितिले जिल्ला कृषि विकास कार्यालयले  तत्काल साधारण सभा गरी नयाँ समिति चयन गर्नुपर्ने लगाएतका १६ बुँदे सुझाब दिएको छ, जसमा स्टलहरू टेण्डरमार्फत उपलब्ध गराउनु पर्ने, सम्पूर्ण आर्थिक कारोबार बैंकमार्फत हुनुपर्ने, लेखा व्यवस्थापन गर्नुका साथै हिसाब, किताब चुस्त, दुरुस्त राख्नका लागि प्रचलित लेखा प्रणाली अवलम्वन गर्नुपर्ने, समितिको अनुगमन नियमन गर्ने निकायको व्यवस्था हुनुपर्ने, लेखापरीक्षकले दिएका सुझावहरू पलना गर्नुपर्ने, समिति निर्देशिका अनुसार गठन भई सञ्चालन हुनुपर्ने लगायतका दिर्नेशन सो निर्देशिकामा छ ।

कृषि विकास कार्यालयकाप्रमुख राजेन्द्र प्रधानले कृषि बजार ऐनको अभावमा बजार समितिहरूलाई नियमन गर्न नसकिएको बताउँदै समिति आफैं स्वयात्त भएर समस्या भएको बताएका थिए । उनले ऐनअनुसार बजार समितिमा सदस्य सचिवमा कृषि कार्यालयका कर्मचारी राख्ने भनिए पनि कतिले त्यसको समेत कार्यन्वयन नगरेको बताए । उनका अनुसार कृषि कार्यालयको क्षेत्राधिकारअन्तर्गत कडा रूपमा कारबाही गर्ने नीति नभएकाले पछिल्लो समयमा बजार समितिहरूमा विभिन्न किसिमका समस्या आउने गरेका छन् ।

# प्रतिस्पर्धी निषेधमा ५०० करोड

- तुफान न्यौपाने

**काठमाडौं ।** २९ असारमा अर्थमन्त्री डा. रामशरण महतले संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०७२/७३ को करिब रू. ८ खर्ब, १९ अर्ब ४६ करोडको बजेट र त्यसले समेटेका योजनाप्रति प्रतिपक्षी दलहरूसहित नेपाली कांग्रेसको सत्ता साझेदार नेकपा (एमाले) का सांसदहरू पनि असन्तुष्ट छन् । २९ असार पछिका बजेट छलफलहरूमा उनीहरूले आफ्नो असन्तुष्टि खुलेर राखेका छन् ।

प्रधानमन्त्रीको पार्टीबाहेक अन्य सबैजसो दलका सांसदले बजेटको आलोचना गरे पनि त्यसमा समेटिएका 'निर्वाचन क्षेत्र विकास कार्यक्रम' र 'निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रम' प्रति भने कसैको विरोध सुनिएको छैन ।

अर्थमन्त्रीले संसदमा रु. १ अर्ब २० करोड २० लाखको निर्वाचन क्षेत्र विकास कार्यक्रम र रु. ३ अर्ब ६० करोडको निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रमका लागि बजेट विनियोजन गरेको बजेट भाषण गरिरहँदा सांसदहरू खुसीले ताली बजाइरहेका तथा टेबल ठोकिरहेका देखिन्थे ।

सांसदको तजबिजमा छानिएका योजनामा उनका प्रतिनिधिले मनोमानी खर्च गर्दै आएको 'निर्वाचन क्षेत्र विकास कार्यक्रम' अन्तर्गतको रकम प्रति सांसद रु. १५ लाखबाट बढाएर रु. २० लाख र निर्वाचित सांसदको संयोजकत्वको टोलीले छानेका योजनामा उनकै कार्यकर्ताले भरिएको उपभोक्ता समितिमार्फत खर्च हुने 'निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रम' को रकम रु. १ करोडबाट बढाएर रु. १.५ करोड पुऱ्याइदिएपछि अर्थमन्त्रीले बजेट भाषणका क्रममा प्रतिपक्षीको समेत ताली पाएका थिए । अब यी दुई कार्यक्रमका लागि विनियोजित रु.४८० करोड २० लाख सांसदले आफ्नो तजबिजका योजनामा खर्चन पाउने छन् ।

आर्थिक वर्षको उत्तरार्धमा आएको महाभूकम्पले देशकै अर्थतन्त्रमा नराम्रो असर पारेको छ । वार्षिक आर्थिक वृद्धिदर पछिल्ला कैयौं वर्षको भन्दा कम हुने आँकलन गरिएको छ । यस्तो बेला महाभूकम्पमा ध्वस्त भएका संरचना पुनःनिर्माणका लागि विनियोजन गरिएको कुल बजेटको करिब ११ प्रतिशत बजेट कम छ । पुनःनिर्माणकै कारण आर्थिक भार बढ्ने कारणले राष्ट्रसेवक कर्मचारीको तलव वृद्धि गरिएन । तर, सीमित व्यक्तिको तजबिजमा राजनीति प्रभावि योजनामा खर्च हुने, त्यसको सदुपयोग/दूरुपयोगबारे कुनै निकायले जाँच गर्ने र प्रश्न उठाउने आँट गर्न नसकेका, कुनै नियम र प्रक्रिया पूरा नगरिएका क्षेत्रमा खर्च गर्नका लागि सांसदलाई दिइने रकम बढाउनुको औचित्य के हुन्छ ? पूर्व सभामुख दमननाथ ढुंगाना भन्छन्,"निगरानी गर्ने संयन्त्रबिना यसरी बजेट छुट्याउनै हुँदैन, यसले निम्त्याउने विकृतिले जनउत्तरदायी सरकारका लागि फाइदा गर्दैनन् ।"

## छैन निगरानी

२०५२ सालमा एमालेका भरतमोहन अधिकारी अर्थमन्त्री हुँदादेखि प्रतिसभासद रु. २.५ लाखका दरले सुरु भएको निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई ५, १० र १५ लाख हुँदै यो आवबाट रु.२० लाख पुऱ्याइयो । सांसदले आफ्नो निर्वाचन क्षेत्रमा खर्च गर्न पाउने गरी रू.पाँच करोड माग गरे पनि रु. एक करोडबाट गतवर्षदेखि सुरु भएको निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रमको बजेट यो आवबाट रु. १.५ करोड पुऱ्याइएको छ । यी दुई शीर्षकमा हालसम्म रू. १० अर्ब बढी खर्च भइसक्यो । अब प्रतिवर्ष रु. ५ अर्ब खर्च हुँदै छ, तर २० वर्षसम्म सञ्चालन गरिएको कार्यक्रमको प्रभावकारिता के रह्यो ? कुनै सरकारी निकायले यसको मूल्यांकन गर्न आवश्यक ठानेको छैन । विभिन्न जिल्लामा स्थानीय विकास अधिकारी सहिसकेका संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका एक जना उपसचिव डेढ दशक चलेका कार्यक्रमको केन्द्रमा संयोजन, प्रभाव मूल्यांकन, आवश्यकता अध्ययन र निगरानी गर्ने युनिट खडा हुन नसक्नु दुखद भएको बताउँछन् ।

अर्थमन्त्रालयले विनियोजन गरेको रकम स्थानीय विकास मन्त्रालयले निर्वाचन क्षेत्र र सांसदको टाउको गनेर जिविसहरूमा पठाइदिन्छ । त्यसपछि निर्वाचन क्षेत्र विकास कार्यक्रम अनुसार सांसदले छानेका योजना कार्यान्वयन गर्न भन्दै उनकै प्रतिनिधिले बजेट लैजान्छन् । निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रमको बजेट खर्च गर्ने योजना पनि सम्बन्धित क्षेत्रको निर्वाचित सांसदको संयोजकत्वको समितिले छनोट गर्छ । ती योजना सम्पन्न गर्न आफ्ना कार्यकर्ता सम्मिलित उपभोक्ता समिति गठन गरिन्छ । जसको कामको प्रभावकारीता र रकम दूरुपयोगबारे कसैले जाँच गर्दैन । सार्वजनिक निकायबाट भएका अनियमितता जाँच गर्न अख्तियारी पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिलेसम्म यी योजनामा हात हालेको छैन । राष्ट्रिय सतर्कता केन्द्रले आँखा चिम्लँदै आएको छ । संसद बैठकमा कहिल्यै छलफल भएको छैन । सार्वजनिक लेखा समितिमा यसबारे प्रश्न उठेको छैन । स्थानीय विकास मन्त्रालयका ती उपसचिवका अनुभवमा जिल्लास्तरका अनुगमन समितिहरूले अनुगमन गर्ने योजना छान्दाकै बखत सांसदका योजनालाई पन्छाउँछन् । महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमा कहिलेकाहीं यी योजनाको अनुगमन/मूल्यांकन हुन नसकेको तथा बेरुजु रहेको देखाउँछ । तर त्यसको सुनुवाइ कहिल्यै कतै हुँदैन । ती उपसचिव भन्छन्, "हामीले यी आयोजनालाई छुट्टै प्रोजेक्टका रूपमा डिल गर्न पाएनौं ।"

कतिपय जिल्लामा अहिले पनि जिविस अनुदान शीर्षमा केन्द्रबाट रु.१.५-२ करोड रुपैयाँभन्दा बढी जाँदैन । तर कम्तीमा दुई निर्वाचन क्षेत्र भएको जिल्लामा रु.१.५ करोडका दरले रू.तीन करोड र त्यसमा सांसद संख्याको आधारमा प्रति सांसद रु. २० लाखका दरले रकम जानेभयो । यसो हुँदा यो बजेटबाट 'समानन्तर जिविस' चल्नसक्ने डर सिर्जना भएको छ । "यसले जिविस र गाविस जस्ता विकासका काम गर्ने नियमित संयन्त्रलाई पूरै छायामा पार्ने भयो," प्रशासनविद् डा. भीमदेव भट्ट भन्छन्, "ती निकायबाट काम हुँदा आवश्यकताका आधारमा योजना हुनेथिए र खर्चको उत्तरदायित्व उनीहरूकै हुनेथियो ।"

जिविस अनुदान व्यवस्थापन गर्नका लागि जिल्ला विकास समितिको कार्यालयहरूमा औसतमा ३७ जना कर्मचारी छन् । तर त्यही अनुपातको थप रकम खर्च गर्ने भार त्यत्ति नै जनशक्तिले कसरी

थेग्न सक्लान् ?, "सक्दैनन्, यो सांसदले कार्यकर्तामार्फत योजना छान्ने, निकटका ठेकेदारमार्फत काम गराउने रकम हो, उनीहरूलाई पाल्नका लागि मात्र दिइएको हो ।"

हुन पनि २०७१ मा गएको करिब रू.३३० करोडको आयोजना सम्झौता चैतमा मात्रै सुरु भयो । मन्त्रालयले अख्तियारी नै फागुन मसान्तमा पठायो । निर्देशिकामा सम्झौता गरिसक्नुपर्ने मिति वैशाख मसान्तसम्म व्यवस्था भएकोमा भुकम्पले मध्य-नेपालका दुई दर्जन जिल्ला प्रभावित भए पनि देशैभर त्यसैलाई कारण देखाउँदै सम्झौता गरिसक्नुपर्ने मिति जेठ मसान्तसम्म सारियो । असार लागेपछि सुरु भएको विकास निर्माणले बोकेका थुप्रै विकृति विकास क्षेत्रमा सुनिने 'असारे विकास' वाक्यांशले बोकेको छ । "मध्य असारमा सम्झौता गरेर पहिलेकै मिति राखिदिने चलन जताकतै छ," मन्त्रालयका ती उपसचिव भन्छन् ।

सरकारले गतवर्षदेखि जनसहभागितामा आधारित विकास कार्यक्रम भनेर रु. १ अर्ब छुट्याउँदै आएको छ । यो रकम प्रत्येक निर्वाचन क्षेत्रमा रु. ४१ लाख ६६ हजार समानुपातिक रूपमा पर्ने गरी जान्छ । 'जिविस अनुदान थप' शीर्षकमा जाने यो रकम परिचालन र योजना छनोटसम्बन्धी कुनै मापदण्ड बनाइएको छैन । सम्बन्धित क्षेत्रबाट निर्वाचित सांसदको समन्वय/परामर्शमा बाँडिन्छ ।

२०५९ सालपछि स्थानीय निकायमा निर्वाचित प्रतिनिधि पुग्न सकेका छैनन् । हरेक वर्ष केन्द्रको अनुदान लगायत गैससका कार्यक्रम र अन्य आयोजना निर्माणमा ती निकायमा बजेट थपिँदै आएको छ । "स्थानीय निकायमा निर्वाचित प्रतिनिधि भएको भए यसमा धेरै हदसम्म 'चेक' हुन सक्थ्यो", अर्थशास्त्री केशव आचार्य भन्छन्,"अहिले कसैप्रति जवाफदेही हुनुपर्दैन, सबैतिर उन्मुक्ति छ ।"

निर्वाचन क्षेत्र विकास कार्याक्रमबाट प्रति सभासद रु.५० हजार र निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रमको रू.एक करोडको १.५ प्रतिशतका दरले रु. १ लाख ५० हजार प्रशासनिक खर्च भनेर छुट्याइन्छ । गत वर्ष दुवै योजनामा गरी खर्च भएको रु. ३ अर्ब ३० करोड ५० लाख रकममध्ये रु. ६ करोड ६० लाख ५० हजार प्रशासनिक कार्यमा खर्च भएको छ । छुट्टै संयन्त्र र कर्मचारी बिना हुने यो खर्च कहाँ कसले खर्च गर्छ भन्ने देखाइँदैन भने त्यसको जवाफदेही पनि कोही हुँदैनन् । यस्तो खुल्ला रूपमा हुने भ्रष्टाचार नियन्त्रण गर्न सकिदैन त ? पूर्व सभामुख ढुगाना भन्छन्,"त्यो रकम सरकारले सांसदहरूलाई खुसी पार्न दिएको हो, त्यसैले निगरानी गर्ने, सदूपयोग/दूरुपयोगबारे प्रश्न उठाउने जस्तो उनीहरू बेखुस हुने काम गर्दैन ।"

आयोजनामा गरिएको खर्चको त निगरानी हुँदैन नै । तर आयोजना छनोट नै मनपरी किसिमले हुने गरेको छ । ७५ जिल्लाका २४० निर्वाचन क्षेत्रका लागि 'निर्वाचन क्षेत्रको पूर्वाधार विकास कार्यक्रम' अन्तर्गत विनियोजित रु.२४० करोडमध्ये ५५ जिल्लाका १७५ निर्वाचन क्षेत्रका लागि छुट्याइएको रु. १७५ करोडका योजना विवरण समेटिएका हिमाल लाई प्राप्त कागजात केलाउँदा प्रक्रिया पूरा नगरी मापदण्ड मिचेर आफूखुसी छानेका खुद्रे योजनामा सांसदहरूले करोडौं रूपैयाँ उडाएको देखिन्छ *(हे. बक्स-खुद्रे योजनामा ३३० करोड) ।*

'सूचनाको हक' को क्षेत्रमा काम गर्दै आएको संस्था फ्रिडम फोरमले देशका विभिन्न ५५ जिल्ला विकास समितिबाट उक्त हक को प्रयोग गरी संकलन गरेका प्रमाणित विवरणमा सांसदले योजना छनोटमा हदसम्मको मनोमानी गरेको देखिन्छ ।

## प्रतिस्पर्धी निषेधको षड्यन्त्र !

रु. २.५ लाखबाट सुरु भएको निर्वाचन क्षेत्र विकास कार्यक्रम २० वर्षमा ८ गुणाले बढ्यो । गत वर्ष रु. १ करोडबाट सुरु भएको निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रम एक वर्षमै ५० प्रतिशतले बढाइयो । यसका आधारमा सरकारले भोलिका दिनमा पनि यो कार्यक्रममा रकम थप्दै जाने देखिन्छ । तर यो वर्ष विनियोजन गरिएको रकममा थप गरिएन भने पनि एक निर्वाचित सांसदले आफ्नो कार्यकालभरीमा निर्वाचन क्षेत्रमा सरकारी ढुकुटीको रु.८.५ करोड मनपरी रूपमा खर्च गर्न पाउँछ ।

जनताको करको रकम आफ्नो राजनीतिक प्रभाव कायम राख्ने गरी योजना बनाएर बिना निगरानी खर्च गर्दा त्यसले अर्को चुनावका लागि पनि पर्याप्त भोट ब्याङ्क सिर्जना गर्छ । २०६२/६३ पछि पैसा खर्च नगरीकन चुनाव जित्न नसकिने अवस्था आएको छ । यस्तो अवस्थामा राज्यकोषको साढे ८ करोड रूपैयाँ मनपरी उडाउन दिइँदा सांसदले अर्को निर्वाचनका लागि समेत आफ्ना लाग पर्याप्त प्रभाव पारी राख्न सक्छ । “इमान्दार र योग्य मान्छेले चुनाव जित्नै नसक्ने अवस्था आएको छ,” पूर्वसभामुख ढुङ्गाना भन्छन्, “पैसा बाँड्न सक्नेबीच मात्रै प्रतिस्पर्धा हुने भयो, पैसा हात नपरे चुनाव जितिन्न, राजनीति सकिन्छ भन्ने संस्कार विकास भएको छ ।”

जनताको करबाट राज्यकोषमा जम्मा भएको रकमलाई सांसदले आफूले अंश पाएको जसरी प्रयोग गर्न दिन नमिल्ने अर्थशास्त्री आचार्यको धारणा छ । “जनताको पैसा भोलिको चुनावमा मतदातालाई प्रभावमा पार्न सक्ने गरी दुरुपयोग गर्न दिनुहुँदैन,” उनी भन्छन् ।

२०५२ सालमा अर्थमन्त्री भरतमोहन अधिकारीले संसदमा बेजट पेस गर्दा सुरु गरेको रकम बाँड्ने व्यवस्था कानुनविपरीत भएको भन्दै सर्वोच्चमा रिट परेको थियो । राज्यकोषको सार्वजनिक सम्पत्ति जथाभावी खर्च गर्ने काम कारवाहीमा रोक लगाउन माग गर्दै दायर रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले ११ असोज २०५८ मा कानुन बनाएर मात्र वितरण गर्न आदेश दिएपछि नियमावली बनाइएको थियो । उक्त मुद्दामा वकालत गरेको अधिवक्ता दिनेश त्रिपाठी सांसदहरूले आफ्नो पदको दुरुपयोग गरेर सरकारी स्रोतको हिनामिना गरेको बताउँछन् । “यी आयोजनाको कुनै उपयोगिता छैन, राज्य कोषको रकम कार्यकर्ता र समर्थकलाई बाँडेर भोलिको राजनीति प्रभाव पार्नेबाहेक अरू उद्देश्य छैन”, अधिवक्ता त्रिपाठी भन्छन्,“पारदर्शिता र जवाफदेहीताको अभाव र व्यापक भ्रष्टाचार भएका योजनाबाट भोलिका लागि भोट व्यांक सिर्जना गरी समान प्रतिस्पर्धालाई निषेध गर्ने उद्देश्य छ ।”

## काल पल्कने डर

गतवर्ष बजेट आउनुअघि सांसदले छानेका योजनामा खर्च गर्न पाउने गरी हरेक निर्वाचन क्षेत्रमा रु. ५ करोड रकम छुट्याउन माग गर्दै सांसदहरूले हस्ताक्षर अभियान चलाएका थिए । सार्वजनिक रूपमा व्यापक विरोध भए पनि एक निर्वाचन क्षेत्रमा रु. १ करोड पर्ने गरी बजेट आयो । यसपालि त्यो रकम बढ्यो । बन्दै गरेको नयाँ संविधानको मस्यौदामा संघीय व्यवस्थापिकाका दुई सदनमा ३२० जना सदस्य रहने प्रस्ताव छ । त्यसैगरी प्रस्तावित ८ प्रदेशका प्रदेशसभामा ५५० जना सदस्य रहनेछन् । सांसदलाई राज्यकोषबाट रकम बाँड्ने यो प्रचलन

नरोकिए भोलि संघीय र प्रदेश का व्यवस्थापिकाका ८७० जनाले पनि यो दाबी छोड्ने छैनन् । "सांसदलाई बसको पैसाको लत अहिल्यै रोक्न नसके यो त दीर्घ रोग हुन्छ," अर्थशास्त्री आचार्य भन्छन्, "राज्यकोषको ठूलो रकम यसैमा खर्च हुन्छ ।"

अर्को कुरा विकास कार्यमा विधायिकाको प्रत्यक्ष संलग्नता शक्ति पृथकीकरणको सिद्धान्तको समेत विपरित देखिन्छ । 'सरकार बनाउने, कानुन निर्माण गर्ने, कार्यपालिकाको कामको निगरानी गरी जवाफदेही बनाउने र बजेट पास गर्ने' गरी कानुनले नै विधायिकाको काम स्पष्ट तोकिदिएको छ । यस्तोमा उनीहरूले 'विकास एजेन्ट' बन्ने अचम्मलाग्दो लालसा देखाएका छन् । अधिवक्ता त्रिपाठी सीमित स्रोत भएको हाम्रो जस्तो सन्दर्भमा त्यसलाई अधिकतम जनताले लाभ पाउने गरी खर्चनुपर्नेमा आफ्ना कार्यकर्तालाई बाँड्न विधेयकलाई बजेट दिनुलाई गर्नै नहुने कार्य भन्छन् । "सिधैं कार्यकर्तालाई वितरण गरेको देखिन्छ, आफूले गर्ने जिम्मा नै नपाएको काममा इच्छा देखाउनु जनताको करको दुरुपयोग र पदको विचलन हो", उनी भन्छन्, "विकास कार्यमा सहभागी हुने माननीयहरूको जब होइन, निरन्तर बढ्दै गएका यस्ता कार्यलाई प्रोत्साहन गर्नु हुँदैन ।

## सांसदलाई पैसाको लत लागेछ

निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रमको अधिकांश रकम झिनामसिना योजनामा खर्च भएको देखिन्छ । खर्च सही तरिकाले भयो/भएन भनेर राम्रोसँग जाँच हुन नसकेकाले सांसदको मनमौजीका योजनामा खर्च हुन्छ । त्यो राज्यको ढुकुटीको रकम हो । खर्च गर्ने र त्यो सही तरिकाले भयो भएन जाँच गर्ने आफ्नै प्रणाली हुन्छ । तर, यी कार्यक्रमबाट छुट्याएको बजेटलाई सांसदले आफूले अंश पाएको ठान्छन् । फूर्ति लगाउने र राजनीतिक प्रभाव विस्तार गर्ने माध्यम मात्र भएका यी कार्यक्रमलाई निरन्तरता दिनै हुन्न ।

स्थानीय निकायमा निर्वाचित प्रतिनिधि भएको भए सांसदको एकलौटी चल्दैनथ्यो । त्यहाँ 'क्रस चेक' हुन्थ्यो । अहिले सबै उन्मुक्तिको अवस्था छ ।

अहिलेको बजेटमा दुवै कार्यक्रमका लागि रकम वृद्धि गरिएकाले अब वर्षमा झण्डै पाँच अर्ब रुपैयाँ जानेभयो । यत्रो रकम एकै ठाउँमा लगाउन पाएको भए कति मेगावाटको बिजुली निस्कँदो हो ? कति लामो सडक बन्द हो ? करीब १२ हजार हेक्टर जमिन सिञ्चित गर्ने सिँचाइ आयोजना नै बनाउन सकिन्थ्यो ।

सांसदहरूलाई पैसा खेलाउने लत बसेछ । यस्तो लत छुट्याउनै पर्छ । व्यक्तिगत मनोमानीमा छानिएका योजनामा सरकारी ढुकुटीको रकम खर्च गर्नबाट रोक्नैपर्छ ।

■ केशव आचार्य, अर्थशास्त्री

# खुद्रे योजनामा ३३० करोड

अघिल्लो आर्थिक वर्षमा निर्वाचन क्षेत्र विकास कार्यक्रमको रु.९० करोड १५ लाख र निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रममा रु.२ अर्ब ४० करोड गरी रु. ३ अर्ब ३० करोड १५ लाख खर्च भयो। यो रकम करीब ७ हजार आयोजनामा खर्च गरिएको छ। ५० हजारदेखि एक ९८ लाखसम्मका योजना बनाउँदा प्रचलित तरिका र यी कार्यक्रमका आयोजना छनोटसम्बन्धी मापदण्ड पूरै उल्लंघन भएको छ।

'सूचनाको हक' सम्बन्धी क्षेत्रमा काम गर्दै आएको फ्रिडम फोरमले कानुन प्रद्दत सूचनाको हकको उपयोग गर्दै ५५ जिल्लाबाट संकलन गरेका विवरण केलाउँदा सांसदहरूले उक्त रकम निश्चित पूर्वाधार विकासमा भन्दा व्यापक मात्रामा वितरण गर्न खर्च गरेको देखिन्छ ।हिमाल लाई प्राप्त १७५ निर्वाचन क्षेत्रका विवरणमा निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रमको मात्र विश्लेषण गर्दा निर्वाचन क्षेत्रहरूमा समानुपातिक हिसाबले पूर्वाधार विकासमा योगदान गर्ने उद्देश्यले विनियोजन गरिएको बजेट पूरै असफल भएको देखिन्छ ।

१७५ निर्वाचन क्षेत्रको रु.१ अर्ब ७५ करोडमध्ये सबैभन्दा बढी सडकमा रु.९३ करोड ६२ लाख खर्च गरिएको छ। तर यत्रो रकम खर्च गर्दा पनि मोटर गुड्ने मापदण्डका एउटै सडक बन्न सकेका छैनन् । वातावरणिय प्रभाव मूल्यांकन नगरीकन मनलाग्दो गरी डोजर चलाएर बनाइएका बाटो पहाडमा धेरैजस्तो पहिरो र भूक्षयको कारण बनेका छन् ।

अचम्मलाग्दो के छ भने सिँचाइ, तटबन्ध तथा बाढी नियन्त्रण, स्वास्थ्य संस्था जस्ता अत्यावश्यक क्षेत्रमा भन्दा बढी बजेट मन्दिर, गुम्बा जस्ता धार्मिक संरचना निर्माणमा खर्च गरिएको छ । १७५ निर्वाचन क्षेत्रमा धार्मिक संरचना निर्माणमा मात्रै रु.४ करोड २० लाखभन्दा बढी रकम खर्च भएको छ, जबकी तिनै क्षेत्रमा स्वास्थ्य संस्थामा रू.१ रोड ३ लाख मात्रै । सामुदायिक भवन निर्माणजस्तो अनुत्पादक क्षेत्रमा रु.९ करोड ३७ लाखभन्दा बढी रकम सिध्याइएको छ। यी कामका लागि रु. २ करोड २६ लाख ५० हजार प्रशासनिक खर्चका नाममा सकिएको छ।

छानिएका योजनामा रकम विनियोजनको अवस्था यस्तो छ कि १.५ प्रतिशत कट्टा गर्नुपर्ने 'कन्टेन्जेन्सी' कालीकोट, मुस्ताङ, संखुवासभा, हुम्ला, ताप्लेजुङ, बाजुरा, मनाङ लगायत जिल्लामा तीन प्रतिशतसम्म कट्टा गरिएको छ। कतै विनियोजित बजेट भन्दा बढी रकम लागत देखाइएको छ भने कतै १ करोड बजेटमा ९३ लाखको मात्र योजना देखाइएको छ, बाँकी ७ लाख कता गयो ? खुलाइएको छैन । २ निर्वाचन क्षेत्र रहेको बैतडीमा २ करोड बजेट पुगेको भए पनि योजना भने २ करोड ११ लाखको बनेको छ । एक करोड रकम पुगेको सिराह-४ मा एक करोड १ लाख ५० हजारको योजना छ । त्यस्तै तनहुँ-२ मा ९२ लाख र लमजुङ-२ मा ९३ लाखको मात्रै योजना बनाइएको छ । धेरै जसो जिल्लाले योजनामा दामासाहीका दरले रकम बाँडेर एक करोड नै बजेट छुट्याएका छन्। त्यसमा 'कन्टेन्जेन्सी' काटिने वा नकाटिने, काटिने हो भने त्यो रकम कहाँबाट ल्याउने उल्लेख गरिएको छैन ।

अधिकतम १० वटा योजना सिफारिस गर्नुपर्ने मापदण्ड छल्नका लागि थुप्रै सांसदले चार-पाँच प्रकारका फरक-फरक योजनालाई एकै शीर्षकमा गाभेका छन्। दोलखा-१ मा ५७ र दोलखा-२ मा

२७ वटा आयोजना छनोट गरी रकम छरिएको छ । एक नगरपालिका र सात गाविसमा धुँवारहित चुल्होका लागि प्रति परिवार रु.१ हजार दिने गरी रु. २० लाख विनियोजन गरिएको छ । २४ विद्यालयलाई ५० हजारका दरले रकम बाँडिएको छ । ओखलढुंगा-२ मा विद्यालय पूर्वाधार निर्माण र अर्को गाउँको खानेपानी योजनालाई एउटै कार्यक्रमको रूपमा घुसाइएको छ । तनहुँमा अधिकांश योजना धार्मिक प्रतिष्ठान र सामुदायिक भवन निर्माणमा खर्च गरिएको छ ।

फ्रिडम फोरमका अध्यक्ष रहेका पत्रकार तारानाथ दाहालले विवरण अध्ययन गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बनाएको निर्देशिका पालना नभएको, सरकारी संयन्त्रमार्फत खर्च गर्नुपर्नेमा सांसदहरूले निजी पैसाको रूपमा बुझेर त्यही अनुसार खर्च गर्ने गरेको देखिएको बताउँछन् । "योजना छनोटदेखि कार्यान्वयनसम्ममा मापदण्ड पूरै उल्लंघन गरिएको छ, पूर्वाधार निर्माणमा भन्दा कनिका छराईमा वितरण गरिएको छ", उनी भन्छन् ।

अर्थशास्त्री केशव आचार्य यसरी खुद्रे आयोजनामा रकम छरेर केही पनि प्राप्त नहुने बताउँछन् । "यो कार्यक्रमको कुनै पनि औचित्य देखिएन, बन्दै गर्नपर्छ," उनी भन्छन्, "तत्काल त्यसो गर्न नसकिए ५-७ करोडका बहुवर्षीय ठूला आयोजनामा खर्च गर्ने वा २-३ जिल्लामा जाने सबै रकम कुनै एउटा साझा योजना छानेर पुँजी निर्माणमा लगानुपर्छ ।"

## महत्वपूर्ण तथ्यांक

| २०७१/७२ मा भएको खर्च<br>निर्वाचन क्षेत्र विकास कार्यक्रम: | २०७२/७३ विनियोजित<br>निर्वाचन क्षेत्र विकास कार्यक्रम: |
|---|---|
| **बजेट–१५ लाख**<br>सभासद–६०१<br>(प्रति–सभासद) | **बजेट–१५ लाख**<br>सभासद–६०१<br>(प्रति–सभासद) |
| जम्मा रकम:<br>**रू.९० करोड १५ लाख** | जम्मा रकम:<br>**रू.एक अर्ब २० करोड २० लाख** |
| **निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रम:** | **निर्वाचन क्षेत्रको पूर्वाधार विकास विशेष कार्यक्रम:** |
| **बजेट–१ करोड**<br>(प्रति–निर्वाचन क्षेत्र)<br>निर्वाचन क्षेत्र–२४० | **बजेट–१ करोड**<br>(प्रति–निर्वाचन क्षेत्र)<br>निर्वाचन क्षेत्र–२४० |
| जम्मा रकम:<br>**रू. २ अर्ब ४० करोड** | जम्मा रकम:<br>**रू. ३ अर्ब ६० करोड** |
| दुवै योजनाको जम्मा रकम:<br>**रू. ३ अर्ब ३० करोड १५ लाख** | दुवै योजनाको जम्मा रकम:<br>**रू. ४ अर्ब ८० करोड २० लाख** |

## गत वर्षको खर्चको विषयगत विवरण:

**५५**
अध्ययन गरिएका जिल्ला

**१७५**
अध्ययन गरिएका निर्वाचन क्षेत्र

**रू. १ अर्ब ७५ करोड**
कुल खर्च: निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तरगतको प्रति सभासद रु.१५ लाख बाहेक

**१७३९**
सञ्चालित योजना

## योजना र लागत: (रू.००० मा)

सडक:
**रू.९,३६,२०४.९**

खानेपानी:
**रू.७८,९३५**

स्कुल/क्याम्पस:
**रू.१,९४,१०१**

धार्मिक संरचना:
**रू.४२०५०**

विद्युत् (सौर्य उर्जासमेत):
**रू.१,२६,७३५**

सिँचाइ:
**रू.४१०९५.३७**

पुल (कल्वर्टसमेत):
**रू.१,०८,३८९**

तटबन्ध/बाढी नियन्त्रण:
**रू.४०,४००**

सामुदायिक भवन:
**रू.९३७७७.५**

खेलकुद:
**रू.१७,८१०**

स्वास्थ्य संस्था भवन:
**रू.१०,३००**

प्रशासनिक खर्च: **रू.२६,२५०**
अन्य: **रू.३३,९५२.२**

# सूचना हकले दिलायो अधिकार

- सन्तोष पाण्डे

**कलैया ।** सूचनाको हक प्रयोग गरेर विद्यालयमा सूचना मागेपछि बारामा एक विद्यालयका ३६ जना विद्यार्थीले छात्रवृत्ति पाएका छन् । बाराको सदरमुकाम कलैया वडा नं. १० वरेवा वैरियामा रहेको श्री दुर्गा उच्च माध्यमिक विद्यालयले यसरी पुनः विद्यार्थीहरूलाई छात्रवृति वितरण गरेको हो । कलैन नपा.वडा नं.१४ का स्थानीय मुकेश कुमार कुशवाहाले सूचनाको हकसम्बन्धी ऐन प्रयोग गरी उक्त विद्यालयका सूचना अधिकारी समक्ष गत पुस १६ गते निवेदन दर्ता गराएका थिए । विद्यालयले सूचना मागकर्ता कुशवाहालाई पुस २२ गते २४ पेजको कक्षा १ देखि १२ सम्मका दलित, जेहन्दार तथा छात्राहरूलाई वितरण गरेको छात्रवृतिको भरपाइको प्रमाणित प्रतिलिपी उपलब्ध गराइयो ।

प्राप्त सूचनालाई सूचना कागकर्ताले विद्यार्थीहरूसँगै सोधपुछ गर्दा कक्षा ८,९ र १० का ४० जना विद्यार्थीहरूले छात्रवृत्ति नलिएको र भर्पाइमा शिक्षकहरूले नै हस्ताक्षर गरेको फेला परेपछि त्यस विषयमा सूचना मागकर्ताले विद्यालयको ध्यानाकर्षण गराए । त्यसपछि ती ४० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने आस्वासन प्रध्यानाध्यापक मनोज यादवले दिए । पछि तीमध्ये ३६ जनालाई रु. ४०० का दरले रु. १४ हजार ४ सय छात्रवृत्ति वितरण गरेको छ र २ जना सम्पर्कमा नआएको प्रअ यादवले बताएकाछन ।

सो विद्यालयका कक्षा ९ मा अध्ययनर प्रथम विद्यार्थी कनपा-१० वरेवाका अमन अंसारी, कक्ष ९ मा अध्ययनरत तेस्रो विद्यार्थी कनपा-१४ विशम्बरपुरका संजय कुमार कुशवाहाले छात्रवृति पाएकोमा खुसी व्यक्त गर्दै भने हाम्रो नाममा अरुले नै जेहेन्दार छात्रवृत्ति भनेर रु. ४०० का दरले रकम वुझिलिई सही गरेको रहेछ तर सूचनाको हक प्रयोग गरेर उक्त विषय सार्वजनिक भएपछि हामीले हाम्रो हराएको रकम पाउन सफल भायौं । सुचनको हकले अधिकार पाउन सुनिश्चित गराएको छ ।

विद्यालयलाई जिल्ला शिक्षा कार्यालय बाराले गत आ.व. २०७०/०७१ मा छात्रवृति वितरण गर्न रु २ लाख ८ हजार तीन सय रकम पठाएकोमा विद्यालयले १ देखि १० कक्षा सम्मका दलित विद्यार्थी, जेहन्दार छात्रछात्रा र सबै छात्राहरूलाई गरी ५२९ जना विद्यार्थीलाई जनही रु. ४०० का दरले गत २०७१ असोज २९ गते जिल्ला शिक्षा कार्यालयका प्रतिनिधी वि.नि मन्जुर आलमको उपस्थितिमा उक्त छात्रवृति वितरण गरेको थियो ।

*सूचना मागकर्ता कुशवाहले विद्यालयको आन्तरिक आर्थिक स्रोतहरू के-के हुन् ? उक्त स्रोतबाट वार्षिक के कति आम्दनी हुन्छ सो विवरणको प्रमाणित प्रतिलिपि तथा विद्यालयमा गत आ.व. २०७०/०७१ मा छात्रवृत्तिको लागि कति रकम प्राप्त भएको छ । र, उक्त करमबाट कति जना विद्यार्थीहरूलाई छात्रवृति प्रदान गरिएको हो, छात्रवृत्ति पाउने विद्यार्थीहरूको नाम, ठेगाना, कक्षा, अभिभावकको नाम र प्राप्त छात्रवृत्ति रकम सहितको विवरणको प्रमाणित प्रतिलिपि माग गरेका थिए ।*

विद्यालयले मलाई सूचना दिएपछि विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरेको हो वा होइन भनेर मैले आफ्नो गाउघरमा विद्यार्थीहरूलाई खोज्ने क्रमममा केही विद्यार्थीहरूसँग भेटभयो र भेटेका केहीले पैसा लिएको बताए पनि धेरैजसोले मैले पैशा बुझेको छैन यो मेरो हस्ताक्षर पनि होइन भनेपछि त्यस्ता विद्यार्थी मैले करिब ४० जना फेला पारेको थिएँ उनले भने । उता विद्यालयका प्रअ यादवले भने छात्रवृत्ति बड्ने क्रममा छुटेको हुनसक्ने भएकाले छुटेकाहरूलाई वितरण गरिएको स्पष्टीकरण दिएका छन् । जबकि प्राप्त गरेको भर्पाइमा गरिएको हस्ताक्षर नै आफ्नो नभएको दाबी विद्यार्थीहरूको छ । यो प्रभावपछि विद्यालयले शिक्षकहरूको बैठकबाटै सहायक प्र.अ इनर दासलाई सूचना अधिकारी नियुक्त गर्नुको साथै उनको नाम प्लेट र सम्पर्क नम्बरसहितको बोर्डसमेत राखेको छ ।

# सल्यानमा स्वास्थ्यमा बेथिति

- नारायण अर्याल

**सल्यान।** जिल्ला निःशुल्क औषधि उपचार सिफारिस समन्वय समिति सल्यानले गत साउनदेखि मंसिर महिनासम्मको ५ महिनाको अवधिमा २२ जनालाई निःशुल्क औषधि उपचारका लागि विभिन्न अस्पताल तथा चिकित्सा प्रतिष्ठानलाई सिफारिस गरेको छ।

प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने समितिले २२ जनालाई निःशुल्क उपचारका लागि सिफारिस गरेपनि उक्त अवधिमा सिफारिस कार्यान्वयनका बारेमा भने समितिको कुनै चासो देखिएको छैन।

फ्रिडम फोरमका नोदनाथ त्रितालले सूचनाको हकसम्बन्धी ऐन २०६४ प्रयोग गरी सूचना माग गर्दा जिल्ला प्रशासन कार्यालयमार्फत समितिले उपलब्ध गराएको विवरणमा सिफारिस देखिएको छ तर, कार्यान्वयन भए नभएको उल्लेख गरिएको छैन।

प्राप्त विवरणअनुसार २०७१ साउन २, ५, ६, १४, १५,२७, भदौ ८, १५, १६, २९, असोज ५, ७, कात्तिक ३, २४, मंसिर ८, ९, १०, ११, १२ र २५ गते समितिको बैठक बसेको छ। प्रत्येक बैठकले गम्भीर रोग लागेका १,१ जनालाई निःशुल्क उपचारका लागि विभिन्न अस्पताल, मेडिकल कलेज र स्वास्थ्य प्रतिष्ठानलाई सिफारिस गरेको छ।

## एकै दिन दुई बैठक

व्यक्तिको स्वास्थ्य संवेदनशील विषय हो। मुलुकको संविधानले नै स्वास्थ्यलाई मौलिकहकका रुपमा व्यवस्था गरेको छ। कमजोर आर्थिक अवस्था भएका नागरिकलाई निःशुल्क उपचार गर्ने तथा उपचारका लागि आर्थिक सहयोग गर्ने नीति सरकारको छ। त्यसैले जिलास्तरमा सम्बन्धित गाविसको सिफारिसमा प्रजिअ नेतृत्वको समितिमार्फत निःशुल्क उपचारका लागि सिफारिस गर्ने प्रावधान राखिएको हो।

सो जिल्लाको जिल्ला निःशुल्क औषधि उपचार सिफारिस समन्वय समितिले एकै दिन २ वटा बैठक बसेर बिरामीको निःशुल्क उपचारका लागि सिफारिस गरेको छ। २०७१ भदौ १६ गते र २०७१ मंसिर ११ गते सिफारिस समितिको बैठक २, २ पटक बैठक बसेको छ। तर, बैठकको समय भने निर्णय पुस्तिकामा उल्लेख गरिएको छैन। एकै र उस्तै प्रयोजनका लागि एकै दिनमा पटक-पटक बैठक बस्नुपरेमा समयसमेत उल्लेख गर्नुपर्ने भए पनि समितिले भने मितिमात्र उल्लेख गरेर निर्णय गरेको देखिएको छ। निर्णयपछिको अवस्था हेर्दा उपचार जहाँ भइरहेको छ त्यही अस्पताललाई सिफारिस गरिएको देखिन्छ। त्यस्तै सिफारिस कार्यान्वयनका बारेमा समिति मौन छ भने एकै दिन बसेका २ वटा बैठकको समय उल्लेख छैन। यो सबै अवस्था हेर्दा जिल्लातहमा उपचार सेवा निकै नै कमजोर देखिन्छ।

## अध्यक्ष को ?

उता जिल्ला निःशुल्क औषधि उपचार सिफारिस समन्वय समिति सल्यानको बैठकको अध्यक्ष नै स्पष्ट नै छैन । साउन १४ गते बसेको उक्त बैठकको अध्यक्षता वा समितिको संयोजक को हो भन्ने नै छैन । फ्रिडम फोरमका नोदनाथ त्रितालले सूचनाको हकसम्बन्धी ऐन २०६४ प्रयोग गरी मागेको सूचनामा प्राप्त बैठकको निर्णय पुस्तिकाको प्रतिलिपिमा समितिको अध्यक्षमा प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराको नाम उल्लेख गरिएको छ भने उपस्थितिमा भने निमित्त प्रमुख जिल्ला अधिकारी दीपेन्द्र पौडेलले अध्यक्षको रुपमा हस्ताक्षर गरेका छन् । सोही निर्णय पुस्तिकाको पुछारमा दीपेन्द्र पौडेलको हस्ताक्षरमा सहायक प्रमुख जिल्ला अधिकारीको सरकारी छाप लगाइएको छ । एउटै निर्णय पुस्तिकामा बैठकको अध्यक्षताका बारेमा तीन वटा फरक-फरक पद र दुई व्यक्तिको नाम उल्लेख गरिएको छ ।

ऐन अनुसार जिल्ला निःशूल्क औषधि उपचार सिफारिस समितिको अध्यक्ष प्रमुख जिल्ला अधिकारी रहने प्रावधान छ । प्रमुख जिल्ला अधिकारीको अनुपस्थितिमा अख्तियार प्रत्यायोजन भए निमित्त प्रमुख जिल्ला अधिकारीले उक्त जिम्मेवारी सम्हाल्न सक्छन् ।  तर, सहायक प्रमुख जिल्ला अधिकारीलाई भने ऐनले चिन्दैन ।

# सार्वजनिक खरिदमा मनपरी: पेनको मूल्य रू. १ देखि ६ हजार पाँच सयसम्म

- कृष्ण तिमल्सिना

प्रचलित सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तावनामा लेखिएको छः- **सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहीता र विश्वशनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न र सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।**

तर, यही ऐनको मर्म र भावनाविपरीत मुलुकका प्रमुख सार्वजनिक निकायले वस्तु तथा सेवा खरिद गरिरहेका छन्भन्दा तपाईंलाई विश्वास नलाग्ला । सूचनाको हक प्रयोग गरेर संकलन गरिएको प्रमाणित् बिल भर्पाइअनुसार, मुलुकको गृहप्रशासन, ऐन कानुन तथा नीति नियम पालनामा अधिकांश सार्वजनिक निकायलाई निर्देशित गर्ने तथा यसको पालनामा जिम्मेवार नबन्ने माथि कारवाहि चलाउने गृहमन्त्रालयका कर्मचारीहरू व्यापारीहरूसँग प्रतिगोटा एक रुपैयाँ तिरेर पाइलट पेन किन्छन् । गृहका कर्मचारीले ओढ्ने छाताको खरिद मूल्य पनि एक रुपैयाँ नै हो भने, किनेको छाता ओड्छन् । गृहले सार्वजनिक खरिद ऐन अनुसार सूचीकृत गरिएका फर्महरूसँग छाता मात्र हैन अरु धेरै कार्यालय प्रयोजनका सामान एक रुपैयाँ कै दरले किन्ने गरेको छ । आर्थिक वर्ष २०७०/०७१ का लागि गृहमा सूचिकृत फर्महरू, अरोमा इन्टरप्राइजेज तथा बी एण्ड बी ट्रेडर्सले धेरै सामान प्रचलीत् बजार मूल्यभन्दा कैयौं गुणा सस्तो मूल्यमा आपूर्ति गरिरहेका छन् सामानको बोलकबोल मूल्य सूचीअनुसार, गृहले एक वर्षको अवधीमा स्तरीय फोल्डिङ छाता ५० थान प्रतिगोटा एक रुपैयाँका दरले खरिद गरेको प्रमाणित् बिल भर्पाइ छ । छाता मात्र हैन गृह मन्त्रालयमा बालिने सीएफएल चिम पनि व्यापारीले प्रतिगोटा एक रुपैयाँ मै उपलब्ध गराएर भुक्तानी लिइरहेका छन् ।

अरु सार्वजनिक निकायमा बजार मूल्यभन्दा बढी मूल्यमा सामान आपूर्ति गर्ने सूचीकृत फर्महरूले वजारमा अनियमितता गर्दा कारबाही प्रक्रियामा प्रत्यक्षे सामेल हुने गृह मन्त्रालयलाई भने कोरा कपडा प्रतिमिटर ५ रुपैयाँका दरले आपूर्ति गरिरहेका छन् ।अरु मन्त्रालयलाई प्रतिमिटर ६५ रुपैयाँसम्म भुक्तानी लिने सूचीकृत फर्महरूले त्यही कपडा गृहलाई भने प्रतिमिटर ३० रुपैयाँमा आपूर्ति गर्छन् । अरु त अरु, १५ सयवाट क्षमताको विद्युतीय कित्लीदेखि सय पृष्ठको राम्रो गुणस्तरको डायरी पनि गृहले प्रतिगोटा एक रुपैयाँ मै खरिद गरेको देखिन्छ । सूचीकृत फर्मको

कवोल मूल्यसूचीअनुसार, बजारमा प्रतिगोटा ९५ रुपैयाँ पर्ने जापानी पाइलट पेन गृहले कतै एक रुपैयाँमा त कुनै फर्मसँग प्रतिगोटा ७० रुपैयाँका दरले ५ हजार थानसम्म खरिद गरेको छ । बजारमा सामान्य अवस्थामा प्रति क्वाइल ८ सयदेखि एक हजार रुपैयाँसम्म पर्ने ७/२२ को तार सूचीकृत फर्मले गृहलाई एक रुपैयाँमै उपलब्ध गराएका छन् । सामान्यतः उपभोग्य सामानका अधिकतम मूल्य ती वस्तुहरूमा लेखिए कै हुन्छन्, तर गृह मन्त्रालयका लागि सामान आपूर्ति गर्ने फर्मले किन यति न्यून मूल्य कवोल गरिरहेका हुन्छन् त ? यो मूल प्रश्न हो । सार्वजनिक खरिद प्रक्रियामा देखिएको यस्तो मनपरी रोक्न सक्रिय बन्नुपर्ने सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रवक्ता नरेशकुमार चापागाईं भन्छन्, यो कार्यालयमा कम खपत हुने सामान सस्तोमा दिने तर बढी खपत हुने सामानमा बढी मूल्य लगाएर टेण्डर आफूलाई पार्नेहरूको जाल-झेल हो । यस्ता एक रुपैंया मै सबै सामान दिन्छु भनेर कवोल गर्नेहरूले कि त सामान नै दिँदैनन्, कि सामानको गुणस्तरमा सम्झौता गर्छन् । कार्यक्रम सूचनाको हकमा प्रसारण भएको एक रुपैयाँमा किनिएको सामानको बिल भर्पाइ हेरेपछि चापागाईंले भने, यस्तो बील पहिलो पटक देखेका छौं, हामी छानबिन गर्नेछौं ।

बजार विश्लेषकहरू भन्छन् यसरी शक्तिशाली निकायमा सस्तो सामान आपूर्ति गरेर आफ्नो प्रभाव र पहुँच देखाउन खोज्नेहरूले त्यसको सापो नापो सामान्य बजार मूल्यबाटै असुलउपर गर्छन् । नोक्सानको व्यापार कसैले गर्दैन, यो देखावटी भ्रम मात्र हो ।

गृह मन्त्रालयले उपलब्ध गराएको मसलन्द सामानको कवोल मूल्य विवरणअनुसार केही निश्चित् सामानबाहेक अरु सबै सामान उसले प्रति गोटा एक रुपैंयाका दरले खरिद गर्छ र गरिरहेको छ । कार्यालयमा प्रयोग हुने थर्मसदेखि कुचोसम्म, भुइँ पुछ्ने टालोदेखि ताल्चासम्म, टोनर कार्टेजदेखि जस्तोसुकै क्षमताको सिएफएल चिमसम्म, सबै उसका लागि एक रुपैयाँमै सामान उपलब्ध गराउन सूचीकृत फर्महरू तयार हुन्छन् । गृह मन्त्रालय र सामान आपूर्तिका लागि न्यूनतम मूल्य कवोल गर्ने फर्मबीच भएको सम्झौतामा, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित् ऐन नियम बमोजिम काराबार गरिने उल्लेख छ । तर यो बोलकबोल मूल्य सूचीले एउटा प्रश्न उब्जाएको छ, के गृहले प्रचलित ऐन कानुन र नियमावलीअनुसार वस्तु तथा सेवा खरिद गरिरहेको छ त ? सूचनाको हकका अभियन्ता फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहाल भन्छन्, **यो सार्वजनिक खरिद ऐनको कमजोरी हो । यो ऐनले यस्ता धेरै नीतिगत अनियमिततालाई प्रश्रय दिइरहेको छ । त्यसैले यसको संशोधन जरुरी छ ।**

गृह मन्त्रालय आन्तरिक व्यवस्था शाखाका अनुसार, आर्थिक वर्ष २०७०/०७१ का लागि कार्यालय सम्वन्धी सामान आपूर्ति खर्च शिर्षकमा एक करोड ६ लाख २९ हजार रुपैंया विनियोजन गरिएकोमा तोकिएको अवधीमा गृहले आवाश्यक सामान ४८ लाख ३ हजार रुपैयाँमै किनेको छ । किनभने, गृहका लागि जुनसुकै आपूर्तिकर्ताले पत्याउनै नसक्ने मूल्यमा सामान दिने कबोल गर्छन् । संकलित वील भर्पाइ अनुसार, अर्को भाग्यमानी मन्त्रालय स्वास्थ्य तथा जनसंख्या पनि हो । स्वास्थ्य मन्त्रलयले उपलब्ध गराएको प्रमाणित बिल भर्पाइअनुसार, सूचीकृत फर्महरूले त्यहां आवाश्यक खामदेखि दर्ता कितावसम्म, डायरीदेखि बोर्ड मार्करसम्म प्रति गोटा एक रुपैयाँका दरले वोल कवोल गरेका छन् र सामान दिइरहेका छन् । अरु मन्त्रालयले प्रतिगोटा ४ सय रुपैयाँ भुक्तानि गरिरहेको माटोको हिटर स्वास्थ्यले एक रुपैंयामै किनेको छ । कम्प्युटर माउस

देखि पानी तताउने कित्लीसम्म स्वास्थ्यले पनि एक रुपैयाँमा किनेको छ । स्वास्थ्य मन्त्रालयमा प्रयोग हुने, चिया पिउने कप-प्लेट सेट पनि एक रुपैंयाका दरले किनिएको बिल भपाई स्वास्थ्यका अधिकारीहरूले दिएका छन् । तर, सोही आर्थिक वर्षमा सस्तो सस्तो मूल्यमा सामान किनेर आफूलाई मितव्ययी देखाएको स्वास्थ्यले चाइनिज सोफा सेटका लागि भने ९५ हजारदेखि १ लाख ७ हजार रुपैयाँसम्म भुक्तानी गरेको देखिन्छ । अनि एक रुपैयाँमा स्टेसनरीजन्य सामान किन्ने त्यही स्वास्थ्य मन्त्रालयले एक वर्षको अवधीमा कार्पेट, कुर्सी र सोफा सेटका लागि  झण्डै १६ लाख २७  हजार रुपैयाँ खर्चेको छ । स्वास्थ्य मन्त्रालयले उपलव्ध गराएको प्रमाणित बिल भर्पाइमा भेट्टाइएको अर्को रोचक तथ्य के छ भने, सूचीकृत फर्म मार्केटिङ लाइन इन्सले २०७० साल माघ २६ गते एचपी लेजर १३.ए टोनर प्रति गोटा एक रुपैंयाका दरले ५ थान स्वास्थ्य मन्त्रालयमा आपूर्ति गरेको छ । अनि सोही सामान सोही मन्त्रालयमा सोही फर्मले २०७१ साल मंसिर २२ गते प्रतिगोटा ९ हजार ५ सय रुपैयाँमा बेचेको छ । मार्केटिङ लाइन इन्सले जारी गरेको यी दुई बिल विजकबाट पनि बजारमा सामान आपूर्तिमा संलग्न फर्महरूले मच्चाइ रहेको अराजकता छलङ्ग हुन्छ ।

# सूचनाको हकले दिलायो ज्याला

- दीपेश घिमिरे

**कालिकोट ।** नेपालकै दुर्गम मध्येको एक जिल्ला हो कालिकोट । यहाँ यातायातको सुविधा पुगेको भर्खर सात वर्ष भयो । यातायातमात्र होइन यस दुर्गम जिल्लामा हवाईजहाजको सुविधासमेत छैन । यातायात र हवाईजहाज दुवैको सुविधाबाट विमुख हुँदाको पीडा कालिकोटबासीले जति अरु कसले भोगेका छन् र ? यस्तो पीडाबाट मुक्ति पाउनका लागि यसअघि पनि प्रयासहरू नभएका होइनन् । तर राजनीतिक तथा आर्थिक समस्या र सुशासनको अभावले यस्ता प्रयासहरू निरर्थक भएका हुन् ।

लामो समयदेखि कालिकोट जिल्लामा विमानस्थाल बनाउनको लागि विभिन्न क्षेत्रबाट पहल भइरहेको थियो । यसै क्रममा वि.सं. २०५३ सालबाट कालिकोटको कोटवाडा सुनथराली विमानस्थल निर्माण कार्य सुरु भयो । तर झण्डै १९ वर्ष बितिसक्दा पनि यो विमानस्थल निर्माण कार्य सम्पन्न हुन सकेको छैन । यातायातको सुविधाबाट विमुख रहेका कालिकोटबासीको हवाईजहाज चढ्ने चाहना पनि समयमा पूरा हुन सकेन । यही जहाज चढ्न पाइने र केही पैसा आम्दानी पनि हुने उत्कृष्ट चाहनामा विमानस्थल निर्माणको कार्यमा खटिएका मजदुरले समेत विगतलामो समयदेखि ज्याला पाएनन् । मजदुरहरूले आफ्नो ज्याला पाउनको लागि धेरै प्रयास गरे । विमानस्थल निर्माण उपभोक्ता समितिसँग कयौंपटक कुरा गरे । जिल्ला प्रशासन कार्यालयमा जुलुस गरे । राजनीतिक दलका नेताहरूलाई गुहारे । तर, कहीँ कतैबाट उनीहरूको पीडाको सुनुवाइ भएन । मजदुरले ज्याला पाएनन् ।

विमानस्थल निर्माणमा काम गरेर ज्याला नपाएकामध्ये एक हुन अम्बा बूढा । आफूहरूले लामो समय श्रम गरेर पनि ज्याला नपाएको उनी बताउँछन् । "वि.सं. २०६६ सालदेखि काम गरेको ज्याला हामीले पाएनौं," बूढाले भने "धेरै चोटी उपभोक्ता समितिका पदाधिकारी, कर्मचारी, ठेकेदारलाई भेट्यौ तर कहिबाट ज्याला पाइएन ।"

दिनभरी काम गरेर विहान बेलुकाको हातमुख जोड्ने मजदुरले आफ्नो आन्दोलनलाई निरन्तरता दिन सक्ने कुरा पनि भएन । केही समय प्रयास गरेपछि पनि उपलब्धि हात नलागेपछि आफ्नो भाग्यलाई दोष दिदै मजदुरहरू अर्को काममा लागे । विस्तारै यो घटना सामसुम हुँदै गयो । मजदुरले पनि विस्तारै बिर्सँदै गए । उपभोक्ता समिति र ठेकेदारले वेवास्तागर्दै गए । प्रशासनमा कर्मचारी फेरिए । नयाँ कर्मचारीले पुरानो समस्याबारे जान्ने कुरै भएन ।

२०६४ सालमा कालिकोटमा यातायातको सुविधा पुगेपछि स्थानीय बासिन्दाले पनि विमानस्थल निर्माणमा चासो राख्न छाडे । विमानस्थल झनै अलपत्रहुदै गयो । यसै क्रममा कालिकोटका सूचनाको हकका अभियन्ता खगेन्द्र भट्टराईलाई किन लामो समय सम्म पनि उक्त विमानस्थल निर्माण भएन भन्ने जिज्ञासा उत्पन्न भयो । त्यसैले उनले लामो समयसम्म पनि विमानस्थल निर्माण सम्पन्न नहुनुको कारणबारे सूचनाको हक प्रयोग गरेर निवेदन दिने विचार गरे । उनले निवेदन लिएर उपभोक्ता समितिको कार्यालयमा पुगे । तर उपभोक्ता समितिले सो निवेदन दर्ता गर्न मानेन

। उपभोक्ता समिति पनि सार्वजनिक निकाय भएकोले निवेदन दर्ता गर्नुपर्नेभन्दा पनि निवेदन दर्ता नभएपछि अभियन्ता भट्टराईले सो निवेदन जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने विचार गरे । यसै बीचमा विमानस्थल निर्माणकार्य ढिलो मात्रनभई त्यहाँ काम गरेका मजदुरले लामो समयसम्म पनि ज्याला नपाएको सूचना भट्टराईले प्राप्त गरे । "सुरुमा विमानस्थल निर्माण ढिलो हुनुको कारण खोजी गर्न निवेदन दिने योजनामाथिए" भट्टराई भन्छन् "यसैक्रममा निकै लामो समयदेखि मजदुरले ज्यालानपाएको सूचना पाएपछि मैले पहिला मजदुरलाई प्राथमिकता दिने विचार गरे ।"

यसपछि अभियन्ता भट्टराईले उक्त विमानस्थल निर्माणको क्रममा कामगर्ने मजदुरहरूलाई खोज्न थाले। यसरी खोजी गर्ने क्रममा झण्डै सात-आठ वर्षदेखि ज्याला नपाएका मजदुरहरूसँग उनको भेट भयो। त्यसपछि तिनै मजदुरलाई उनीहरूको हकअधिकारको बारेमा जानकारी गराएर शसक्त बनाए। त्यसपछि भट्टराई र केही मजदुरले सूचनाको हकसम्बन्धी ऐन २०६४ अनुसार २०७१ वैशाख ११ गते जिल्ला प्रशासन कार्यालय मान्म कालिकोटमा निवेदन दिए । निवेदनमा विमानस्थल निर्माणका लागि अहिलेसम्म कति बजेट आएको छ ? सो बजेट कहाँ कहाँ खर्च भयो ? मजदुरहरूले अहिलेसम्म गरेको काम कति हो ? उनीहरूलाई कति भुक्तानी दिईयो ? त्यसको यथार्थ विवरण पाउँ भन्ने उल्लेख गरिएको थियो ।

यसरी सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार निवेदन परे लगत्तै जिल्ला प्रशासन कार्यालय कालिकोटले यसलाई प्राथमिकतामा राखेर छानविन प्रक्रियालाई अगाडि बढायो । यसपछि उपभोक्ता समितिसँग यसका सम्बन्धमा भएका सम्पूर्ण कागजपत्र लिएर छानबिन अगाडि बढायो । वर्षौं अगाडि काम गरेर पनि कामदारहरूले १४ लाख रुपैयाँ ज्याला नपाएको छानविनबाट देखियो । छानबिनपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी किशोर चौधरीले विमानस्थल निर्माण उपभोक्ता समितिका पदाधिकारी तथा मजदुरका प्रतिनिधिलाई छलफलका लागि जिल्ला प्रशासन कार्यालयमा बोलाए । उक्त छलफलपछि उपभोक्ता समितिका पदाधिकारी र कामदारहरूबीच एउटा सहमति भयो । सो सहमतिअनुसार निर्माण कार्यमा संलग्न रहेका कामदारलाई तत्काल उनीहरूको ज्याला बाँडिने भयो । केही रकम उपभोक्ता समितिमा अनियमितता भएको देखियो भने कति रकमचाहिँ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाटै रकम निकासा नभएको देखियो । यसपछि जिल्ला प्रशासन कार्यालयले तत्काल मन्त्रालयलाई यो समस्यासहितको पत्राचार गऱ्यो । साथै उपभोक्ता समितिमा हिनामिना भएको रकम पनि तत्काल मजदुरलाई वितरण गर्नको लागि निर्देशन दियो । यसपछि उपभोक्ता समितिले पनि जिल्ला प्रशासनले भने जति रकम तत्काल जम्मा गऱ्यो भने मन्त्रालयबाट पनि लामो समयदेखि थन्किएर रहेको फाईल तत्काल अगाडि बढायो र बाँकी रकम पठायो । जसले गर्दा आठ वर्ष देखिको ज्याला मजदुरले पाउन सके ।

"पहिला पनि मजदुरले ज्याला पाउन आन्दोलन गरेका थिए भन्ने जानकारी पाइयो" प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धर भन्छन् "तर त्यसबाट कुनै उपलब्धि भएनछ । तर सूचनाको हकसम्बन्धी ऐन २०६४ अनुसार दिएको एउटा निवेदनले मजदुर वर्षौंदेखिको ज्याला भुक्तानी दिलाउन सफल भयो ।"

वर्षौं अघि काम गरेर ज्याला नपाएर निराश भएका मजदुरहरू पनि सूचनाको हकसम्बन्धी ऐनअनुसारको एउटा निवेदनले ज्याला दिलाई दिएकोमा दंग छन्। "सूचनाको हक प्रयोग गरेर निवेदन दिएपछि आठ वर्ष पछि मैले ३० हजार रुपैयाँपाए" मजदुर बुढा भन्छन्, "यत्रो वर्ष पछि पैसा पाउँदा सपना जस्तै लागेको छ।" एउटा निवेदन यति बलियो हतियार हुन्छ होला भनेर आफूहरूले कहिल्यै नसोचेको बुढा बताउँछन्। कत्रो आन्दोलन गर्दा पनि नपाएको ज्याला त्यहि निवेदनले दिलाउँछ होला भन्ने कहिल्यै सोचेको थिइन बुढा भन्छन्, "त्यही निवेदनले नै यत्रो वर्षपछि ज्याला दिलाई दियो हामी सबै मजदुर खुसी छौं।" उनी यदि आफूलाई यस्तो समस्या परेको भएमा सूचनामागगर्न अरुलाई सल्लाह दिन्छन्।

यसैगरी सूचनाको हकका अभियन्ता खगेन्द्र भट्टराई सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार दिइएको एउटा निवेदनले दर्जनौं मजदुरले ज्याला पाएका बताउँछन्। "हरेक अनियमितता, विकृति, विगतीका बारेमा सूचना मागगर्ने हो भने त्यसले सकारात्मक प्रभाव पार्दछ," अभियन्ता भट्टराई भन्छन्, "सूचनाको हक व्यक्तिको दैनिकीसँग जोडिएको छ त्यसैले आफूलाई चित्त नबुझेको तथा जान्न चाहेको विषयमा तत्काल सूचना मागगर्ने बानी बसाल्नुहोस्।"

# सांसदहरूले गरे आफूखुसी खर्च

- कमलदेव भट्टराई

**कोषको दुरुपयोग गर्ने तरिका**

- कोषको रकम विकास परियोजनामा प्रयोग नगर्ने
- सभासदहरूले आफ्ना समर्थकहरूलाई खुसी बनाउन परियोजना छनोट गरे
- अर्को निकायले निर्माण गरेका परियोजना पनि आफैंले निर्माण गरेको दाबी गर्ने प्रवृत्ति
- परियोजना स्थल पहिचान नहुने
- सभासदहरूका दलसँग आबद्ध संस्थाहरूलाई रकम उपलब्ध गराएको
- स-साना परियोजना बनाएर बजेट छरिएको

**काठमाडौं ।** सरकारले सांसदहरूको निरन्तरको दबाबमा निर्वाचन क्षेत्र विकास कार्यक्रम (सीडीपी) को बजेट वृद्धि गर्ने तयारी गरिरहेकै समयमा जनताका यिनै प्रतिनिधिहरूले आफूखुसी रकम खर्चिएको सार्वजनिक भएको छ ।

गत वर्ष, सरकारले संविधानसभाका सदस्यको प्रत्यक्ष निगरानीमा २४० निर्वाचन क्षेत्रका लागि रु. १/१ करोड विनियोजन गरेको थियो । यो वर्ष, उनीहरूले यो रकममा वृद्धि गरी रु. ५ करोड पुऱ्याउन निरन्तर दबाब दिइरहेका छन् । यसबाहेक, सरकारले सबै सांसदका लागि संसद् विकास कोषको रकममा वृद्धि गरी रु. ५ लाखबाट रु. १५ लाख पुऱ्याएको छ ।

गैरसरकारी संस्था फ्रिडम फोरमले तयार पारेको प्रारम्भिक प्रतिवेदनले दुवै शीर्षकमा व्यवस्था गरिएको बजेटलाई विकास परियोजनामा प्रयोग नगरेको देखाएको छ । देशका ६० वटा जिल्लामा गरिएको अध्ययनले सांसदहरूले संघीय मामिला एवं स्थानीय विकास मन्त्रालयको निर्देशिकालाई बेवास्ता गर्दै आफ्ना समर्थक/कार्यकर्तालाई खुसी पार्नेगरी परियोजनाहरू छनौट गरेको देखाएको छ ।

अध्ययनअनुसार, काठमाडौं-१ बाट निर्वाचित स्थानीय विकासमन्त्री प्रकाशमान सिंहले आफ्नो क्षेत्रमा सोलार बत्ती जडान गर्न त्यस्तो रकम खर्चिएका छन् । उनले संविधानसभा भवनको अधिल्तिर सोलार बत्ती जडान गरेको, र त्यहीँ सबैभन्दा बढी रकम खर्चिएको दाबी गरेका छन् । यथार्थमा, काठमाडौं महानगरपालिकाले सार्क सम्मेलनको तयारीको सिलसिलामा ती सोलार बत्ती जडान गरेको थियो ।

मन्त्रालयको निर्देशिकाले रकम अभावमा अधुरा रहेका पुराना विकास परियोजनालाई प्राथमिकता दिई बजेट व्यवस्था गर्नुपर्ने जनाउँछ । बजेटले तोकेका अन्य क्षेत्रहरूमा प्राकृतिक विपद्बाट क्षतिग्रस्त भौतिक पूर्वाधारको पुनर्निर्माण तथा विपद् तयारी परियोजना छन् ।

सीडीपीका लागि विनियोजित बजेटलाई जिल्ला विकास समिति, नगरपालिकाहरू र गाउँ विकास समितिसँगको समन्वयमा खर्च गरिनु पर्दछ । निर्देशिकाले निर्वाचन क्षेत्रको पूर्वाधार विकास र रोजगारी सिर्जना गर्ने कार्यहरूमा खर्च गर्नुपर्ने जनाएको छ । तर फ्रिडम फोरमलाई जिल्ला विकास समितिबाट उपलब्ध गराइएका कागजातले अधिकांश सभासदहरूले परियोजना छनौट गर्दा तोकिएका सर्तहरू पूरा गर्न असमर्थ भएको देखाएको छ। यी कागजाताहरू सूचनाको हकको अभ्यास मार्फत प्राप्त गरिएका थिए ।

प्रतिवेदनमा समाविष्ट विकास परियोजनाहरू स्पष्ट हुन नसकेका कारण खर्चमाथि नै शंका उब्जिएको हो । उदाहरणका लागि, बजेट खर्च भएका सडक निर्माण र पूर्वाधार विकास समेतका अन्य परियोजनाहरूको स्थान नै तोकिएका छैनन् ।

काठमाडौं- ३ बाट निर्वाचित एमालेका सभासद रामेश्वर फुयाँलले लोकसेवा आयोगको परीक्षाको तयारी कक्षामा खर्च गरेका थिए। उनले केही रकम मदन आश्रित अडिटोरियमका निम्ति उपलब्ध गराएको अनुमान गरिएको छ । उनले मन्त्रालयले तयार गरेकै निर्देशिका बमोजिम रकम खर्च गरिएको दाबी पनि गरे। तर, फुयाँलले यस्तो कोषको प्रयोगलाई अनुगमन गर्न प्रभावकारी संयन्त्र आवश्यक रहेको जनाए। काठमाडौं- १० बाट निर्वाचित नेपाली कांग्रेसका सभासद् राजेन्द्र कुमार केसीले गणेशमान मेमोरियल इन्स्टिच्यूटलाई बाजा र कम्प्युटर खरिद गर्न तथा तालिम कार्यक्रम सञ्चालन गर्न रकम उपलब्ध गराएका थिए ।

काठमाडौं-९ का निर्वाचित सभासद भिमसेन दास प्रधानले पनि त्यही इन्स्टिच्युटलाई बाजा खरिद गर्न रु. ६ लाख प्रदान गरेका थिए ।

अध्ययनले के देखाएको छ भने अधिकांश रकम आफ्नै क्षेत्रका पार्टीसँग आबद्ध संस्थाहरूमा गएको छ । नेपाली कांग्रेसका सभासद रामहरि खतिवडाको विचारमा सिद्धान्ततः यो राम्रो भए पनि केही सभासदबाट रकम हिनामिना गरिएका कारण समग्र कार्यक्रमप्रति नकारात्मक टिकाटिप्पणी भइरहेको छ ।

कागजातको अध्ययनले सीडीपीका लागि विनियोजित बजेट निर्देशिकासँग बाझिने गरी साना विकास परियोजनामा छरपष्ट पारेको देखाएको छ । एमालेका सभासद रवीन्द्र अधिकारी कार्यक्रमका बारेमा आमजनतामा गलत छाप परेको बताउँछन्। "गत वर्षको कार्यक्रमबाट राम्रा उदाहरणहरू निकै आए। तर, दुरुपयोगका घटनाहरू पनि पाइए," उनले बताए। गत वर्ष, सबै दलका सभासदहरूले आफ्ना माग पूरा नगरे बजेट नै पारित हुन नदिने धम्की दिएका थिए ।

नेपाली कांग्रेस संसदीय दलको बैठकले रु. ५ करोड विनियोजन गर्न सरकारसँग आग्रह गरे पनि अर्थ मन्त्रालयले रु. १ करोड उपलब्ध गराएको थियो, र हरेक वर्ष क्रमिकरुपमा वृद्धि गर्ने प्रतिबद्धता जनाएको थियो ।

# क्याम्पसमा सूचना हक

- एकराज गिरी

**झापा ।** नेपालमा सूचनाको हक कार्यान्वयनमा आएको सात वर्ष बितेको छ । यसबीच नागरिकले संघर्ष गरेरै सूचना प्राप्त गरेका उदाहरण पनि स्थापित भएका छन् । यसको ज्वलन्त उदाहरण बनेको छ झापाको कनकाई नगरपालिका-३ स्थित कनकाई बहुमुखी क्याम्पस । आफूसम्बद्ध संस्थाकै सूचना पाउन त्यस क्याम्पसका सहायक प्राध्यापक ठाकुरप्रसाद रसाइलीले निरन्तर संघर्ष गरेका छन् ।

झापाको गरामनी गाविस स्थायी ठेगाना भएका सहायक प्राध्यापक रसाइलीले २७ असोज २०७१ मा सूचनाको हकसम्बन्धी ऐनअनुसार तीनवटा सूचना मागे । उनले सहायक क्याम्पस प्रमुखहरूको नियुक्ति सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि, अभ्यास शिक्षण समिति प्रमुखको नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि र विषय समिति प्रमुखहरूको नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि मागेका थिए ।

कानुनले तोकेको १५ दिनको समय सीमाभित्र कनकाई क्याम्सका सूचना अधिकारीले सूचना उपलब्ध गराएनन् । रसाईलीले कानुनी व्यवस्था बमोजिम सात दिनभित्र सोही क्याम्सका तत्कालीन प्रमुख त्रिलोचन मैनालीलाई उजुरी गरे । तर सहायकप्राध्यापक रसाईलीको उजुरी मैनालीले बुझ्न मानेनन् । विकल्पमा रसाइलीले हुलाकबाट उजुरी क्याम्पसमा पठाए । उक्त उजुरी पाएको सात दिनभित्र प्रमुख मैनालीले सूचनादिने नदिने निर्णयको जानकारी वा सूचना अधिकारी मार्फत उपलब्ध गराउनु पर्ने व्यवस्थाको पूरै बेवास्ता गरे । सूचना दिनुको सट्टा रसाइलीलाई सूचना मागेवापत स्पष्टीकरण सोध्नेसम्मको कार्य भयो ।

रसाइलीले हिम्मत हारेनन, बरु सूचनाको हकको कानुनलाई भरोसा ठाने । सोहीबमोजिम १ मंसिर २०७१ मा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरे । आयोगले १५ मंसिर २०७१ मा रसाइलीले मागेको सूचना उपलब्ध गराउन कनकाई क्याम्पसलाई आदेश गर्‍यो । निवेदकले माग गरेको सूचना सातदिनभित्र उपलब्ध गराउनु र उपलब्ध गराउन नमिल्ने भए उचित र पर्याप्त कारण समेत खोली यसको जानकारी आयोगलाई दिनु भनी कनकाई क्याम्पसका प्रमुख र त्यहाँका सूचना अधिकारीलाई आयोगले आदेश दिएको थियो ।

आयोगको आदेशपछि १३ पुस २०७१ मा क्याम्पसले आयोगलाई पत्र लेखीजवाफ पठायो । रसाइलीले सूचना माग्नुको प्रयोजन स्पष्ट नभएको, क्याम्पसको शैक्षिक प्राज्ञिक मर्यादामा खलल पुग्ने महसुस गरी सूचना दिनु आवश्यक नभएको भनी क्याम्पसले जवाफदियो । जुन सञ्चालक समितिको सहमति र निर्णयमा भएको थियो । जवाफ राष्ट्रिय सूचना आयोगलाई चित्त बुझेन । कनकाई क्याम्पसले निवेदकलाई सूचना दिन नसकिने भनी पेस गरेको कारणतर्फ विचार गरी हेर्दा आयोग सहमत हुन सकेन । आदेश कार्यान्वयनका लागि आयोगले २२ माघ २०७१ मा दोस्रो आदेश जारी गर्‍यो- 'निवेदकले माग गरेको सूचना उपलब्ध गराउनू' ।

२०६९ साल माघमा क्याम्पस प्रमुख नियुक्त भएका मैनालीले पुस अन्तिम २०७१ मा राजीनामा दिए । सञ्चालक समितिले २२ माघ २०७१ मा मैनालीको राजीनामा स्वीकृत गर्‍यो । र, २४ माघ २०७१ मा मैनालीभन्दा अघिकै प्रमुख टंकबहादुर कार्कीलाई पुनःक्याम्पस प्रमुख नियुक्त गर्‍यो । आयोगको दोस्रो आदेशबाट क्याम्पसमा तरंग त आयो तरके गर्ने भनेर अलमलमा परे ।

आयोगको आदेश कार्यान्वयन गर्ने नगर्ने विषयमा क्याम्पस टिम विभाजित भयो । यसमै केही समय बित्यो । आयोगको आदेश कार्यान्वयन नभएको र रसाइलीले सूचना नपाउनुको कारण बुझ्न फ्रिडम फोरमबाट सूचनाको हकका अभियन्ताहरूको टोली क्याम्पसमा आउनेबारे अगाडि नै कारणसहित जानकारी गराइयो । त्यसले क्याम्पसलाई उक्त विषयमा गम्भीर बन्न बाध्य पार्‍यो । त्यही बेला ३० जेठ २०७२ मा क्याम्पस सञ्चालक समितिको बैठकले राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयन गर्दै रसाइलीलाई सूचना उपलब्ध गराउने निर्णय गर्‍यो । जुन दिन सूचनाको हकका अभियन्ताहरूको टोली  झापा आइसकेको थियो ।

त्यस घटनापछि नागरिकले मागेका सूचना उपलब्ध गराउन क्याम्पसले सूचना अधिकारीको व्यवस्था गर्ने तयारी गरेको छ । हाल रिक्त रहेको सहायक क्याम्पस प्रमुखको आउँदो साउनमा नियुक्ति गर्ने र तिनैलाई सूचना अधिकारी तोक्ने क्याम्पस प्रमुख कार्कीले बताए । यस घटनाले स्थानीय तहका निकायको पनि जो आफू सम्बद्ध नै किन नहोस् सूचना पाइँदो रहेछ भन्ने दृष्टान्त प्रस्तुत गरेको छ । अरूलाई पनि सूचनाको हक बुझाउन र सूचना माग्न अनि सार्वजनिक निकाय र जिम्मेवार पदाधिकारीलाई मागबमोजिम सूचनादिन जागरुक एवम् सचेत गराएको छ ।

क्याम्पसको विधानको दफा ५(५) मा सहायक क्याम्पस प्रमुख नियुक्ति गर्दा अन्य शैक्षिक संस्थामा वैतनिक काम गरेको हुने नहुने, त्यसो भए अन्यत्रबाट राजीनामा दिएमात्र नियुक्तगर्न सकिने व्यवस्था छ । सो पदमा नियुक्त मैनाली र उप्रेती कतै वैतनिक थिए । योग्य उम्मेदवारमा रसाइली र तिलविक्रम कन्दङ्वा कनकाई क्याम्पसमा मात्र निर्भर थिए । तत्कालीन क्याम्पस प्रमुख त्रिलोचन मैनालीको सिफारिसमा सहायक क्याम्पस प्रमुख नियुक्त भएका मैनाली र उप्रेतीले राजीनामा दिए । २२ माघ २०७१ मा उप्रेती र ५ चैत २०७१ मा मैनालीको राजीनामा स्वीकृत भयो । त्यसैले उनले सूचना माग गरेका थिए ।

त्यस्तै अभ्यास शिक्षण समिति प्रमुखको नियुक्ति सम्बन्धमा आन्तरिक शिक्षण सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्न वरिष्ठताका आधारमा क्याम्पस प्रमुखले सो पदमा नियुक्तगर्ने प्रावधान शैक्षिक प्रशासन नियमावलीको ५(१) मा रहेकोले रसाइलीले पालो आफ्नो भए पनि शेरबहादुर बानियाँलाई १ भदौ २०७० मा नियुक्ति गरिएकोले त्यसमा अन्यायमा परेको भन्दै सूचना मागेका थिए ।

# सूचनाको हकले न्यायको अनुभूति

- कृष्ण अधिकारी

सूचनाको हकका लागि नागरिक अभियान देशव्यापी बन्दै गएको छ । सूचनाको हकसम्बन्धी जानकारी नागरिक तहमा बढ्दै गएका पछि सूचना माग्ने क्रम पनि ह्वातै बढ्दै गएको छ । लामो समयदेखि हुन नसकेका नागरिकका कामहरू पनि सूचनाको हकसम्बन्धी निवेदन दर्ता गरेसँगै हुन थालेका छन् । अनियमितिता, ढिलासुस्ती र अपारदर्शी रूपमा भइरहेका गतिविधिहरूमाथि नागरिकको निगरानी पनि बढ्दै गएको छ ।

नेपालगन्जको रानीतलाउस्थित तरकारी बजार व्यवस्थापन समितिको चुनाव भएको थिएन । हिसाब किताब अव्यवस्थित थियो । तरकारी बजार के कसरी चलिरहेको छ भन्ने जानकारी तरकारी व्यवसायीले समेत पाउन सकेका थिएनन । सूचनाको हकसम्बन्धी निवेदनपछि लामो समयदेखि हुन नसकेको व्यवस्थापन समितिको निर्वाचन भई नयाँ समिति गठन भएको छ भने हिसाब किताब सार्वजनिक हुनुका साथै अनियमिता भएको रकम पुरानो व्यवस्थापन समितिले तिर्ने भएको छ ।

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले तरकारी बजारमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरेपछि तरकारी बजारको स्टलहरूमा तरकारीको मूल्यमा एकरूपता ल्याउनका लागि बिक्री मूल्यसम्बन्धी मूल्य सूची टास गर्ने, आर्थिक आय व्यायका विषयमा गठित छानबिन समितिले देखाएको रकम रु. २ लाख ५४ हजार रुपैयाँ फिर्ता गर्ने, तरकारी समितिले भाडामा लिएको जग्गाको भाडा वापतको वहाल कर कट्टा गरि मासिक रूपमा नियमित रूपमा दाखिला गर्ने निर्णय जस्ता कार्य सुरु भएको छ ।

त्यसैगरी बाँकेको इन्द्रपुरस्थित निम्न माध्यमिक विद्यालय बञ्जारेगाउको विगत ३ वर्षदेखि रोकिएको छात्रवृत्तिको रकम वितरण सुरु भएको छ । विद्यालय व्यवस्थापन समितिको निर्बाचन नभएको कारण देखाउदै विद्यालय प्रशासनले छात्रवृत्ति वितरण नगर्दा विद्यार्थीहरू समस्यामा परेका थिए ।

छात्रवृत्ति वितरण नहुनुको कारण माग गर्दै सूचनाको हकसम्बन्धी अधिकारको प्रयोग गरी सूचना माग गरिए पछि विद्यालयले कक्षा १ र २ का दलित तथा छात्राहरूलाई छात्रवृत्ति रकम वितरण गरेको छ । जिल्ला शिक्षा कार्यालय बाकेले आर्थिक वर्ष २०७०।०७१ का लागि निमावि बन्जारे गाउका लागि ७६ हजार ७ सय २५ रुपैयाँ उपलब्ध गराएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०६८।०६९ का लागि उपलब्ध गराइएको करिब ५२ हजार र आर्थिक वर्ष २०६९।०७० को लागि उपलब्ध गराइएको करिब ५५ हजार रुपैयाँ पनि वितरण गरिएको छ । विद्यालयमा छात्रवृत्ति रकम वितरण नभएको बेला सूचना मागिएपछि जिल्ला शिक्षा कार्यालयबाट आएको अनुगमन टोलीले कडाइ गरेपछि अहिले विद्यालय प्रशासनले छात्रवृत्ति वितरण सुरु गरेको हो ।

आफ्नै गाउको विद्यालयमा तीन वर्षदेखि छात्रवृत्ति वितरण नगरिएको थाहा पाएपछि इन्द्रपुरका स्थानीय युवा आरिफ सल्मानीले जिल्ला शिक्षा कार्यालय बाँकेसग सूचना माग गरेका थिए । सल्मानीले विद्यालयमा ३ वर्षदेखि किन छात्रवृत्ति वितरण गरिएन, विद्यालय व्यवस्थापन समितिको निर्वाचन किन भएन भन्ने बारेमा सूचनाको हक प्रयोग गरि सूचना मागेका थिए । संस्थागत विद्यालय सञ्चालन गर्न कानुन बमोजिम विद्यालय दर्ता हुनुपर्छ तर बाँकेमा संस्थागत विद्यालयको रुपमा दर्ता नै नभई कतिपय विद्यालयहरू सञ्चालन हुँदै आएका थिए ।

सूचनाको हकअन्तर्गत जिल्ला शिक्षा कार्यालयबाट त्यससम्बन्धी सूचना माग गरी त्यही सूचनाको आधारमा अदालतमा मुद्दा दायर गरी अदालतको आदेश गराएर ती विद्यालयलाई दर्ता भएर मात्रै सञ्चालन हुने क्रम बढ्दै गएको छ ।

बागेश्वरी मन्दिर पश्चिम नेपालकै प्रमुख धार्मिक स्थल हो । तर बागेश्वरी मन्दिरको नाममा के कति चल अचल सम्पत्ती छ । ती सम्पत्तीकोको रेखदेख र संरक्षण कसरी गरिएको छ भन्ने बिषयमा नेपालगन्जका कानुन ब्यबसायी लोकबहादुर शाहले सूचना माग गरेका थिए । तर बागेश्वरी मन्दिर ब्यबस्थापन समिति, जिल्ला प्रशासन कार्यालयले त्यससम्बन्धी सूचना उपलब्ध नगराए पछि  अधिवक्ता लोकबहादुर शाहाले मन्दिर ब्यबस्थापन समिति र जिल्ला प्रशासन कार्यालय बाकेलाई बिपक्षी बनाएर मुद्दा दायर गर्नुभएको छ । सो मुद्दा पुनरावेदन अदालत नेपालगन्जमा विचाराधीन छ ।

## सूचनाको हक उपयोगीः सेवाग्राही

नेपालगन्ज उपमहानगरपालिका-१६ का अब्दुल सतारले पुनरावेदन अदालत नेपालगन्जमा चलिरहेको यातना क्षतिपूर्तिसम्बन्धी मुद्दाको लामो समयसम्म पेसी नचड्नुको कारण माग गर्दै सूचनाको हकसम्बन्धी निवेदन दर्ता गरे ।

करिब १ वर्षदेखि हुन नसकेको काम सूचनाको हकसम्बन्धी निबेदन दर्ता गरेको तेस्रो दिनमै  भयो । सतारको  मुद्दाको पेसीमा  चढ्यो र उहाको मुद्दाले गति लियो । जिल्ला प्रहरी कार्यालय बाकेमा आफ्ना छोरालाई नियन्त्ररणमा लिइ यातना दिएको दाबी गर्दै यातना दिने प्रहरी अधिकृतविरुद्ध सतारले पुनरावेदन अदालत नेपालगन्जमा यातना क्षतिपूर्ति मुद्दा दायर गरेका थिए । त्यसैगरी नेपालगन्ज उपमहानगरपालिका-५ निवासी राम सोरहत तिवारीले सूचनाको हकसम्बन्धी निवेदन दर्तापछि आफ्नो वर्षौंदेखि हुन नसकेको काम भएको बताए । तिवारीको जग्गाको जग्गाधनी प्रमाण पुर्जा धेरै पुरानो भएर अक्षरहरू समेत नबुझिने भएको थियो ।

सोही लालपुर्जाको प्रमाणित प्रतिलिपिका लागि मालपोत कार्यालयमा निवेदन दिँदा मालपोत कार्यालयले सोसम्बन्धी रेकर्डहरू नभएको जनाउँदै प्रमाणित प्रतिलिपि दिन आनाकानी गर्दै आएको थियो । मालपोत कार्यालयले कहिले नापी कार्यालय, कहिले गाबिसबाट सिफारिस लिन कहिले पत्र पत्रिकामा सूचना प्रकाशित गर्न भन्दै अनेकौं कानुनी प्रक्रियाहरू गर्दा गर्दै २३ महिना बितिसकेको थियो ।

सूचनाको हकसम्बन्धी अधिकारको प्रयोग गरी निवेदन दर्ता गरी सूचना माग गरे पछि मालपोत कार्यालयले आफ्नो जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि दिएको तिवारीले

बताए । पहुँच नभएका सर्वसाधारणहरूका लागि सूचनाको हकसम्बन्धी अधिकार र त्यसको प्रयोग निकै उपयोगी भएको तिबारीले बताए । बाँकेको इन्द्रपुर गाविसमा कार्यालय सहयोगी पदमा कार्यरत स्थानीय गोमती नाउले अनिवार्य अवकास भएर आफूले पाउनुपर्ने उपदान नपाएपछि सूचनाको हकसम्बन्धी निवेदन दर्ता गरी अनिवार्य अवकाश पाएपछि नियमअनुसार पाउनु पर्ने उपदानको रकम नपाउनुको कारण माग गरेपछि पाउने भएकी छिन । त्यसैगरी सूचनाको हकसम्बन्धी निवेदन दर्ता गरेपछि १५ दिनसम्म हुन नसकेको नेपालगन्ज ४ बँकेकी मुन्नीदेवी वनेनीको काम निबेदन दर्ता गरेकै दिन भएको छ । मुन्नी देवीले आफ्नो जग्गाको नक्साको प्रतिलिपी लिनका लागि नापी कार्यालयमा पटक-पटक धाउँदासमेत काम नभएपछि सूचना अधिकारसम्बन्धी निबेदन दर्ता गरेकी थिइन ।

## सूचना माग्ने र सार्वजनिक गर्ने अभियान

सूचनाको हक सम्बन्धी कानुनी अधिकारको प्रयोग गरेर सरकारी तथा अर्न्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरूको कार्यालयबाट समेत सूचना माग गर्ने र त्यसलाई सार्वजनिक गर्ने क्रम पछिल्ला दिनहरूमा बढ्दै गएको छ । असल शासनको क्षेत्रमा कियाशिल बागेश्वरी असल शासन क्लब नेपालगन्जले बिगत ३ वर्षको अबधिमा बाकेका ५९ वटा सरकारी कार्यालय र ३ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सूचना माग गरिसकेको छ ।

क्लबले सरकारी कार्यालयबाट माग गरेको सूचनालाई प्रमाणको रूपमा राखेर ती कार्यालयहरूलाई जबाफदेही बनाउन सूचना अभियान्ता कानुन व्यवसायीहरूले पुनराबेदन अदालत नेपालगन्जमा मुद्दासमेत दायर गर्दै आएका छन् । कतिपय सरकारी कार्यालयहरूले सूचना दिन आनाकानी गर्ने, सूचना दिए पनि अपूर्ण र अधुरो दिने गरेको सूचना अभियन्ता बागेश्वरी असल शासन क्लबका निर्देशक नमस्कार शाह बताउँछन् । जिल्लाका सरकारी कार्यालयहरूको काम कारबाहीको अनुगमन गर्ने र सुशासन र जबाफदेहीता कायम गराउने प्रमुख जिम्मेबारी पाएको जिल्ला प्रशासन कार्यालय बाकेले पनि माग गरेको सूचना दिन आनाकानी गर्ने गरेको छ । त्यसैगरी जिल्ला विकास समिति, नेपालगन्ज उपमहानगरपालिका लगायत स्थानीय निकायहरू पनि सूचना दिन आनाकानी गर्ने गरेको निर्देशक शाहाले बताए । पछिल्ला दिनहरूमा माग गरिएका सूचनाहरू सहज रूपमा तत्कालै उपलब्ध गराउने क्रम पनि सुरु भएको छ ।

नेपालगन्ज स्थित बाणिज्य कार्यालय, विद्युत् प्राधिकरणले सहज रुपमा तत्कालै सूचना उपलब्ध गराएका छन् । त्यसैगरी सूचना माग गरिएका तीन वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामध्ये एक्सन एड नेपालगन्जले माग अनुसारको सम्पूर्ण सूचना उपलब्ध गराएको छ भने केयर नेपालले तलब भत्ता बाहेक सबै सूचना उपलब्ध गराएको छ तर जीआइजेडले भने माग गरेअनुसारको कुनै पनि सूचना उपलब्ध गराएको छैन । जिल्ला विकास समिति बाकेमा जनसरोकारका विषयमा पटक-पटक सूचना माग गर्ने र सूचनाको हकसम्बन्धी विषयमा छलफलपछि जिविस बाकेले २४ औ जिल्ला परिषद्बाट निर्णय नै गरेर हरेक ३/३ महिनामा सूचना अद्यावधिक गर्ने निर्णय गरेको छ ।

## सूचना भरपर्दो प्रमाण

बाँकेको नेपालगन्जका कानुन व्यवसायीहरूले सरकारी कार्यालयबाट आधिकारिक सूचना माग गर्ने र त्यही सूचनालाई प्रमाणको रूपमा पेस गरेर अदालतमा मुद्दा दायर गर्न थालेका छन । विद्युत् प्राधिकारणले नेपालगन्जमा लोडसेडिङ गर्नुको कारण र लोडसेडिङका कारण सर्वसाधारणलाई परेको असरका विषयमा पुनरावेदन अदालत नेपालगन्जमा मुद्दा दायर गरे पछि पुनरावेदन अदालतले नेपालगन्जमा लोडसेडिङ नगर्नु भन्ने आदेश जारी गरेको थियो ।

अदालतको आदेशपछि नेपालमै सबैभन्दा बढी गर्मी हुने नेपालगन्जका सर्वसाधरणले राहत पाएका थिए ।

# नेपाल प्रहरीले गंगामायालाई जवाफ दियो

- सविनचन्द्र आचार्य

## अभियुक्तलाई स्वदेश फर्काउन इन्टरपोलको सहयोग लिइएको छ - प्रहरी

**काठमाडौं ।** नेपाल प्रहरीले गंगामाया अधिकारीलाई एक पत्र पठाउँदै इन्टरपोलको मुख्यालय, फ्रान्ससँग समन्वय गरी गंगामायाका छोराको हत्यामा संलग्न एकजना अभियुक्त रुद्र आचार्यलाई बेलायतबाट नेपाल फर्काउन प्रयास भइरहेको जनाएको छ । छोराको हत्यारा पक्राउ गर्न सरकारलाई दबाब दिन हाल गंगामाया आमरण अनसनमा बसेकी छिन् ।

नेपाल प्रहरीमा जुन १६ मा दर्ता गरिएको गंगामायाको सूचनाको हकसम्बन्धी आवेदनको लिखित जवाफ दिँदै नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक कमल सिंह बमले भन्नुभएको छः हामीले आचार्यलाई लन्डनबाट नेपाल ल्याउन इन्टरपोलको मुख्यालयको सहयोग मागेका छौं किनभने नेपालले बेलायतसँग सुपुर्दगी सन्धिमा हस्ताक्षर गरेको छैन । नेपाल प्रहरीले उनलाई जतिसक्दो चाँडो पक्राउ गरी नेपाल ल्याउन थप कूटनीतिक प्रयत्न पनि गरिरहेको छ । इन्टरपोल लन्डनलाई पनि लन्डनमा आचार्यको खोजी गर्न अनुरोध गरिएको छ ।

गंगामायाले आफ्ना छोरा कृष्णप्रसादका मुख्य हत्यारा रुद्र आचार्यका विरुद्धमा इन्टरपोल रेडकर्नर नोटिसका सम्बन्धमा प्रहरीबाट भइरहेको प्रगति बारेमा जानकारी माग गर्दै नेपाल प्रहरी मुख्यालय, नक्सालमा आवेदन दिएकी थिइन् । उनले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ का आधारमा आवेदन दिएको बताएकी छिन् ।

राष्ट्रिय ट्रमा सेन्टरमा उपचार गराइरहेकी गंगामायाका तर्फबाट विकास बस्नेतले सूचनाको हकसम्बन्धी कानुनअनुसार सूचना माग गर्दै आवेदन गरेका थिए । कमजोर स्वास्थ्य समस्याका कारण आफैं उपस्थित हुन नसकेको पनि आवेदनमा उल्लेख छ । उनले प्रतिनिधिमार्फत सूचना प्राप्त गर्ने आफ्नो संवैधानिक अधिकार प्रत्याभूत गर्न कानुन कार्यान्वयन निकायसँग आग्रह गरेकी छिन्, एड्भोकेसी फोरम नेपालले आज जनाएको छ ।

कृष्णप्रसादको जुन २००४ मा चितवनमा माओवादी विद्रोहीले गोली हानी हत्या गरेका थिए ।

गंगामायाले सरकारसँगको पाँचबुँदे सहमतिपछि गत वर्ष अक्टोबरमा ३६० दिने भोक हड्ताल स्थगित गरेकी थिइन्, जुन सहमतिमा कृष्णप्रसादका हत्यारालाई पक्राउ गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो । उनले आवेदनमा भनेकी छिन्, मेरो छोरा कृष्णप्रसादको हत्यामा संलग्न रुद्र आचार्य अझै फरार छन् । उनले जुन १२ मा नेसनल ट्रमा सेन्टरमा पुनः आमरण अनशन सुरु गरेकी छिन् ।

आवेदनमा भनिएको छः नेपाल प्रहरीले आचार्यका विरुद्धमा इन्टरपोल रेडकर्नर नोटिस पहिल्यै जारी गरेको मेरो जानकारीमा आइसकेकोले अहिलेसम्म के कति प्रगति भएको छ मलाई

जानकारी उपलब्ध गराउन आग्रह गर्छु, र आजका मितिसम्म आरोपित व्यक्ति किन पक्राउ पर्न सकेका छैनन् तथा नेपाल प्रहरीबाट उनलाई नेपाल ल्याउन किन ढिलाइ भइरहेको छ ।

गत वर्ष अक्टोबरमा, नेपाल प्रहरीले चितवनको रत्ननगर नगरपालिका-८ का ३१ वर्षीय आचार्यलाई पक्राउ गरी नेपालमा सुपुर्दगी गर्न इन्टरपोल रेडकर्नर नोटिस जारी गरेको थियो । उनी हाल संयुक्त अधिराज्य बेलायतमा लुकिछिपी बसेको विश्वास गरिएको छ । उनका पति नन्दप्रसाद अधिकारीको आमरण अनशन बसेकै अवस्थामा गत वर्ष वीर अस्पतालमा अनसनको ३३३औं दिन सेप्टेम्बर २२ मा मृत्यु भएको थियो ।

## गंगामायाले नेपाल प्रहरी मुख्यालयमा आरटीआई आवेदन दिइन्

काठमाडौं । गंगामाया अधिकारीले आफ्ना छोरा कृष्णप्रसादका मुख्य हत्यारा रुद्र आचार्यका विरुद्धमा इन्टरपोल रेडकर्नर नोटिसका सम्बन्धमा कानुन कार्यान्वयन निकायबाट भइरहेको प्रगति बारेमा जानकारी माग गर्दै नेपाल प्रहरी मुख्यालय, नक्सालमा आवेदन दिएकी छिन् ।

गंगामायाले सरकारसँगको पाँचबुँदे सहमतिपछि गत वर्ष अक्टोबरमा ३६० दिने भोक हड्ताल स्थगित गरेकी थिइन्, जुन सहमतिमा कृष्णप्रसादका हत्यारालाई पक्राउ गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

नेपाल प्रहरी मुख्यालयमा सूचना अधिकारीलाई सम्बोधन गरी हिजो दर्ता गरिएको आवेदनमा भनिएको छः नेपाल प्रहरीले आचार्यका विरुद्धमा इन्टरपोल रेडकर्नर नोटिस पहिल्यै जारी गरेको मेरो जानकारीमा आइसकेकोले अहिलेसम्म के कति प्रगति भएको छ मलाई जानकारी उपलब्ध गराउन आग्रह गर्छु, र आजका मितिसम्म आरोपित व्यक्ति किन पक्राउ पर्न सकेका छैनन् तथा नेपाल प्रहरीबाट उनलाई नेपाल ल्याउन किन ढिलाइ भइरहेको छ ।

उनले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २००७ को दफा ३ र ७ का आधारमा आवेदन दिएको बताएकी छिन् ।

राष्ट्रिय ट्रमा सेन्टरमा उपचार गराइरहेकी गंगामायाका तर्फबाट विकास बस्नेतले सूचनाको हकसम्बन्धी कानुन अनुसार सूचना माग गर्दै आवेदन गरेका थिए । कमजोर स्वास्थ्य समस्याका कारण आफैं उपस्थित हुन नसकेको पनि आवेदनमा उल्लेख छ । उनले प्रतिनिधिमार्फत सूचना प्राप्त गर्ने आफ्नो संवैधानिक अधिकार प्रत्याभूत गर्न कानुन कार्यान्वयन निकायसँग आग्रह गरेकी छिन्, एड्भोकेसी फोरम नेपालले आज जनाएको छ ।

गत वर्ष अक्टोबरमा, नेपाल प्रहरीले चितवनको रत्ननगर नगरपालिका-८ का ३१ वर्षीय आचार्यलाई पक्राउ गरी नेपालमा सुपुर्दगी गर्न इन्टरपोल रेडकर्नर नोटिस जारी गरेको थियो । उनी हाल संयुक्त अधिराज्य बेलायतमा लुकिछिपी बसेको विश्वास गरिएको छ ।

उनका पति नन्दप्रसाद अधिकारीको आमरण अनसन बसेकै अवस्थामा गत वर्ष वीर अस्पतालमा अनसनको ३३३औं दिन सेप्टेम्बर २२ मा मृत्यु भएको थियो । जुन ५ देखि गंगामायाले जुस र पानी मात्र लिइरहेकी छिन् ।

# सांसद विकास कोषः पारदर्शितामा प्रश्नै प्रश्न

- सुशील पन्त

सांसदलाई आफ्नो क्षेत्रको विकासका लागि दिइएको सांसद विकासकोषको रकम सदुपयोगभन्दा पनि दुरुपयोग बढेको पाईएको छ । चालू आर्थिक वर्षदेखि सुरु भएको निर्वाचन क्षेत्र पूर्वाधार विशेषकार्यक्रम तुलनात्मक रूपले सदुपयोग भए पनि निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकम वितरणमा प्रश्न उब्जिएका छन् ।

निर्वाचन क्षेत्रपूर्वाधार विशेष कार्यक्रम २४० स्थानबाट प्रत्यक्ष निर्वाचित सभासद अध्यक्ष र समानुपातिक सभासद अनुगमन समितिको संयोजक बन्ने नियमावलीमा व्यवस्था गरिएका कारण तुलनात्मकरुपमा नियमावलीले तोकेको मापदण्ड अनुरूपको देखिएको छ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत अधिकाशं सभासद्ले कार्यकर्ता पोस्ने ढंगले अनुत्पादक क्षेत्रमा बजेट खर्च गरेका छन् । पूर्वाधार विशेष कार्यक्रममा न्युनतम ७ लाख रुपैयाँभन्दा कम रकम छुट्टयाउन नपाइने र १० भन्दा बढी आयोजनामा बजेट छर्न नपाइने व्यवस्था छ । निर्वाचन क्षेत्र विकास कार्यक्रम भने संविधानसभामा रहेका सबै सभासद्ले स्वैच्छिक ढंगले खर्च गर्न पाउने व्यबस्था छ ।

आफूनिटकका व्यक्ति वा कार्यकर्तालाई उपभोक्ता समिति गठन गरी कार्यकर्तालाई रकम बाढ्ने गरेको पाइएको छ । ०५८ सालमा पाँच लाख रुपैयाँवाट सुरु भएको सांसद विकास कार्यक्रम अहिले १५ लाख रुपैयाँ पुऱ्याइएको छ । सांसद क्षेत्र विकास कोषको कार्यक्रम सुरु भएदेखि नै यसको पारदर्शितामा प्रश्न उठेको छ । काठमाडौंकी नेपाली कांग्रेसकी सभासद् राज्यलक्ष्मी श्रेष्ठले निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७१/७२ मा १५ लाख मध्ये झण्डै आधा रकम उद्घोषण तथा भाषण कला तालिमका लागि छुट्याइन् । गत आर्थिक वर्षमा पनि सभासद् श्रेष्ठले उद्घोषण तथा भाषण तालिम शीर्षकमै रकम छुट्याएकी थिइन् । यसै आर्थिक वर्षदेखी सुरु भएको निर्वाचन क्षेत्र पूर्वाधार विशेषकार्यक्रममा योजना छनौट भने तुलनात्मक रुपमा पारदर्शी देखिएको छ ।

तर कतिपय कार्यक्रम केन्द्रीय आयोजनासँग दोहोरिएका छन् । काठमाडौंका प्रभावशाली सभासद्हरूले समेत त्यसरी रकम बाढेका छन् । कतिपय निर्वाचन क्षेत्रमा समानुपातिक सभासद् नभएका कारण अनुगमन समिति प्रभावकारी बन्न सकेको छैन । क्षेत्रगत हिसावले हेर्दा काठमाडौका अधिकांश सभासद्ले मन्दिरको संरक्षण, क्रियापुत्री भवन निर्माण, बाटोमा ढुङ्गा छाप्ने जस्ताक्षेत्रमा खर्च गरेको पाइएको छ ।

कतिपय सभासद्ले महिलाको क्षमता वृद्धिका नाममा उस्तै शीर्षकमा खर्च गरेका छन् । एकजना सभासद्ले महिला उद्यमशीलता, महिला सिर्जनशीलता, महिला क्षमता विस्तार जस्ता उस्तै

शीर्षकमा रकम खर्चेका छन् । एकजना सभासद्ले जन सँगीतको संरक्षण कार्यक्रमको नाममा रकम छुट्याएकी छन् । रोचक पक्ष धर्म निरपेक्षताको वकालत गरिरहेको एनेकपा माओवादीका अधिकाशं सभासद्ले पनि मन्दिरलाई रकम छुट्याएका छन् । सहरी क्षेत्रमा सोलार बत्ती जडान, सांसद विकास कोषको खर्चको नयाँ शीर्षक थपिएको छ । केन्द्रीय आयोजनाले बत्ती जडान गरिसकेको स्थानमा समेत कनिका छरेझैं बजेट छरिएको छ बत्ती जडान शीर्षकमा ।

एकजना सभासद् ब्याण्डबाजा बजाउने तालिमका लागि २ लाख रुपैयाँ छुट्याएकी छन् । जबकी ब्याण्ड बाजा नेपाली मौलिक बाजा होइन, नत यसको संरक्षण गर्नु आवश्यक छ । कांग्रेस सभासद् अम्बिका बस्नेतले टोल सुधार समितिलाइ सरसफाई सम्बन्धी चेतनामुलक कार्यक्रमका लागि १ लाख रुपैयाँ छुट्याएकी छन् । स्मरणीय छ, यही समयमा बाग्मती सफाइ जस्तो बृहत् सरसफाइ कार्यक्रम स्वतस्फुर्त रूपमा चलिरहेको छ । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममा पनि कतिपय कार्यक्रम डुबिलकेसनमा परेका छन् । काठमाडौंका एक सभासद्ले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडि पार्क निर्माण तथा सौर्यबत्ती जडानको लागि बजेट छुट्याएका छन, जबकि त्यो ठाउँमा केन्द्रीय योजनामै काम भइरहेको छ । काठमाडौं-६ का सभासद्ले सानोठूलो सबै आयोजनामा १० आयोजनामा १०/१० लाखका दरले बिनियोजन गरेका छन् । काठमाडौंका अधिकाशं ठाउँ विकास भइसकेकोले मन्दिरको जीर्णोद्वार, सडक निर्माण र सौर्यबत्ती जडानगर्ने बाहेक खर्च गर्ने ठाउ नभेटिएको कतिपय सभासद्को तर्करहेको छ । कतिपय आयोजना यस्ता छानिएका छन्, जसको लागत ७ लाख रुपैयाँ पनि पर्दैन ।

मन्त्रिपरिषदबाट मनोनीत नेपाली कांग्रेसका सभासद् राधेश्याम अधिकारीले १५ लाखबाट नियमसम्मत लिन मिल्ने ५० हजार व्यवस्थापन बापतको रुपैयाँ लिएका छैनन्, बाँकी सबै सभासद्ले प्रशासनिक खर्च लिएका छन् । अधिकारीले जम्मा २ वटा आयोजनालाई बजेट छुट्याएका छन । बानेश्वरको रत्न पुस्तकालय भवनको तला थपका लागि ५ लाख रुपैयाँ तथा अनामनगर नयाँबानेश्वर थापागाउँ जाने ट्रस पुल निर्माणका लागि १० लाख रुपैयाँ । लैङ्गिक बजेट छुट्याउने नाममा अधिकांश सभासद्ले महिला सशक्तीकरण कार्यक्रमको नाममा विभिन्न तालिमका लागि रकम छुट्याएका छन् ।

काठमाडौं बाहिरका जिल्लाको अबस्था झन खराव छ । हुँदै नभएका उपभोक्ता समिति गठन गरेर रकम खर्चगर्ने प्रवृत्ति देखिएको छ । पार्टीका भ्रातृ संगठनलाई रकम दिन नमिल्ने नियमावलीको स्पष्ट व्याख्या हुँदाहुँदै आफ्नो पार्टीको नेताको नामसँग जोडिएका संघ संस्थालाई बजेट छर्ने प्रवृत्ति देशैभरी देखिएको छ । राष्ट्रिय योजना आयोगले उत्कृष्ट ठहऱ्याएका नेकपा एमालेका सभासद् रवीन्द्र अधिकारी सांसद विकास कोषको खर्चमा बेथिती बढेको स्वीकार छन्  थोरैमात्र सभासद् छन्, जसले पारदर्शी ढंगले योजना छनौट गरेका थिए ।

# सूचनाको हकले छात्रवृत्ति दिलायो

- शेरबहादुर सार्की

**बाजुरा ।** बाजुरा जिल्लाकै मुलद्धार गेटकै रूपमा चिन्हिने वाह्रबिस गाविसमा ११ वटा विद्यालयहरू रहेका छन् । मैले यीनै विद्यालयहरूमा दलित छात्रवृत्ति रकमका बारेमा जानकारी पाउन सूचनाको हक अधिकार प्रयोग गरी निवेदन पेस गरे । सबैभन्दा पहिले म निवेदन लिएर वाह्रबिस ३ भिमेश्वर प्रा.वि.मा गए । त्यस कार्यालयका सूचना अधिकारीलाई निवेदन बुझाउँदा उहाँले निवेदन इमान्दारीपूर्वक दर्ता गर्नुका साथै अफिस बन्द हुने बेला भएकोले केही दिनपछि तपाईंकै हातमा पुग्ने गरी निवेदनले मागेको विवरण पठाइ दिनेछु भन्नुभयो । त्यसैगरी मैले निवेदन लिएर सिगाडा मा.वि. ४ बाह्रबिसमा पुगे । त्यहाँ पनि सूचना अधिकारीले लेखापाललाई यसको विवरण वनाएर तपाईंकै हातमा पठाइ दिउँला भनेर भन्नुभयो । तर, निवेदन दिएको १५ दिन भइसक्दा पनि अहिले दुवै ठाउँबाट मैले दिएको सूचनाको विवरण कहीँ कतैबाट पाइन । मैले २०७१ सालको दलित छात्रछात्राको भर्ना सख्या, यिनीहरूका लागि आउने रकम र यो रकमलाई वितरण गर्ने प्रक्रियाका वारेमा सूचना मागेको थिएँ ।

त्यसैगरी यस्तै सूचनाको हक अधिकार प्रयोग गरी श्री भगवती मा.वि. सेलापाखालाई सूचनाको हक प्रयोग गरी निवेदन पठाउँदा त्यस विद्यालयको सूचना अधिकारी आक्रोशित भए । उनले मैले पठाएको निवेदन आफ्नो कार्यालयमा दर्ता गर्न मानेनन् । यसभन्दा पहिले यस्तो निवेदन कहीँ कतैबाट नआएको र जिल्ला शिक्षा कार्यालयवाट आएका चिठ्ठीमात्र दर्ता गर्ने भएकाले त्यो निवेदन दर्ता नगर्ने उनले बताए । साथै तपाईंले यस्तो खालको निवेदन कसरी पठाउनु भो नत तपाईंको कार्यालयको छाप छ नत तपाईंको कार्यालयको लेटर प्याड मा नै लेखेको छ अनि तपाईंको कार्यालय कहाँ छ भनेर समेत कयौं प्रश्न गरे । मैले यसका वारेमा धेरैलाई सोधे तर चिठ्ठीअनुसारको विवरण दिन मिल्दैन तपाईं जहाँ जानुहुन्छ जानुहोस् भन्ने भाव प्रकट गर्नुभो । तपाई त मा.विको हेडसर हुनुहुन्छ यसभन्दा पहिले तपाईंले सूचनाको हकसम्बन्धी ऐन २०६४ पढ्नुभएको थिएन भनी सोधेपछि उहाँले आफ्नो कोटको खल्तीबाट एउटा सानो कागजमा टिपेर ल्याएको विवरण दिनुभो ।

विवरणमा कक्षा १ देखि ८ सम्मका दलित छात्र छात्रा संख्या ९२ जना र यीनका लागि आउने रकम रु. ३६ हजार ८०० र कक्षा ९ देखि कक्षा १० सम्मका छात्रछत्राको सख्या ५ जना तथा उनीहरूका लागि आउने रकम रु २५०० गरी जम्मा रकम ३९, ३०० रहेको लेखिएको छ । यस्लाई स्टेसनरीका लागि रु २००, पोषाकका लागि रु ४०० र अति गरिबका लागि ६०० का हिसावले वितरण गर्ने प्रक्रिया उल्लेख गरिएको छ । त्यस समयसम्म त्यो सबै रकम विद्यालयको खातामा रहेको जानकारी उहाँले दिनुभयो । त्यो रकम अहिलेसम्म किन वितरण गर्नुभएनभन्दा पछि वितरण गर्छु भनी जवाफ दिनुभयो । उता यो रकम २०७१ को पौषमा नै विद्यालयको खातामा आइसकेको त्यस कार्यालयका कर्मचारी लाल वहादुर विकले बताउनुभयो । अर्कोतर्फ त्यस विद्यालयको आर्थिक कारोवारको विवरण माग्दा वा हेर्न खोज्दा देखाउन नमिल्ने जवाफ दिनुभयो ।

यसरी मैले सूचनाको हक अधिकार प्रयोगगरी विद्यालयमा पेसगर्दा यसबारेको जानकारी वाह्रबिस गाविसका अन्य सरकारी तथा गैरसरकारी कार्यालयमा समेत छाएको छ। सूचना अधिकारी भन्ने शब्द सबैका लागि चासोको विषय बनेको छ। साथै सबैका कान बाठा भएका छन्। मलाई लाग्छ सबैले यसका बारेमा रातदिनै लागेर काम गऱ्यो भने वास्तबिक वाह्रबिस गाविसमा दुरुपयोग भएको रकम खोजी गर्न सकिन्छ भन्नेजस्तो देखिन्छ। यसभन्दा पछि कुनै पनि मानिसले केही कामका लागि आएको रकम दुरुपयोग गर्न सक्दैन।

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ मा प्रष्टसँग लेखिएको भए तापनि वाह्रबिस गाविसका लागि एउटा नयाँ र अचम्मको विषय बनेको छ। यहाँ कुनै पनि कामको आर्थिक प्रष्टता भएको पाइँदैन। यस ठाउमा कुनै एउटा विद्यालयको सवाल मात्र नभई यस्ता धेरै विकास निर्माणका कामहरूमा आर्थिक दुरुपयोग भइरहेको पाइन्छ। यस गाविसमा जिल्लाकै ठूलो नामले चिनिने काला पातल सजाना लालझाडी वन पनि छ तर त्यहाँ पनि कयौं अनियमितताहरू हुने गरेको सुनिन्छ। यसमा एकवर्षमा सयौँ बोट बिक्री गरेका हुन्छन्। तर, त्यो रकम न वनको खातामा देखिन्छ र नत समूहका पदाधिकारीलाई नै थाहाछ। त्यसैगरी यहाँ कृषि सडकको कुरा गर्दा योभन्दा पनि बढीमात्रामा रकम दुरुपयोग भएको पाइन्छ। यसका बारेमा केही बोल्नसक्ने अवस्था अहिले नै गाउँमा देखिन्न। यहाँका सबै विकासका कामका बारेमा सार्वजनिक सुनुवाइमा आ आफ्ना मानिस बोलाउने र खानपिन गर्ने अनि सबैखालका एजेण्डा पास गर्ने प्रचलन नै बसेको छ। यो गाविसको आर्थिक दुरुपयोगको अवस्था दिन प्रतिदिन मौलाएको छ। तर पछिल्लो समयमा भने यहाँका सार्वजनिक निकायका अधिकांश अधिकारीहरूलाई सूचनाको अधिकार कानुनका बारेमा जानकारी रहेको छ। यसले गर्दा अब नागरिकले ती सबै कार्यालयमा सूचना माग गरेमा सूचना प्राप्त गर्नसक्ने अवस्था बनेको छ। यस बारेमा समाजका युवाहरूले थाहा पाएकोले उनीहरूले सूचना मागको अभियान नै चलाउने बारेमा पनि समय-समयमा छलफल गर्ने गरेका छन्।

# खुल्यो भ्रष्टाचार !

- शंकर खरेल

**दुहबी ।** दुहवी–भलुवा नगरपालिका–२, सुनसरीको एक सडक योजनामा ग्राभेल मोटाइ ६ इञ्च हुनुपर्नेमा २ इञ्चसम्म र चौडाइ २० फिट हुनुपर्नेमा १६.२५ फिट मात्र रहेको तथ्य उजागर भएको छ ।

स्थानीय सचेत नागरिक कुलद्विप चौधरीले सो नगरपालिकाको बजेटबाट दुहबी–२, प्रास्टोकी जनता मायावतीदेखि कृष्णमन्दिर हुँदै नहरसम्मको सडक निर्माणसम्बन्धी विभिन्न सूचना माग गर्नुभएकोमा प्राप्त सूचना केलाउँदा यस्तो तथ्य बाहिर आएको हो ।

चौधरीले सो आयोजनाको निर्माणसँग सम्बन्धित निर्णय, उपभोक्ता समितिको माइन्युट, इस्टिमेट, करार सम्झौता, निर्माण सम्पन्न विवरण, प्राविधिक प्रतिवेदन, भुक्तानी विवरण र सोसम्बन्धी बीलभर्पाइको प्रमाणित प्रतिलिपी माग गर्नुभएको थियो । तर, उहाँलाई उपभोक्ता समितिको माइन्युट र सडकको इस्टमेट डिजाइनको प्रतिलिपी मात्र दिइयो । 'सो कागजात केलाउँदा सिधै भ्रष्टाचार भएको तथ्य बाहिर आएको हो,' चौधरीले भन्नुभयो ।

उपभोक्ता समितिमार्फत गराइने यस्ता काममा समेत भ्रष्टाचार हुनु दुर्भाग्य भएको बताउँदै चौधरीले भन्नुभयो : 'योजनामा एक लाख नौ हजार ८ सय ३१ रुपैयाँबराबरको माटो भर्ने भनिएको रहेछ तर त्यहाँ हालसम्म एक ट्याक्टर पनि माटो भरिएको छैन । स्थानीय बासिन्दा कागज देखेर छक्क परेका छन् ।'

नगरपालिकासँग आफूले मागेजति सबै तथ्यसत्य कागजका नक्कल माग गर्दा उल्टै सूचना नदिएको र आफूलाई धम्क्याएको गुनासो उनले गरेका छन् ।

नगरपालिकाले भने उहाँले भनेका सूचनाहरू दिन तयार राखेको दाबी गरेको छ । तर त्यसमा के-के सूचना छन् खुलाइएको छैन ।

नगरका कार्यकारी प्रमुख तेजनारायण यादवले आफू सूचना लुकाउने प्रवृत्तिको कर्मचारी नभएको दाबी गर्नुभएको छ ।

स्थानीय बासिन्दा भने नगरपालिकाबाट यस प्रकारका विकास आयोजनाको कागजातहरू सार्वजनिक गरिएमा मिलेमतोमा हुने भ्रष्टाचार घट्ने धारणा व्यक्त गर्छन् । स्थानीय युवाहरूले अहिले दुहवी भलुवा नगरपालिकामा पारदर्शिताको माग गरेर दवाव बढाउन थालेका छन् ।

प्राप्त भएका केही प्रमाणबाटै भ्रष्टाचार देखिएकोले आफूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, इटहरीमा थप अनुसन्धान गर्न चासो दिन अनुरोध गरी ध्यानाकर्षण गराएको कुलद्विप चौधरीले बताए ।

# सूचना मागेपछि छात्रवृत्ति वितरण

- राकेश मिश्र

नेपालगन्ज २८ माघ । सूचना माग गरिएपछि बाँके जिल्लाको एक विद्यालयमा तत्काल छात्रवृत्ति वितरण गर्न सुरु गरिएको छ । बाँकेको इन्द्रपुरस्थित निम्न माध्यमिक विद्यालय बञ्जारेगाउँले विगत ३ वर्षदेखि छात्रवृत्तिको रकम वितरण नगरेपछि सूचनाको हकको प्रयोगगरी त्यससम्बन्धी सूचना माग गरिएको थियो । त्यसपछि छात्रवृत्ति रकम वितरण थालिएको हो । विद्यालयले आज मात्रै कक्षा १ र २ का दलित तथा छात्राहरूलाई छात्रवृत्ति रकम वितरण गरेको जनाएको छ ।

विद्यालयका प्रधानाध्यापक तिरथराम बर्माका अनुसार आर्थिक वर्ष २०७०।०७१ सालका लागि शिक्षा कार्यालयबाट प्राप्त रु ७६ हजार ७ सय २५ रुपैयाँ वितरण गर्न लागिएको हो । विगत २ वर्ष आर्थिक वर्ष २०६८।०६९ सालको करिब ५२ हजार र आर्थिक वर्ष २०६९।०७० को करिब ५५ हजार रुपैयाँ पनि अब साताभित्रै वितरण गर्ने विद्यालयका प्रधानाध्यापक बर्माले बताउनुभयो ।

प्रधानाध्यापक बर्माले विद्यालयमा छात्रवृत्ति रकम वितरण नभएको बेला सूचना मागिएको र जिल्ला शिक्षा कार्यालयबाट आएको अनुगमन टोलीले समेत कडाइ गरेपछि अहिले उक्त रकम वितरण गरेको बताउदै अब छिट्टै व्यवस्थापन समितिको निर्बाचन पनि हुने बताउनुभयो ।

गाउँको विद्यालयमा तीन वर्षदेखि छात्रवृत्ति वितरण नगरिएको थाहा पाएपछि इन्द्रपुरका स्थानीय युवा आरिफ सल्मानीले जिल्ला शिक्षा कार्यालय बाँकेसँग गत पुस २४ गते सूचना माग गरेका थिए । सल्मानीले विद्यालयमा ३ वर्षदेखि किन छात्रवृत्ति वितरण गरिएन, विद्यालय व्यवस्थापन समितिको निर्वाचन किन भएन भन्नेबारेमा सूचनाको हक प्रयोग गरी सूचना मागेका थिए । सल्मानीले मागेको सूचनाको जवाफ दिँदै पुस २८ गते जिल्ला प्रशासन कार्यालय बाँकेले उपलब्ध गराएको सूचनामा माघ १० गतेसम्म छात्रवृत्ति वितरण गर्ने र २० गतेसम्ममा व्यवस्थापन समितिको गठन गर्ने जानकारी गराएको थियो ।

जिशिकाले उपलब्ध गराएको सूचनामा जिशिकाले निमावि इन्द्रपुरका प्रधानाध्यापकलाई पत्राचार गरी सूचना उपलब्ध गराइएको जनाएको उल्लेख छ । जसमा छात्रवृत्ति वितरणमा विवाद भएका कारण ३ वर्षदेखि छात्रवृत्ति वितरण नगरिएको भनिएता पनि के कति रकम वितरण नगरि राखिएको हो सो खुलाइएको छैन । सल्मानी मात्र होइन अहिले बाँके जिल्लामा सूचनाको हक प्रयोग गरी सूचना माग गर्ने अभ्यासमा वृद्धि भएको छ । तर, कतिपयले सूचना नपाउने त कतिले सूचना पाएपनि वास्तविकताभन्दा फरक सूचना प्राप्त गर्ने गरेको सूचनाको हकसम्बन्धी कानुनका अभियन्ताहरू बताउँछन् । सूचना र मानवअधिकार अनुसन्धान केन्द्रद्वारा सञ्चालित सूचना अधिकार केन्द्र बाँकेको पहलमा हाल दिनहुँ विभिन्न सार्वजनिक सेवा सुविधाको माग गरी सूचनाहरू मागगर्ने गरिएको छ ।

# पाइलट पेन खरिदमा रोचक तथ्य

- कृष्ण तिम्सिना

कुनै पनि सार्वजनिक निकायमा सबैभन्दा धेरै खपत हुने मसलन्दजन्य सामग्री हो पेन, पाइलट पेन र फोटोकपी पेपर। जुन सामान ति निकायले सार्वजनिक खरिद ऐन २०६३ अनुसार सूचीकृत फर्महरूबाट प्रतिश्पर्धामा किन्ने गरेका छन्। तर, सार्वजनिक खरिद प्रणालीलाई पारदर्शी र जवाफदेही बनाउन ल्याइएको त्यही खरिद ऐनभित्र बसेर अहिले सार्वजनिक निकायलाई सामान बेच्ने फर्महरूले सामानको अकितम तथा न्यूनतम मूल्य निर्धारणमा मनपरी गरिरहेका छन्। जुन विभिन्न मन्त्रालय तथा विभागको पाइलट पेन खरिदमा देखिएको भिन्नताबाट छर्लङ हुन्छ। संकलित् सूचना अनुसार, सिंहदरबार भित्रका कुनै सार्वजनिक निकाय एउटा पाइलट पेनलाई १०७ रुपैयाँ ३५ पैसा तिर्छन् भने कुनै एक रुपैयाँमा किन्छन्। कार्यालय प्रयोजनमा खर्च हुने अर्को पेनको खरिद मूल्य कतै प्रति गोटा ४०६ रुपैयाँ ८० पैसा उल्लेख छ भने कतै २२ रुपैयाँ। अनित्यहि सिंहदरबारमा पार्कर पेन प्रतिगोटा ६ हजार ५ सय रुपैयाँसम्म खर्चेर किन्ने निकाय पनि छन्।

यस्तो अनेकता एउटै मन्त्रालयले उपलब्ध गराएको सूचना मै भेट्टाइएको छ। सूचनाअनुसार यति महँगो पेन प्रयोग गर्ने भाग्यमानी कर्मचारी भूमिसूधार मन्त्रालयका हुन्। जबकि, स्वास्थ्य मन्त्रालयले भने पार्कर पेन शिर्षकमा प्रति गोटा एक हजार रुपैयाँ भुक्तानी गरिरहेको छ। सूचना माग गरिएका विभिन्न २६ वटा मन्त्रालय, विभाग तथा केहि निश्चित सार्वजनिक निकायबाट उपलव्ध प्रमाणित् बिल भर्पाइअनुसार पेन, पाइलट पेन तथा पार्कर पेन खरिद शिर्षकमा सबैभन्दा धेरै रुपैयाँ खर्च गर्ने निकाय भूमिसूधार मन्त्रालय हो। धेरै सामान एक रुपैयाँमा किनेको सूची उपलव्ध गराएको स्वास्थ्यले पाइलट पेनका लागि भने १३० रुपैयाँ तिरेको छ। अनि स्वास्थ्यले कार्यालय प्रयोजनका लागि किनेको सामानको सूचीमा एक लाख ७५ हजार ७ सय १५ रुपैयाँको डेस्कटपदेखि ९२ हजारको ल्याप टप तथा करिब १ लाख ५ हजार रुपैयाँको मिनि आइप्याड किनेको बिलसमेत सामेल छ। स्वास्थ्यले मन्त्रालयले जस्तै धेरै सामान एक रुपैयाँका दरले किन्ने गृह मन्त्रालिय भने एउटा पाइलट पेनका लागि ७० रुपैयाँ भुक्तानी गरिरहेको छ। मसलन्दजन्य सामाग्री खरिदसम्बन्धी प्रमाणित छायां कपीअनुसार कृषि मन्त्रालयले भने जापानी पाइलट पेन एउटा मितिमा १७५ रुपैयाँमा किनेको छ भने अर्को मितिमा अर्को फर्मलाई ६६ रुपैयाँ भुक्तानी गरेको छ।

कृषिले उपलव्ध गराएको प्रमाणित छायां कपीमा मोबाइल किनेको बिल समेत राखिएको छ। सूचना मागकर्ता दानवहादुर कार्की र नोदनाथ त्रितालका अनुसार, प्रधानमन्त्रीको कार्यालयका कर्मचारी भने १०२ रुपैयाँमा किनेको पाइलट पेनले लेख्छन्। बजारमा २२ रुपैयाँमा पाइने जेल पेनका लागि प्रधानमन्त्रीको कार्यालयले ३४ रुपैयाँ भुक्तानी गरिरहेको छ। प्रधानमन्त्रीको कार्यालय मातहत कै सार्वजनिक खरिद अनुगमन कार्यालय, जसको जिम्मा सार्वजनिक खरिद प्रक्रियाको अनुगमन गर्नु पनि हो तर त्यही कार्यालयले पाइलट पेनका लागि सामान्य बजार मूल्यभन्दा

महँगो अर्थात् प्रति गोटा ११३ रुपैयाँ तिरिरहेको छ । यी सबै निकायका लागि बजेट विनियोजन गर्ने तथा नागरिकले तिरेको राजश्व बाँडफाँट गर्ने अर्थ मन्त्रालयमा वर्षमा १ हजार दर्जनभन्दा बढी पेन खपत हुन्छ र त्यहाँका कर्मचारी औसत सय रुपैयाँमा किनेको पाइलट पेन प्रयोग गर्छन् । जहां औसत ५२५ रुपैयाँका दरले ३ हजार रिम फोटोकपि पेपर खपत हुन्छ । संकलित विवरण अनुसार, युवा तथा खेलकुद मन्त्रालयमा सूचीकृत फर्मले ११७ रुपैयाँमा पाइलट पेन बेचिरहेका छन् । यहाँ औसत २२ रुपैयाँमा पाइने जेल पेन पनि प्रति गोटा ३३ रुपैयाँमा खरिद भइरहेको छ । मुद्रण विभागले उपलब्ध गराएको सूचनाअनुसार यहाँ एउटा फर्मले १०७ रुपैयाँ ५० पैसामा बेचेको पाइलट पेन अर्को फर्मले भने ७३ रुपैयाँमा आपूर्ति गरिरहेको छ ।

मुद्रण विभागले किनेको जेल पेनको मूल्य पनि तुलनात्मक रुपमा महँगो छ, प्रति गोटा ३७ रुपैयाँ । कार्यालयसम्बन्धी खर्च शीर्षकमा आर्थिक वर्ष ०७०/०७१ मा २ करोड २९ लाख रुपैयाँ खर्च गरेको संसद सचिवालयले पाइलट पेन ९७ रुपैयाँमा तर जेन पेन ४१ रुपैयाँमा किनेको विवरण दिएको छ । आर्थिक वर्ष २०७०/०७१ मा स्टेसनरीजन्य सामाग्री खरिदमा झण्डै १५ लाख खर्च गरेको भैतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एउटा पाइलट पेन १०२ रुपैयाँमा किनेको छ । खानी तथा भू-गर्भ विभाग, लैनचौरले दिएको सूचना विवरणअनुसार, यहाँ पाइलट पेन खरिदमा प्रतिगोटा ९१ रुपैयाँ खर्च भइरहेको छ भने मुलुकको तमाम विकास निमार्णका योजना तर्जुमा गर्ने राष्ट्रिय योजना आयोगले त्यसैका लागि प्रतिगोटा ९५ रुपैयाँ तिरेको छ । बजारमा सामान्य अवस्थामा प्रति गोटा २२ रुपैयाँ पर्ने जेल पेन खरिदमा ६० रुपैयाँ तथा जेन पेनको रिफिल प्रति गोटा ८५ रुपैयाँमा खर्च गरेको सूचना दिने सदर चिडियाखानाले सूचीकृत पाइलट पेनका लागि भने, ८० रुपैयाँ २३ पैसा भुक्तानी गरेको प्रमाणित छायांकपी दिएको छ । कार्यालय प्रयोजनको पाइलट पेन खरिद शीर्षकमा राष्ट्रिय दलित् आयोगले ११६ रुपैयाँ ६६ पैसामा खर्च गरेको छ भने सहकारी विभागले एउटा फर्मलाई प्रति गोटा ११३ रुपैयाँ तथा अर्को सूचीकृत फर्मलाई ११८ रुपैयाँ ६५ पैसा सम्म भुक्तानी गरेको प्रमाणित् बिल भर्पाइ छ । यस बाहेक अधिकांश सार्वजनिक निकायबाट प्राप्त बिल भर्पाइको छायां कपीअनुसार, सूचीकृत फर्महरूले एउटै सामान एउटा निकायमा अत्यन्तै न्यून मूल्यमा तर अर्को निकायलाई अत्यन्तै महँगो मूल्यमा आपूर्ति गरिरहेको भेट्टाइएको छ ।

# मापदण्ड मिचेरै बाँडे सभासदले रकम

- पुष्प दुलाल

**काठमाडौं ।** पञ्चायतकालमा कर्णालीका गाउँ पञ्चायत प्रमुखलाई 'विकास खान सक्ने' मान्छे भनिन्थ्यो रे ।

गाउँ प्रमुखले सरकारले विकासका लागि दिएको बजेटमध्ये ५ प्रतिशत खर्च गरेर गाउँलेलाई बोलाएर एउटा ठूलो भोज गर्थे । र, ९५ प्रतिशत बजेटचाहिँ गाउँ प्रमुखले झ्वाम पार्थे भनिन्थ्यो ।

भोज खान सर्वसाधारणको भीड लाग्थ्यो । खाइसकेपछि सन्तुष्ट हुँदै स्थानीयहरू भन्थे- 'पञ्चायतले विकास खुवायो ।'

किनभने सर्वसाधारणलाई 'विकासका कार्यक्रममा जनताका लागि' हो भन्ने चेतना नै थिएन । त्यसैले देशका अन्य क्षेत्रको तुलनामा कर्णाली अहिलेसम्म पनि विकासमा निकै पछि छ ।

## व्यवस्था परिवर्तन तर व्यवहार उस्तै

पञ्चायत ढेको २६ वर्ष वितिसक्यो । प्रजातन्त्र हुँदै मुलुक गणतन्त्रमा प्रवेश गरेको पनि ७ वर्ष भयो । तुलनात्मक रूपमा जनताको चेतना स्तर निकै माथि उठिसकेको अवस्था छ ।

तर, पञ्चायले बसालेको विकास खाने प्रवृत्ति भने अझैपनि हट्न सकेको छैन । दोलखा क्षेत्र नं. १ का सभासदले निर्वाचन क्षेत्र विकास कार्यक्रमको एक करोड वितरण गरेको तथ्य पञ्चे प्रवृत्तिको उदाहारण हो भन्न सकिन्छ ।

पञ्चायत कालमा एकछाक खान पाउँदा नेताले विकास खुवाए भनेर फुरुङ्ग हुने जनता गणतन्त्रमा सभासदले एक हजार रुपैयाँको विकास कार्यक्रम दिए भनेर खुसी छन् ।

## दोलखामा २० लाख नगद बाँडियो

चालू आर्थिक वर्षमा दोलखा क्षेत्र नं. १ का सभासदले गाउँलेहरूलाई आधुनिक तरिकाले विकास खुवाएका छन् । गाउँको विकासका लागि राज्यले छुट्याएको बजेटबाट लाखौं रुपैयाँ बजेट प्रत्येक घरधुरीलाई १ हजार रुपैयाँका दरले बाँडेका हुन् ।

प्रत्यक्ष निर्वाचित सभासद पार्वत गुरुङ, समानुपातिक तर्फका सभासद पशुपति चौलागाईंले क्षेत्र नं. १ का जनतालाई धुवाँरहित फलामे चुलो किन्न दुई हजार घरधुरीलाई प्रतिघर एक हजारका दरले २० लाख रुपैयाँ नगद बाँडिएको हो । यसरी पैसा बाँड्ने निर्णयमा क्षेत्र नं. २ का सभासद आनन्द पोखरेल, ले पनि हस्ताक्षर गरेका छन् ।

## सीडीओको पनि सहमति

सीडीओ जिल्लामा हुने सम्पूर्ण गतिविधिका अनुगमनकर्ता र कानून पालन गराउने व्यक्ति हुन् । तर, निर्वाचित सभासदको संयोजकत्वमा समानुपातिकतर्फका सभासदहरू सदस्य र स्थानीय

विकास अधिकारी सदस्य सचिव रहेको कमिटिले मापदण्डविपरीत ५७ वटा आयोजनामा खर्च गर्ने निर्णयमा सीडीओ प्रेमलाल लामिछानेको पनि हस्ताक्षर छ ।

## सभासदलाई अख्तियार लाग्छ कि लाग्दैन ?

बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग मिलेर नगद अनुदान वितरण गरिएको दोलखा जीबीसले जनाएको छ । स्रोतका अनुसार चुलो आपूर्ति गर्ने ठेकेदार एमालेसँग आबद्ध छन् । सभासद गुरुङ र चौलागाई एमालेका नेतासमेत हुन् । यसरी सभासदबाट नै मापदण्डको उल्लंघन गरी राज्यकोषको ढुकुटी नगदमै बाँड्दा अख्तियार लाग्छ कि लाग्दैन लोकमानसिंह ज्यू ?

## यसरी बाँडियो पैसा

१३ वटा खानेपानी आयोजनामा एक/एक लाखका दरले, एउटामा २ लाख र अर्को एक खानेपानी आयोजनामा १० लाख गरी १५ वटा खानेपानी आयोजनामा २५ लाख रुपैयाँ बाडिँएको छ ।

त्यसैगरी, सभासदहरूले निर्वाचन क्षेत्रभित्रका सबै विद्यालयलाई मर्मत तथा निर्माण भन्दै ५० हजारदेखि १ लाख रुपैयाँ गरी २५ लाख रुपैयाँ दिएका छन् । त्यस्तै, दुई ग्रामीण सडकमा २० लाख रुपैयाँ बजेट दिएका छन् ।

## कार्यकर्तामा पुग्यो पैसा

जिल्ला विकास समितिको कार्यालय दोलाखाले दिएको जानकारी अनुसार निर्वाचन क्षेत्रले वितरण गरेको १ करोड रुपैयाँ बजेटमध्ये अधिकांस रकम कार्यकर्तासम्म पुगेको देखिएको छ । चुलो किन्ने जिम्मा भने स्थानीय एमाले कार्यकर्तालाई दिइएको जिविसका कर्मचारीहरू बताउँछन् ।

एक आर्थिक वर्षमा बढीमा ७ वटा कार्यक्रममा मात्रै खर्च भनिए पनि सभासदहरूले ५७ वटा कार्यक्रम बनाएर बजेट दिनु भनेको कार्यकर्तालाई बाँडेर खाओ भनेर दिइएको विज्ञहरू बताउँछन् ।

## काले काले मिलेर खाउँ भाले

जुन सभासदले धेरैवटा कार्यक्रमलाई बजेट दिन्छ, त्यो सरासर दुरुपयोग भएको पूर्वअर्थसचिव रामेश्वर खनाल बताउँछन् ।

'एक करोड रुपैयाँ दुई वा तीनवटा कार्यक्रममा खर्च गरिएको भए त्यसको परिणाम देखिन्थ्यो । कुनैपनि निर्वाचन क्षेत्रमा काम भएको देखिएको छैन ।' खनालले भने- 'धेरै वटा कार्यक्रममा बजेट टुक्र्याउनु भनेको बजेट बाँडेर खानु हो ।'

निर्वाचन क्षेत्रमा बजेट दिएर सत्तापक्षका नेताहरू नै स्थानीय निकायको निर्वाचन पर सारिरहेको उनले टिप्पणी गरे ।

'सभासदको मुख्य जिम्मेवारी नीति/नियम बनाउने हो' खनालले भने- 'कसैलाई स्थानीय क्षेत्रको विकास गर्न मन लागेको छ भने सभासद होइन जिविस सभापति वा मेयर बन्नुपर्छ ।'

## अझै ५ करोड माग

१ करोड रुपैयाँ सदुपयोग गर्न नसक्ने सभासदहरूले लाजै नमानी पाँच करोड रुपैयाँ बजेट माग

गर्दै हस्ताक्षर अभियान सुरु गरे । सत्तारुढ कांग्रेस-एमालेका सभासदहरूले निर्वाचन क्षेत्र विकास कार्यक्रमको बजेट बढाएर ५ करोड पुर्‍याउनु पर्ने माग राख्दै हस्ताक्षर संकलन गरेका हुन् ।

पाँच दिन अघिसम्म कांग्रेसका १ सय २ जना र एमालेका १ सय ४४ जना सभासदले हस्ताक्षर गरेका थिए । महत बजेट वितरण नगरी एकीकृत गर्नुपर्छ भन्ने पक्षपाती हुन् । गत वर्ष पनि २ करोड रुपैयाँ नदिए बजेट नै आउन नदिने चेतावनी दिएपछि अर्थमन्त्री डा. रामशरण महतले नचाहाँदा नचाहँदै पनि १ करोड रुपैयाँ दिएका थिए ।

आर्थिक वर्षको बजेटमा २०७२/०७३ मा १ करोडलाई डेढ करोड र १५ लाख लाई २० लाख बनाइएको छ । सूचनाको हक प्रयोग गरी प्राप्त गरिएका यी कयौं सूचनाहरूबाट सभासदले जनताका नाममा कसरी रकम दुरुपयोग गरेका छन् भन्ने बारेमा स्पष्ट भएको छ ।

दोलखा क्षेत्र नं. १ का प्रत्यक्ष निर्वाचित सभासद पाल्तेन गुरुङले यसरी बाँडे निर्वाचन क्षेत्र विकास कार्यक्रमको १ करोड रुपैयाँ

| योजना तथा कार्यक्रम | बाँडिएको रकम |
|---|---|
| जिरी नगरपालिका, गौरीशंकर, खारे चंकु, मार्बु, सुरी र स्यामा गाविसमा प्रतिघर १००० का दरले सुधारीएको फलामे चुलो किन्न अनुदान | २० लाख |
| झाप्रा खानेपानी आयोजना मर्मत तथा निर्माण (इकाडर्स दोलखासँग मिलेर) | १० लाख |
| थालडाँडा खानेपानी आयोजना, पवटी | १ लाख |
| सिमरास खानेपानी आयोजना, मेलुङ-६ | १ लाख |
| गर्वे खानेपानी आयोजना, मेलुङ-५ | १ लाख |
| वृता खानेपानी आयोजना, भेड्प-३ | १ लाख |
| तितेचउर खानेपानी आयोजना, भेड्प-८ | १ लाख |
| ब्राम्हण टोल खानेपानी आयोजना, घ्याङसुखाठोकर-९ | १ लाख |
| डिथापा गाउँ खानेपानी आयोजना, जफे-२ | १ लाख |
| खुलालकोट खानेपानी आयोजना, जफे-८ | १ लाख |
| भंगेरीख खानेपानी आयोजना, शहरे(९ | १ लाख |
| तिनेखु खानेपानी आयोजना, सुरी-९ | १ लाख |
| बासबोटे कुमाटे खानेपानी आयोजना, घ्याङसुखाठोकर-१ | २ लाख |
| हर्पुङ खानेपानी आयोजना, खार-८ | १ लाख |
| खानीगाउँ खानेपानी आयोजना, मिग-३ | १ लाख |
| सिमचउर खानेपानी आयोजना, काब्रे | १ लाख |
| भुमेगुम्बा माध्यमिक विद्यालय, चंख-९ | १ लाख |
| दिव्यश्वरी निम्न मावि, सी(२ | १ लाख |
| सरसेपु निमावि, भ्याँक-८ | १ लाख |
| निलकण्ठेश्वर उच्च मावि, जुँगु-२ | १ लाख |
| हनुमन्तेश्वर प्रावि, नाम्द-९ | १ लाख |
| जिरी उच्च मावि, जिरी | १ लाख |
| बौद्धभुमेश्वरी मावि, माली | १ लाख |
| कालिका मावि, ठुलोपातल | १ लाख |
| कालिढुंगा मावि, मिर्गे | १ लाख |

| योजना तथा कार्यक्रम | बाँडिएको रकम |
|---|---|
| भीम मावि, भेड्पु | १ लाख |
| भीमेश्वर निमावि, भिरकोट | १ लाख |
| सिद्धेश्वर मावि, मालु | १ लाख |
| सितापाइला उच्च मावि, जफे | १ लाख |
| हिमवर्ती मावि, मार्बु-६ | ५० हजार |
| क्षेत्रावती उच्च मावि, क्षेत्रपा | ५० हजार |
| सरस्वती सामुदायिक मावि, जिरी | ५० हजार |
| वैत्यश्वर उच्च मावि, नाम्दु | ५० हजार |
| पाथिभरा प्रावि, श्यामा | ५० हजार |
| लक्ष्मी उच्च मावि, घ्याङसुखाठोकर | ५० हजार |
| भुमेस्थान मावि, घ्याङसुखाठोकर | ५० हजार |
| कालिका उच्च मावि, घ्याङसुखाठोकर | ५० हजार |
| गुप्तेश्वर मावि, मालु | ५० हजार |
| बुस्ति निम्न मावि, नाम्दु | ५० हजार |
| धनमाले निमावि, ठुलोपातल | ५० हजार |
| दियालेखर्क निमावि, पवटी | ५० हजार |
| विन्दाबासीनी निमाबि पवटी | ५० हजार |
| आहालडाँडा प्रावि, भेड्पु | ५० हजार |
| कालिदेवी निमावि, भेड्पु | ५० हजार |
| दुम्सिभ्फाङ प्रावि, हावा | ५० हजार |
| भीमेन्द्र निमावि, मेलुङ | ५० हजार |
| डाँडाखर्क निमावि, डाँडाखर्क | ५० हजार |
| गोल्मेश्वर उच्च मावि, मालु | ५० हजार |
| जनता निम्न मावि, भ्फुले | ५० हजार |
| जनकल्याण प्रावि, च्यामा | ५० हजार |
| सेतीदेवी प्रावि, श्यामा | ५० हजार |
| जनजागृति उच्च मावि, शहरे | ५० हजार |
| सेप्दिङ प्रावि, सुरी | ५० हजार |
| हनुमन्ते क्याम्पस भवन मर्मत तथा निर्माण कार्यक्रम, कार्वे | १० लाख |
| शहरे गाविसको भोटेछाप(गोगनटार  ग्रामिण सडकको मर्मत तथा निर्माण | १० लाख |
| मेलुङ गाविसको सितली(मेलुङ ग्रामीण सडकको मर्मत तथा निर्माण | १० लाख |
| **कूल** | **१ करोड** |

# सडकबत्ती जडानका नाममा लाखौं अनियमितता

- कृष्ण तिम्सिना

**काठमाडौ ।** एसियाली विकास बैंक (एडीबी) ले ऊर्जा बचत योजनाअन्तर्गत काठमाडौंका सडकमा १३ करोड रुपैयाँको लगानीमा जडान गरेको धेरै सोलार बत्ती निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको पैसा खर्चेर मैले जडान गरेको भन्दै काठमाडौका धेरै सभासदले आर्थिक अनियमितता गरेको तथ्य बाहिर आएको छ ।

सडकबत्ती सुधार आयोजनाअन्तर्गत बानेश्वरस्थित संविधानसभा भवन बाहिर पानी ट्यांकीको साइडमा जडान गरिएका सोलार बत्ती र पार्कका लागि मैले २५ लाख खर्च गरेको छु । वर्तमान सरकारका उपप्रधान तथा स्थानीय विकासमन्त्री प्रकाशमान सिंहले जिल्ला विकास समिति काठमाडौंको माघ २० गते गराएको निर्णय पुस्तिकामा उल्लेख छ ।

कानुनमन्त्री नरहरि आचार्यसमेत १८ जना सभासदको उपस्थितिमा स्थानीय विकास अधिकारी तीर्थराज भट्टराईले अनुमोदन गरेको कार्यक्रममा लेखिएको छ, निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत १ करोड बजेटमध्ये बाट नियम ५ को उपनियम २ अनुसार प्रकाशमान सिंहको तर्फबाट वडा नम्बर ३२ को विभिन्न स्थानमा सडकबत्ती अर्थात सौर्य ऊर्जा जडानका लागि २५ लाख विनियोजन गरिएको छ ।

यही कोषबाट मन्त्री सिंहले वडा नम्बर ११ को विभिन्न स्थानमा २५ लाख रुपैयाँको सौर्य बत्ती जडान गरिएको कागजमा देखिन्छ । तर नेपाल विद्युत् प्राधिकरणका सौर्य ऊर्जा परियोजनाका प्रमुख उपप्रवन्धक नुतनदेव भट्टराईका अनुसार, प्राधिकराले एडीबीको सहयोगमा ६ सय ४० वटा सोलार बत्ती जडान गरिएको र उपत्यकाका विभिन्न स्थानमा बत्ती जडानको काम भइरहेको छ ।

१ सय ३० वाटपिकका सोलार प्यानल सहितका बत्ती, प्राधिकरणले एयरपोर्टदेखि माइतीघर, सुन्धारा, रानीपोखरी, पद्ममोदयमोड देखि सभागृह र जमलसम्म ६ सय ४० वटा सोलार बत्ती सार्क शिखर सम्मेलन अघि नै ठेकेदार कम्पनी चाइना हाइड्रोमार्फत जडान गरेको हो ।

यसका लागि एडीबीले ६८ लाख ८४ हजार आरएमबी र १ करोड ५८ लाख रुपैयाँ गरी कुल १२ करोड ६३ लाख ५७ हजार नेपाली रुपैयाँ खर्चेको छ । यी सोलार बत्तीमा, ६० वाटका लागि १ सय ३० वाडपिक क्षमताका दुईवटा सोलार प्यानल र १५० एम्पिएर हावरका ब्याट्री जडान गरिएका छन् ।

यस्तै ४० वाटका लागि १ सय ३० वाटपिकको एउटा प्यानल, १ सय एम्पिएर हावरका ब्याट्री र ३० वाटका लागि १ सय ३० वाटपिक कै सोलार प्यानल र ५० एम्पिएर हावरका ब्याट्री जडान गरिएका छन् ।

काठमाडौं उपत्यकामा सौर्य सडकबत्ती जडान गरिएपछि सरकारले राजधानी बाहिरका सहरमा पनि सडक बत्ती जडान सुरु गरेको छ ।

काठमाडौं उपत्यकाबाहिरको सडक सौर्य बत्ती जडान गर्ने आयोजनाका लागि सरकारले चालू आर्थिक वर्षको बजेटमा कुल रु. ८ करोड विनियोजन गरेको छ ।

तर, उक्त आयोजनाका लागि १२ करोड २६ लाख ४० हजार ३ सय ८२ रुपैयाँ ८४ पैसाबराबरको ठेक्का सम्झौता चाइना लाइट कम्पनीसँग ९ महिना अघि नै प्राधिकरणले गरिसकेको छ ।

१३ करोड ७५ लाख ४७ हजार ४ सय ३९ रुपैयाँ उक्त आयोजनाको लागत अनुमान थियो । अपुग बजेट तथा थप सहरमा यस आयोजना विस्तारका लागि आगामी आवको बजेटमा पनि सरकारले यस कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ, जसअनुसार अब विराटनगरमा २ सय ८४ थान, वीरगन्जमा १ सय ९३ थान, पोखरामा २ सय २ थान र धनगढीमा ८४ थान गरी कुल ७ सय ६३ थान ६०, ४० र ३० वाट क्षमताका बत्ती जडान हुनेछन् ।

त्यस्तै ६० वाट क्षमताका बत्तिका लागि १ सय ३० वाटपिक क्षमताका २ थान सोलार प्यानल र १ सय ५० एम्पिएर आवर क्ष्मताका १ थान ब्याट्री जडान हुनेछन् । ४० वाट क्षमताका बत्तीका लागि १ सय ३० वाटपिक क्षमताका १ थान प्यानल र ९० एम्पीएर आवर क्ष्मताका ट्युलर ब्याट्री प्रयोग हुनेछन् । सम्झौताअनुसार, ३० वाट क्षमताका बत्तीका लागि १ सय ३० वाटपिक क्षमताको एक थान प्यानल र ५० एम्पिएर आवरको ब्याट्री प्रयोग गर्नुपर्ने छ ।

# पेनड्राइभमा भ्रष्टाचार

- तुफान न्यौपाने

**सिंहदरबारभित्रका अड्डाले पेनड्राइभ खरिदमा बजार मूल्यको ५०० प्रतिशत भन्दा महँगो बिल पेस गर्नुले त्यहाँभित्र हुने अनियमितताको हद देखाउँछ ।**

चार जीबी पेनड्राइभको बजार मूल्य कति होला ? कम्प्युटर र यसका पार्टसका देशैभरका विक्रेताहरू आवद्ध भएको संस्था कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) का अनुसार चार जीबीको पेनड्राइभ रु.४०० सम्ममा आउँछ । त्यस्तै ३२ जीबीकोलाई रु.१५०० भन्दा बढी पर्दैन । तर सिंहदरबारभित्रका विभिन्न निकायले गत वर्ष पेनड्राइभ खरिद गर्दा यसको ५०० प्रतिशत बढीसम्म मूल्य तिरेका छन् ।

सूचनाको हकको प्रयोग गरी प्राप्त भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि मन्त्रालय, सहकारी विभाग, दलित आयोग र सार्वजनिक खरिद अनुगमन कार्यालयले पेनड्राइभ खरिद गरी पेस गरेका बिल, ती निकायका खरिद आदेश र सामग्री दाखिला प्रतिवेदनहरूबाट यो तथ्य फेला परेको हो । फ्रिडम फोरमले सूचनाको हक प्रयोग गरी संकलन गरेका यी विवरण केलाउँदा चार जीबीकोलाई रु.२ हजार र ३२ जीबीकोलाई रु.७ हजारसम्म तिरेको भेटियो ।

रोचक के छ भने, एउटै हाता सिंहदरबारभित्रका यी निकायले पेस गरेका बिल बजार मूल्यभन्दा कैयौं गुणा महँगा त छन् नै, त्यसबाहेक एउटै विक्रेताबाट किनिएका सामग्रीको मूल्य पनि मन्त्रालयपिच्छे फरक छ । जस्तो, अर्थ मन्त्रालयले बबरमहलको मर्स्याङ्दी इन्टरप्राइजेज (भ्याट नं.३०१४३९४४४) बाट २३ मंसिर २०७० मा चार जीबीका चार थान र आठ जीबीका दुई थान पेनड्राइभ क्रमशः रु.२ हजार र रु.३५०० दरमा खरिद गरेको छ । तर कृषि मन्त्रालयले मर्स्याङ्दी इन्टरप्राइजेजबाटै दुई पटक १० र २३ चैत २०७० मा गरी चार जीबीका १० थान र आठ जीबीका १२ थान पेनड्राइभ क्रमश रु.३७५ र रु.५०० दरमा किनेको छ ।

तर, अर्थ मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयले वर्षभरमा छुट्टाछुट्टै बिक्रेताबाट फरक-फरक मितिमा खरिद गरेको पेनड्राइभको मूल्य भने साइज (जीबी) अनुसार एउटै देखाएका छन्, अपत्यारिलो लाग्ने गरी ।

## महँगो अर्थ मन्त्रालय

अर्थ मन्त्रालयले ७ साउन २०७० देखि १८ मंसिर २०७१ सम्म खरिद गरेका लाखौंका स्टेशनरी सामग्रीमध्ये ४, ८, १६ र ३२ जीबीका गरी ११८ वटा पेनड्राइभ किन्न रु.४ लाख २७ हजार ५०० खर्चेको छ । यसले औसतमा एउटा पेनड्राइभको मूल्य रु.३६०० भन्दा बढी परेको देखाउँछ । अर्थले यो खरिद मर्स्याङ्दी इन्टरप्राइजेज, ग्लोबल डिजिट्रोनिक्स, एरिसेन्ट नेपाल, प्रशान्त इन्टरप्राइजेज, प्रिमियम ट्रेडिङ इन्टरनेशनल, हिमांशु कन्सल्ट्यान्ट, जयगणेश सप्लायर्स र कृष्ण स्टेसनगरी एण्ड जनरलबाट गरेको थियो । अचम्म, झण्डै डेढ वर्षको अन्तरमा ८ विक्रेताबाट १७ पटक गरिएको खरिदमा दर एउटै देखाइएको छ-चार जीबीकोलाई रु.२ हजार, आठ जीबीकोलाई रु.३५००, १६ जीबीकोलाई रु.४५०० र

३२ जीबीकोलाई रु.७ हजार (हे. बिल) । हामीले बिल, खरिद आदेश र दाखिला प्रतिवेदन केलाएका ८ निकायमध्ये यो नै सबैभन्दा महँगो दर हो । जुन बजार मूल्यभन्दा करिब ५०० प्रतिशत बढी हुन आउँछ ।

यीमध्ये अधिकांश विक्रेताका बिलमा ठेगाना र सम्पर्क नम्बर छैनन् । सार्वजनिक खरिद अनुगमन कार्यालयले ८ पटक गरी चार, आठ र १६ जीबीका २७ पेनड्राइभ रूरु ३३९५० मा कुशेश्वर इन्टरप्राइजेज् र आर क्यू ट्रेड एण्ड जनरल अर्डर सप्लायर्सबाट खरिद गरेको थियो । हामीले खोजी गर्दा अनामनगर ठेगाना लेखेका ती दुवै पसले भेटिएनन् । विक्रेता करदाता नम्बर ३०१९४३१४५ भएको आर क्यू ट्रेड एण्ड जनरल अर्डर सप्लायर्सको ८५ नम्बर बिलमा उल्लेखित मोबाइल नम्बरमा सम्पर्कमा आएका व्यक्तिले नाम र आफ्नो कारोबारबारे बताउन चाहेनन् । २२ जेठ २०७१ को मितिमा सार्वजनिक खरिद अनुगमन कार्यालयको नाममा सप्लायर्सले पेनड्राइभ, कोलिन, फलाटिन कपडा, चक्कु, नाङ्लो तथा केही थान सार्वजनिक खरिद ऐन र मुलुकी ऐन बिक्रीको रु.१५ हजार ९९४ को बिल पठाएर भुक्तानी लिएको थियो । सार्वजनिक खरिद अनुगमन कार्यालयले कारोबार गरेको अर्को विक्रेता ३०१६०९६९२ करदाता नम्बर भएको कुशेश्वर इन्टरप्राइजेज्ले १३ साउन २०७१ मा काटेको ००३ नम्बर बिलमा उल्लेखित मोबाइल नम्बरमा सम्पर्कमा आएका व्यक्तिले पनि आफ्नो नाम बताएनन् । उनले कारोबारबारे बुझ्न चाहेमा आफ्नो भाइलाई सम्पर्क गर्नु भन्दै अर्को नम्बर टिपाए, जुन् आर क्यू ट्रेड एण्ड जनरल अर्डर सप्लायर्सको बिलमा उल्लेखित नम्बर थियो । फरक-फरक नामका यी पसल एउटै व्यक्ति/समूह अन्तरगत सञ्चालित रहेछन् ।

प्राप्त सूचनामा आधारित तथ्य विवरण केलाएका निकायमध्ये सबैभन्दा सस्तो दरमा कृषि विकास मन्त्रालयले खरिद गरेको भेटियो । १३ भदौदेखि २३ चैत २०७० को बीचमा कृषिले ११ पटकमा ५२ पेनड्राइभ किन्न रु.३१ हजार ४४५ खर्चेको छ । औसतमा एउटा पेनड्राइभको मूल्य रू.६०५ पर्न आउँछ । अन्य निकायले विभिन्न मितिमा फरक-फरक विक्रेतासँग फरक-फरक मूल्यमा पेनड्राइभ खरिद गरेका छन् । तिनमा कुनै एकरुपता देखिँदैन । त्यहाँ एउटै कुराको समानता छ, त्यो हो-एउटै हाताभित्रका ती निकायले खरिद गरेको दर एक-अर्कामा निकै तलमाथि र बजार मूल्यभन्दा धेरै महँगो हुनु । (हे. इन्फोग्राफिक्स)

## सामान खरिदमा अपारदर्शीता

बोलपत्र, सिलबन्दी दरभाउपत्र र सोझै खरिद तरिका अनुसार २६ केन्द्रीय निकायले खरिद गरेका विभिन्न २० प्रकारका कार्यालय सामानको न्यूनतम र अधिकतम मूल्यमा निकै बढी प्रतिएकाइ मूल्य अन्तर देखिएको छ । उदाहरणका लागि ८ जीबीको पेनड्राइभको मूल्य रू.५४० देखि रू.३००० सम्म छ । सामानको खरिद मूल्यलाई अधिक र कम राख्ने व्यवस्था नियन्त्रण गर्नुपर्छ । २६ मध्ये ९ निकायले मात्र बोलपत्र वा सिलबन्दी दरभाउपत्रको प्रतिष्पर्धात्मक विधि प्रयोग गरेका छन् । अन्यले सोझै खरिद गरेको देखियो ।

मातहत कार्यालयको खरिद अनुगमन गर्ने जिम्मेवारी रहेका केन्द्रीय निकायको खरिद विधि प्रतिस्पर्धी र मितव्ययी हुनुपर्छ । केन्द्रीय निकायहरूमा नै प्रतिस्पर्धात्मक विधि नअपनाइएका कारण सामान खरिदमा अप्रतिस्पर्धी एवं अपारदर्शी तरिकाले प्रश्रय पाउँदै जान थालेको देखाउँछ । हरेक कार्यालयको खरिद मूल्यलाई स्वीकार्यस्तरमा राखी बजारलाई जागरूक बनाई राख्न सार्वजनिक खरिद ऐन २०६३, ले परिकल्पना गरेको पारदर्शी तरीकाले उचित मूल्यमा प्रतिस्पर्धात्मक विधिबाट सामान र सेवा खरिद गर्नुपर्छ ।

**-महालेखा परीक्षकको ५२ औं वार्षिक प्रतिवेदन, २०७१**

# अर्बौं बजेट दुरूपयोगः जनतालाई सचेत पारौं

- कृष्ण तिम्सिना

सभासदहरूले सांसद विकास कोषको रकममा हिनामिना गरेका समाचारहरू आएपछि यस बारेमा सूचनाको हकसम्बन्धी ऐनको प्रयोग गरी सूचना माग गरिएको थियो । विभिन्न ७२ वटा जिल्ला विकास समितिबाट संकलन गरिएको सूचना अनुसार धैरै सभासदले उक्त रकम बाटो निर्माण शिर्षक नै राखेका छन् । काम भएको छ वा छैन, त्यसको कुनै अनुगमन प्रतिवेदन कुनै निकायसँग छैन ।

स्थानीय सरकार नभएको दशक नाघ्दा समेत चुनाव गर्न चासो नदेखाउने राजनीतिक दलहरूले अहिले निर्वाचन क्षेत्र विकासका नाममा एक करोड बाट बढाएर ५ करोड पुऱ्याउन लामै लविङ गरेर ५० लाख थप गर्न सफल पनि भए । सभासदको मर्जी अनुसार खर्च गर्न विनियोजीत् १५ लाखको दुरुपयोगको त कुनै सिमा नै छैन ।

त्यसको खर्चमा मनपरी भइरहेको छ र निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि भित्र रहेर तर्जुमा गरिएको भनिएको योजनालाई लिएर आर्थिक वर्ष सकिनै लाग्दा जिल्ला परिषद्हरूमा तानातान चल्छ । जुन यस वर्ष जतातत्तै देखियो । सभासदहरूले निर्वाचन क्षेत्र विकास कोष र संसद विकास कोषको रकम कसरी खर्च गरिरहेका छन् न अर्थमन्त्रालयले चासो राख्यो, नत संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले नै ।

७५ वटै जिल्ला विकास समितिसँग सम्वन्धीत् जिल्लाबाट प्रतिनिधित्व गर्ने सभासदहरूले निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत् पाउने रकमको बाँडफाँट कसरि गरिएको छ भन्ने सूचना माग्दा पहिलो सूचना जिल्ला विकास समिति कांस्कीले पठाएको थियो ।

गत फागुन ११ गते जिल्ला विकास समिति कास्कीले पठाएको विवरणअनुसार, अधिकांश सभासदले आ-आफ्नो निर्वाचन क्षेत्रमा पूर्वाधार विकास गर्नमै बजेट विनियोजन गरेका छन् । यस अघिको वजेट व्यवस्था अनुसार, चार निर्वाचन क्षेत्र रहेको कांस्कीबाट १० जना सभासदले प्रतिनिधित्व गर्छन् र निर्वाचन क्षेत्र विकास कोष तथा संसद विकास कोष शिर्षकमा कांस्कीमा यसवर्ष ११ करोड ५० लाख रुपैयाँ छुट्याइएको छ ।

तर अत्यावाश्यक तथा दिर्घकालीन् विकास पूर्वाधारमा भन्दाबढी उक्त रकम ग्रामीण सडक, सामुदायीक भवन, उपभोक्ता समुह, खानेपानी आयोजना, फर्निचर खरिद तथा आमा समूहलाई सहयोग गरेर सिध्याइएको छ । सहिद स्मृति पार्क, सहिद स्मृति प्रतिक्षालय, शहिद स्मृति विद्यालय भवन तथा विद्यालयको कम्पाउण्ड र गेट निमार्णमा रकम खर्च गर्ने योजना सम्वन्धीत् सभासदहरूले स्थानीय विकास अधिकारी समक्ष पेस गरेका छन् ।

यसरी दिइएको रकम पनि उनीहरूले खर्च गरे अथवा गरेनन्, त्यसको अनुगमन भएको

जानकारीमा छैन । संविधानसभा सचिवालयका अनुसार निर्वाचन क्षेत्र विकास कोष र संसद विकास कोषबाट सबैभन्दा धेरै रकम भने काठमाडौं उपत्यकामै खर्च भएको छ । जस अनुसार काठमाडौं ३६, ललितपुरबाट १० तथा भक्तपुरबाट ५ जना सहित उपत्यकाका ३ जिल्लाबाट संविधान सभामा ५१ जना सभासद पुगेका छन् ।

सबैभन्दा धेरै राज्य कोषबाट ५१ जना सभासदले झण्डै ६० करोड रुपैयाँखर्च गर्ने अधिकार पाएका छन् । अधिकांशले उक्त रकम कार्यकर्ता, क्लव तथा सिद्धान्ततः आफू निकट संघ संगठनलाई पैसा छरेका छन् । निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि २०५८ को नियम ३ अनुसार प्रत्यक्ष निर्वाचित सभासद्को संयोजकत्वमा बजेट विनियोजन गर्न पाउने प्रावधान छ । जसप्रति समानुपातिक सभासद मात्र त्यसमा साक्षी बस्छन् ।

नेपालमा आर्थिक वर्ष २०५८/५९ देखि निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि केन्द्रीय बजेटबाट रकम विनियोजनको अभ्यास सुरु भएको हो । त्यसैको निरन्तरता संविधानसभाका सम्पुर्ण सदस्यले चाहेको निर्वाचन क्षेत्रमा खर्च गर्न पाउनेगरी अहिले निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि यसअघीको बजेटमा १५ लाख पुऱ्याईयो र अहिले २० लाख पुगेको छ ।

२४० वटा निर्वाचन क्षेत्र विशेष पुर्वाधार विकास कार्यक्रमका लागि थप १ करोड रकम विनियोजन गरियो र अहिले अरु ५० लाख थप भयो । सरकारले यो रकम तथा संविधानसभा/व्यवस्थापिका संसदका सदस्यको एकल निर्णयका आधारमा छनोट हुने कार्यक्रमलाई व्यवस्थित गर्नका लागि निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ पनि जारी गरेको छ ।

जसअनुसार, संविधानसभाका सदस्यले कार्यक्रम छनोट गर्दा प्रत्यक्ष निर्वाचनमा चुनाव जितेकाले निर्वाचित क्षेत्रमा र अरू सभासदले आफूले चाहेको जिल्लाको निर्वाचन क्षेत्रमा रकम विनियोजन गर्न सक्ने छन् । प्रस्तावित कार्यक्रम जिल्ला विकास समितिमा आर्थिक वर्षको पहिलो चौमासिक भित्रै पेस गरिसक्नुपर्ने हुन्छ । स्थानीय निकायमा राजनीतिक स्वार्थ प्रेरित विकास निमार्णका कारण बढिरहेको बेथिति र बेरुजु न्यूनीकरणका लागि यस्तो व्यवस्था गरिएको हो ।

तर संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रवक्ता पूर्णचन्द्र भट्टराई दाबी गर्छन्, शक्ति सन्तुलनको सिद्धान्तमा आधारित भएर एउटा अनुगमन प्रणालीको स्थापना गरिएको छ । निर्वाचित सभासदको अध्यक्षतामा यसको वयवस्थापन समिति छ र ५० प्रतिशतभन्दा बढी त्यो निर्वाचन क्षेत्रमा लगानी गरेको समानुपातिक तर्फका सभासदज्यूको अध्यक्षतामा अनुगमन समितिको व्यवस्था गरेको छ । यो चाही कार्यक्रमलाई नै लक्षित गरेको अनुगमन गरिएको त्योबाहेक जि.वि.स ले नियमित अनुगमन संरचना पनि यसले अनुगमन गर्ने गर्छ ।

प्राप्त सूचनाअनुसार अर्थमन्त्री डाक्टर रामशरण महतको गृह जिल्लाबाट महतसहित ७ जना सभासदले प्रतिनिधित्व गरिरहेका छन् र नुवाकोटमा पनि सभासदहरूले निर्वाचन क्षेत्र विकास कोष र संसद विकास कोषको रकम आ-आफ्नो भोट आउने क्षेत्र केन्द्रित परियोजनामा खर्च गरेकाछन् । यही अधिकार प्रयोग गर्दै सभासदहरूले योजना छनौट र रकम विनियोजन गरिरहेका छन् ।

सभासदहरूलाई यसरी राज्य कोषको रकम विनियोजन गरिनुको सन्देश, पूर्वाधार विकासका सन्दर्भमा राज्यले भूगोलका आधारमा कसैमाथि विभेद गरिरहेको छैन भन्ने नै हो तर, राज्यकोषबाट राजधानी उपत्यकामा करिव ६० करोड विनियोजन हुँदा उता हिमालपारिको जिल्ला मनाङ्मा भने कांग्रेसका सभासद टेकबहादुर गुरुङ एक्लै छन् र जम्मा १ करोड १५ लाख रुपैयाँले सिँगो मनाङ्को विकास गर्नुपर्ने अवस्था छ ।

निर्वाचन क्षेत्र विकास कोष र संसद विकास कोषको रकम कहाँ कसरी वितरण भइरहेको छ भन्ने सूचना हेर्दा, पूर्वाधार विकास र राज्यले प्रवाह गर्ने अधिकांश सेवा सुविधाबाट बञ्चित् दार्चुला र डोल्पाबाट पनि एक/एक जनाको मात्र प्रतिनिधित्व छ । संविधान प्रद्धत्त आफ्नो मौलिक अधिकारबाट बञ्चित् हुम्लाबाट दुई तथा जुम्लाबाट ४ जना सभासदले प्रतिनिधित्व गर्दा, प्रधानमन्त्री सुशील कोइरालाले प्रतिनिधित्व गर्ने बांकेमा भने राज्य कोषबाट १० जना सभासदले झण्डै १२ करोड रुपैयाँ लैजान्छन् ।

राष्ट्रिय राजनीति तथा राष्ट्रिय योजना तर्जुमामा पनि प्रभाव राख्ने नेताहरूले प्रतिनिधित्व गर्ने अधिकांश जिल्लाबाट प्रतिनिधित्व संख्या पनि बढी छ। विवरण उपलब्ध गराउने ओखलढुंगा जिल्ला विकास समितिले भने निर्वाचन क्षेत्र विकास कोष र संसद विकास कोषको रकम स्थानीय नवघोषीत् नगरपालीकामा पर्यटकीय पूर्वाधार विकास, लघु जलविद्युत् आयोजना सञ्चालन र विभिन्न, १५ वटा ग्रामीण सडक विस्तार  पूर्वाधार विकासमा खर्च गर्ने सहमति बनेको विवरण पठाएको छ। विवरण अनुसार ओखलढुंगाबाट समानुपातिकसहित ५ जनाको प्रतिनिधित्व रहेको छ ।

गृहमन्त्री वामदेव गौतमले चुनाव जितेको प्यूठान जिल्लाबाट ५ जनाले प्रतिनिधित्व गर्छन् भने एमाले अध्यक्ष केपी शर्मा ओलीको गृह जिल्ला झापाबाट संविधान सभामा १८ जना सभासद छन्। तर प्रतिनिधित्वका हिसावले काठमाडौंपछि बढी सभासद भएको जिल्ला धनुषा हो, जहांबाट २६ जना सभासदले प्रतिनिधित्व गरिरहेका छन् ।

यस्तै एमाओवादी अध्यक्ष पुश्पकमल दाहाल प्रचण्डले चुनाव जितेको सिराहाबाट २१ जनाले संविधान सभामा प्रतिनिधित्व गरिरहेका छन् । यी जिल्ला विकास समितिले पनि निर्वाचन क्षेत्र विकास कोष र संसद विकास कोषको रकम कार्यकर्ता खुसी पार्ने अधुरा परियोजना अथवा क्लव र महिला समुहलाई बाँडेर सकेका छन् । यसरी राज्य कोषको अर्बौं रुपैयाँ कनिका छरेजस्तो मनपरी ढंगले छर्ने हो भने किन दिने त सभासदलाई यत्रो रकम खर्च गर्ने अधिकार ? समीक्षा हुनु जरुरी छ ।

# निर्वाचन क्षेत्र विकास कार्यक्रमः उद्देश्य र अभ्यास

- अनिरुद्र न्यौपाने

विभिन्न निर्वाचन क्षेत्रबाट पहिलो हुने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणालीका आधारमा केन्द्रीय संसदका लागि जनप्रतिनिधि चुन्ने प्रजातान्त्रिक पद्धति भएका केही मुलुकमा निर्वाचनका बखत सम्वन्धीत उम्मेदवारले जनतासँग गरेका विकासका प्रतिवद्धता पूरा गर्न सघाउने उद्देश्यले केन्द्रीय बजेटमा हरेक वर्ष केही रकम छुट्याउने प्रचलन पाइन्छ ।

राज्यको नीति निर्माणका लागि निर्मित विधायिकामा प्रतिनिधित्व गर्ने सांसदहरू स्थानीय जनप्रतिनिधि जस्तै बजेट निर्माण र कार्यान्वयनमा आफैं संलग्न हुँदा कार्यकारी माथि निगरानी गर्ने संसदको मूल भूमिका कमजोर भई सार्वजनिक वित्त व्यवस्थापन प्रणाली नै ध्वस्त हुने हुँदा सांसदहरूको तजविजमा खर्च हुने गरी बजेट विनियोजन गर्ने प्रक्रियाको निकै नै आलोचना हुन्छ ।

तर, कार्यकारीको बजेट प्रस्ताव संसदले स्वीकृत नगरेसम्म बजेट कार्यान्वयनमा जान नसक्ने हुनाले सांसदहरूले चाहेको अवस्थामा संसदीय क्षेत्र विकासका नाममा रकम विनियोजन गर्नु सरकारको बाध्यता जस्तै बन्छ । अझ, कतिपय अवस्थामा विपक्षीलाई खुसी पार्न र बजेटमाथिको दफावार छलफल र  टिक्काटिप्पणीलाई औपचारिकतामा सीमित गर्न सरकारले नै चलाखीपूर्वक यसरी रकम छुट्याउने संभावना पनि हुन्छ ।

नेपालमा आर्थिक वर्ष २०५८/५९ देखि निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि केन्द्रीय बजेटबाट रकम विनियोजन गर्ने अभ्यास सुरु भएको हो । आर्थिक वर्ष २०६५/६६ तत्कालीन सरकारले वार्षिक बजेटमा सो कार्यक्रम नसमेटेकोमा प्रतिपक्षको विरोधका कारण पुनः सो कार्यक्रम बजेटमा समेटिएको थियो ।

संविधानसभाका सम्पूर्ण सदस्यहरूका लागि आफूले चाहेको निर्वाचन क्षेत्रमा खर्च गर्न पाउने गरी हरेक वर्ष रु. १० लाख निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि विनियोजन गर्ने गरिएकोमा आर्थिक वर्ष २०७१/७२ मा सो रकम १५ लाख पुऱ्याइएको छ ।

संविधानसभाको दोस्रो निर्वाचन पछि सरकारमा सहभागी दलका सांसदहरूको चर्को दबाब र विपक्षीको मौन समर्थनपछि सरकारले अन्तिम समयमा २४० वटा निर्वाचन क्षेत्रका लागि रु. १ करोडका दरले निर्वाचन क्षेत्र विशेष पूर्वाधार विकास कार्यक्रमका लागि थप रकम विनियोजन गरेको छ ।

यसरी आर्थिक वर्ष २०७१/७२ मा निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम गरी संविधानसभाका सदस्यहरूको सिफारिसमा तय गरिने विकास कार्यक्रमका लागि मात्र ३ अर्ब ३१ करोड रकम विनियोजन गरिएको छ ।

संविधानसभा/व्यवस्थापिका संसदका सदस्यको एकल निर्णयका आधारमा छनोट हुने कार्यक्रमलाई व्यवस्थित गर्नका लागि सरकारले निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ जारी गरेकोमा समय-समयमा सो नियमावली संशोधन गर्दै आएको छ ।

पछिल्लो पटक २०७१ मा उक्त नियमावली संशोधन गरिएको छ। निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ तयार गरी जारी गरेको छ।

## के हो कार्यक्रम छनोटको आधार

निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ मा संविधानसभाका सदस्यहरूले कार्यक्रम छनोट गर्दा पालना गर्नुपर्ने नियमहरू यसप्रकार छन्।

- प्रत्यक्ष निर्वाचित सदस्यले सम्बन्धित निर्वाचित क्षेत्रमा र अन्यले आफूले चाहेको जिल्लाका निर्वाचन क्षेत्रमा कार्यक्रमको रकम विनियोजन गर्न सक्ने
- पहिलो चौमासिक भित्रमा प्रस्तावित कार्यक्रम जिल्ला विकास समितिमा पेस गरिसक्नुपर्ने अन्यथा रकम निकासा नहुने
- ५० हजारभन्दा बढीका, आवधिक जिल्ला विकास योजना तथा अन्य क्षेत्रगत योजनामा परेका लक्षित वर्गको उत्थान र विकाससम्बन्धी कार्यक्रम छनोट गर्नुपर्ने तथा कम्तीमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने
- कम्तीमा ५० प्रतिशत रकम भौतिक पूर्वाधार निर्माणको कार्यक्रममा लगाउनु पर्ने
- राजनीतिक दल, भ्रातृ संगठन, संघसंस्था वा व्यक्तिलाई आर्थिक सहायता दिन नहुने
- योजनाको संख्या १२ भन्दा बढी हुन नहुने

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली २०७१ अनसार कार्यक्रम छनोट गर्ने मापदण्ड निम्नानुसार निर्धारण गरिएको छ।

- सम्बन्धित निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधानसभा सदस्यको संयोजकत्व तथा निर्वाचन क्षेत्र विकास कार्यक्रमको कम्तीमा ४० प्रतिशत खर्च गर्ने रकम त्यस क्षेत्रमा विनियोजन गर्ने संविधान सभाको सदस्य, स्थानीय विकास अधिकारी तथा विकाससँग सम्बन्धित कार्यालयका प्रतिनिधिहरू सदस्य रहने निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम निर्देशन तथा व्यवस्थापन समतिले कार्यक्रम छनोट गर्नुपर्ने
- पहिलो चौमासिकभित्र समितिको बैठक बसी योजना तर्जुमा गर्नुपर्ने
- आयोजनाको संख्या १० भन्दा बढी र ७ लाखभन्दा कमको हुन नहुने तथा एक आर्थिक वर्षमा सम्पन्न हुने कार्यक्रम हुनुपर्ने
- जिल्ला विकास योजना, क्षेत्रगत योजना, अपूरा योजना, गाविस र जिविसको स्रोत अपर्याप्त भएका कारणले रकम विनियोजन गर्न नसकिएका योजना जस्ता विषयलाई ध्यान दिनुपर्ने
- बढी जनसहभागिता हुने तथा उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन हुने कार्यक्रममा लगानी गर्नुपर्ने
- संघसंस्था, दल र तीनका भ्रातृ संगठनसँग सम्बन्धित पूर्वाधार मा लगानी गर्न नपाइने

दुवै नियमावलीले निर्वाचन क्षेत्र विकास कार्यक्तम छनोटमा संविधानसभाका सदस्यको भूमिकालाई महत्व दिएको पाइन्छ तर यसरी छनोट गरी कार्यान्वयनमा लगिने कार्यक्रम गाउँ, नगर तथा इलाका स्तरका योजनामा आधारित हुनुपर्ने व्यवस्था गरेको देखिन्छ ।

यी दुवै कार्यक्रमका लागि खर्चको अख्तियारी र खर्च जिल्ला विकास समितिहरूबाट हुने भएको निर्वाचन क्षेत्र विकासका लागि विनियोजित बजेटको खर्चका लागि निर्धारित प्राथमिकता र निर्देशिकाको पालनाको अवस्था अध्ययन गर्ने प्रयोजनका लागि तारानाथ दाहाल र अनिरुद्र न्यौपानेले सूचनाको हकसम्बन्धी ऐन २०६४ बमोजिम सबै जिल्ला विकास समितिहरूमा आर्थिक वर्ष ०७१/७२ मा योजना छनोट प्रक्रिया, प्राथमिकता निर्धारणका आधार तथा कार्यक्रम र रकमसमेतको विवरण माग गर्नुभएको थियो । ३० वटा जिल्ला विकास समितिले माग गरिएका सूचना उपलब्ध गराएकोमा ६ वटा जिल्लाबाट प्राप्त सूचनाको विश्लेषण यहाँ गरिएको छ ।

**तालिका - एक**
**निर्वाचन क्षेत्र तथा सभासदको संख्या**

| जिल्ला | ओखलढुंगा | सर्लाही | तनहुँ | रोल्पा | अछाम | दोलखा |
|---|---|---|---|---|---|---|
| निर्वाचन क्षेत्रको संख्या | २ | ६ | ३ | २ | २ | २ |
| विशेष पूर्वाधार विकास कार्यक्रमको विवरण | २ | ६ | ३ | २ | २ | २ |
| निर्वाचन क्षेत्र विकास कार्यक्रमको विवरण उपलब्ध गराएका सभासद संख्या | ३ | १७ | ७ | ० | ० | २ |

माथिको तालिकाबाट के देखिन्छ भने निर्वाचन क्षेत्रको संख्याका तथा विभिन्न दलले सामानुपातिक प्रणाली र मन्त्रिपरिषद्बाट नियुक्त गर्ने विधिबाट संविधानसभामा पुऱ्याएका सांसदको संख्याले निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि जाने रकम फरक पर्ने देखिन्छ । उदाहरणका लागि ६ वटा निर्वाचन क्षेत्र रहेको सर्लाही जिल्लाबाट संविधानसभामा १७ जना सभासद्हरूको प्रतिनिधित्व रहेको आधारमा उक्त जिल्लामा निर्वाचन क्षेत्र विकासका लागि ८ करोड ५५ लाख रकम गएको देखिन्छ ।

यो रकम दोलखा, अछाम, रोल्पा र ओखलढुंगामा जाने रकमको तुलनामा तीन गुणा वा सोभन्दा बढी हुन आउँछ। जनसंख्याको आधारमा यो उपयुक्त लागे पनि निर्वाचन क्षेत्र विकास कार्यक्रमले विगत देखि पहुँचका आधारमा हुँदै स्रोतको असन्तुलित वितरणका अतिरिक्त निर्वाचन क्षेत्रका सांसदहरूको संख्याका आधारमा अर्को असन्तुलन उत्पन्न गराएको देखिन्छ ।

अछाम जिल्ला विकास समितिले निर्वाचन क्षेत्र विकास कार्यक्रमको १५ लाख सभास्हरूले सोझै विनियोजन गर्ने हुनाले कार्यालयसँग सो सम्बन्धी कुनै अभिलेख नभएको जानकारी दिएको छ । अर्थात् कार्यक्रम कार्यान्वयन र अनुगमनको औपचारिकता समेत पूरा नहुने अवस्था रहेको देखिन्छ। रोल्पा जिल्ला विकास समितिले निर्वाचन क्षेत्र विकास कार्यक्रमका सम्बन्धमा केही उल्लेख गरेको छैन भने ओखलढुंगा जिविसले प्रत्यक्ष निर्वाचित सांसदले छनोट गरेको कार्यक्रमबारे केही उल्लेख गरेको छैन । दोलखा जिविसले दुईजना सभासद्ले छनोट गरेका योजना को नाम दिए पनि समानुपातिक सभासद्का योजनाबारे केही उल्लेख गरेको छैन ।

## तालिका- दुई
## पूर्वाधार विशेष कार्यक्रमको विवरण र संख्या

| जिल्ला | निर्वाचन क्षेत्र नं | परियोजना संख्या | क्षेत्रगत परियोजना संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सडक | शिक्षा | खानेपानी | विद्युत् | अन्य |
| ओखलढुंगा | १ | १० | ५ | २ | ० | १ | २ |
| | २ | १० | ९ | १ | ० | ० | ० |
| दोलखा | १ | ५७ | २ | ३८ | १५ | ० | २ |
| | २ | २७ | १२ | ११ | ४ | ० | ० |
| सर्लाही | १ | १० | २ | २ | ३ | २ | १ |
| | २ | १० | ३ | ५ | ० | ० | २ |
| | ३ | १० | ७ | ० | १ | ० | २ |
| | ४ | १० | ३ | ३ | १ | ० | ३ |
| | ५ | १० | ४ | १ | १ | ० | ४ |
| | ६ | १ | १ | ० | ० | ० | ० |
| तनहुँ | १ | ९ | ४ | ० | १ | ० | ४ |
| | २ | १० | ६ | ३ | ० | ० | १ |
| | ३ | १० | ८ | ० | ० | ० | २ |
| रोल्पा | १ | १० | १० | ० | ० | ० | ० |
| | २ | १० | ९ | ० | ० | ० | १ |
| अछाम | १ | ९ | २ | ४ | ० | ३ | ० |
| | २ | १० | ६ | ० | १ | २ | १ |
| | **जम्मा** | **२२३** | **९३** | **६०** | **२७** | **८** | **२५** |

अध्ययनमा समेटिएका ६ जिल्लामा संभवत नियमावलीले तोकेको अधिकतम १० वटा योजनाको सीमाका कारण दोलखाबाहेक अन्य जिल्लाका निर्वाचन क्षेत्रमा १० वटा कार्यक्रमका लागि रकम विनियोजन गरेको देखिन्छ। केही निर्वाचन क्षेत्रमा परियोजनाको संख्या र न्यूनतम ७ लाखको मापदण्डका कारण कयौं स-साना योजनालाई एउटै कार्यक्रम अन्तरगत राखेको देखिन्छ। सर्लाही जिल्ला क्षेत्र नं ६ मा विभिन्न गाविसहरूबाट सदरमुकाम मलंगवासम्म जोडने सडक मर्मत तथा स्तरोन्नती कार्यका सडकको नाम उल्लेख नगरी लागि एकमुष्ठ १ करोड विनियोजन गरेको देखिन्छ भने सोही जिल्लाको क्षेत्र नं. १ अन्तर्गतका सामुदायिक विद्यालय र क्याम्पसहरूको लागि फर्निचर तयारी तथा वितरण शिर्षकमा विद्यालय र क्याम्पसको नामसमेत उल्लेख नगरी रु दश लाख विनियोजन गरेको देखिन्छ।

ओखलढुंगा जिल्लाको क्षेत्र नं २ मा एक विद्यालयको पुर्वाधार निर्माण र अर्को गाउँको खानेपानी योजनालाई एउटै कार्यक्रममा समेटेको देखिन्छ भने क्षेत्र नं १ मा एउटा नगरपालिका क्षेत्रमा पर्यटन पूर्वाधार विकासमा योजनाको नाम नराखी रकम विनियोजन गरिएको छ। यस्ता उदाहरण सर्लाही जिल्लाका प्राय: सवै निर्वाचन क्षेत्र तथा अन्य जिल्ला कतिपय निर्वाचन क्षेत्रमा पनि पाइएको छ।

दोलखा जिल्लाका दुवै निर्वाचन क्षेत्रको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत रकम विनियोजन गर्दा नियमावलीको ठाडो उलंघन भएको देखिन्छ। दुवै निर्वाचन क्षेत्रमा कार्यविधि विपरीत १० वटाभन्दा बढी योजना छनोट गरिएको पाइयो। क्षेत्र नं १ मा ५७ वटा योजनामा रकम छरेको देखिन्छ भने क्षेत्र नं २ मा २७ योजना छनोट गरिएको छ।

सो क्षेत्र नं १ मा ५७ मध्ये ४ वटा योजना मात्र रु ७ लाखभन्दा बढीको रहेको देखिन्छ । ७ लाख बढीका योजनाअन्तर्गत पनि ७ वटा गा.वि.स. र १ नगरपालिकामा धुवाँ रहित चुल्हो वितरणका लागि २० लाख विनियोजन गरिएको देखिन्छ भने विभिन्न २४ वटा विद्यालयलाई ५० हजारका दरले रकम वितरण भएको देखिन्छ भने क्षेत्र नं २ मा २७ मध्ये ७ वटा योजना रु ७ लाख वा सोभन्दा बढीको रहेको देखिन्छ। संभवतः दुवै निर्वाचन क्षेत्रमा एउटै दलको सभासद हुनु र एकजना मात्र समानुपातिक सभासदसमेत सोही जिल्लाको हुनुले स्थानीय निकायमा प्रतिपक्ष विहिनताका कारणले हुने गरेको राज्य कोषको दुरुपयोगको राम्रो उदाहरण दोलाखाका दुईवटा निर्वाचन क्षेत्रमा देखिएको छ ।

पाँच जिल्लाका १५ निर्वाचन क्षेत्रमा पूर्वाधार विकास विशेष कार्यक्रमअन्तर्गत २२३ वटा परियोजनाका लागि रकम विनियोजन भएको देखिन्छ । जसमध्ये ४१ प्रतिशत अर्थात् ९३ वटा परियोजना सडक निर्माण तथा मर्मतसँग सम्वन्धीत छन् । कुनै पनि योजना पक्की सडक निर्माणका लागि रहेको पाईएन । दुईवटा निर्वाचन क्षेत्रका विचमा समन्वय गरेर ठूला योजना निर्माणका लागि रकम छुट्याइएको पाइएन। अशिकांश योजना रु ७ लाखका रहेका देखिन्छ।

त्यस्तै २२३ योजनामध्ये १५ लाख र सोभन्दा बढीको योजनाको संख्या केवल १९ वटा मात्र रहेको देखिन्छ । २० लाख भन्दा बढिका योजना ओखलढुंगाका दुवै क्षेत्र, तनहुँ क्षेत्र नं २ र अछाम क्षेत्र नं २ मा एक एक वटा गरी जम्मा ४ वटा मात्र रहेको देखिन्छ। यसबाट निर्वाचन क्षेत्रको पुर्वाधार विशेष कार्यक्रमहरू दिर्घाकालीन हितमा भन्दा सभासदहरूको उपस्थिति देखाउनमा सीमित रहनसक्ने देखिन्छ ।

विद्यालय र क्याम्पसको भवन निर्माणमा रकम विनियोजन गरिनुले भने शिक्षा क्षेत्रमा दीर्घकालीन सकारात्मक प्रभाव रहन सक्ने आशा गर्न सकिन्छ । धर्मशाला, सामुदायिक भवन, पार्क र खेल मैदान निर्माण पनि विशेष पूर्वाधार विकास अन्तरगत परेको देखिन्छ। जसले निर्वाचन क्षेत्र पुर्वधार विशेष कार्यक्रमको बदनाम गर्ने देखिन्छ । सर्लाही जिल्लामा कलभर्ट र तटबन्ध निर्माणमा केही रकम विनियोजन भएको पाइएको छ भने पहाडमा पहिरो जस्ता प्रकोप नियन्त्रण र पुनः निर्माणमा कुनै पनि रकम विनियोजन भएको पाइएन ।

रकम विनियोजन गर्दा प्रायः निर्वाचन क्षेत्रमा दामासायीले वितरण गरेको देखिन्छ। अछाम क्षेत्र नं १ मा १० मध्ये ४ वटा योजना १० लाखका रहेका छन् भने क्षेत्र नं २ मा १० मध्ये ७ वटा योजना रु. ७ लाखका छन् । ओखलढुंगा क्षेत्र नं १ मा ५ वटा योजना ७ लाखका रहेको देखिन्छ भने क्षेत्र नं २ मा ५ वटा योजना ८ लाखका छन् । रोल्पाको निर्वाचन दुवै क्षेत्रमा गरी २० मध्ये १८ वटा योजना १० लाखका रहेका छन् । सार्लाहीमा ५१ मध्ये २२ वटा योजना रु ७ लाखका छन् भने १० वटा योजना रु. १० लाखका रहेका छन् । तनहुँमा २९ मध्ये ९ वटा योजना १० लाखका, ५ वटा ८ लाखका र ४ वटा ७ लाखका रहेको देखिन्छ । दोलखा क्षेत्र नं १ मा २७ योजना १ लाखका र २४ वटा योजना ५० हजारका छन् भने क्षत्र नं २ मा २७ मध्ये ७ योजना १ लाखका र ५ योजना ७ लाखका  छन् । यसबाट कुनै पनि योजनामा रकम विनियोजन गर्दा लागत अनुमान नगरी हचुवाका भरमा गरेको देखिन्छ ।

**तालिका ३**
**क्षेत्रगत बजेट विनियोजन (रु. लाखमा)**

| कार्यक्रम/जिल्ला | ओखलढुंगा | दोलखा | सर्लाही | तनहु | रोल्पा | अछाम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सडक | १६५ | ८३ | २९२.५ | १९३ | १९० | ८७ | ९८०.५ |
| शिक्षा | २३.५ | ६० | १०८ | १४ | - | ५५ | २६०.५ |
| खानेपानी | ७.५ | ३७ | ५९ | ९ | - | - | ११२.५ |
| विद्युत | २७ | - | ४२.५ | | - | ४६ | ११५.५ |
| अन्य | ७ | २० | ९८ | ८४ | १० | १२ | २३१ |
| **कुल जम्मा** | **२००** | **२००** | **६००** | **३००** | **२००** | **२००** | **१,७००.००** |

६ वटा जिल्लाका १७ वटा निर्वाचन क्षेत्रको बजेट विश्लेषण गर्दा संख्यात्मक आधारमा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तरगत ४१ प्रतिशत परियोजना सडक निर्माण र मर्मतसँग सम्बन्धित रहेकोमा बजेट विनियोजनका दृष्टिकोणले ५७.६७ प्रतिशत रकम यो क्षेत्रमा विनियोजन भएको देखिन्छ । सडकका योजना कच्ची सडक निर्माण, मर्मत र ग्रावेलसँग सम्बन्धित रहेका छन् । सिँचाइका परियोजनामा बजेट नै विनियोजन नभएको (सर्लाहीमा पानी तान्ने पम्प खरिद बाहेक) र स्वास्थ्यमा नगन्य मात्रामा मात्र रकम विनियोजन भएबाट कृषि र स्वास्थ्य निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको प्राथमिकतामा नपरेको देखिन्छ ।

## निर्वाचन क्षेत्र विकास कार्यक्रम

निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि सभासद्हरूले प्राप्त गर्ने रु १५ लाखको कार्यक्रम छनोटको आधारहरू कतै उल्लेख गरिएको पाइएन । १५ लाखबाट पनि अधिकांश निर्वाचन क्षेत्रमा १२ वटाका दरले नै परियोजना छनोट गरेको देखिन्छ । सभासद्हरूले आफ्नो वा आफ्ना प्रतिनिधिहरूको हस्ताक्षर रहेको लेटरप्याडमा योजनाको नाम लेखेर जिविसहरूमा रकम निकासका लागि सिफारिस गर्ने गरेको देखिन्छ ।

सर्लाही जिल्लाका ६ निर्वाचन क्षेत्रमा १७ सभासदले २० वटा धर्मशाला र मन्दीर निर्माण र मर्मतमा रकम छुट्याएको देखिन्छ । तनहुँ क्षेत्र नं २ मो १२ मध्ये आठवटा योजना धार्मिक स्थल र सामुदायिक भवन निर्माणका छन् । तनहुँ जिल्लाका अधिकांश परियोजना क्लब, आमा समूह लगायतको सामुदायिक भवन निर्माणसँग सम्बन्धित देखिन्छन्, जसबाट योजना छनोटमा क्षेत्रगत प्राथमितालाई ध्यान दिएको देखिँदैन ।

समानुपातिक पद्धतिबाट निर्वाचित सदस्यहरूले तुलनात्मक रूपमा कम संख्यामा परियोजना छनोट गरेको पनि पाइएको छ । सर्लाहीमा समानुपातिक पद्धतिबाट निर्वाचित ११ मध्ये ७ सभासद्ले ५ वटाभन्दा कम परियोजना सिफारिस गरेका छन् । ओखलढुंगा जिल्लाका समानुपातिक सभासद् सुरेन्द्रकुमार कार्की (राम कार्की) ले पूरै १५ लाख सहिद स्मृति पार्क निर्माणमा लगाउने निर्णय

गरेको देखिन्छ । दोलखा जिल्लामा निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकम विनियोजनका क्रममा समेत नियमावलीको प्रावधान मिचेको देखिन्छ । निर्वाचन क्षेत्र नं १ का सभासद् पार्वत गुरुङले इकाईस नामक संस्थालाई विभिन्न काम गर्न भनी रु. ५ लाख ५० हजार र ग्रामीण विकास सारेकार केन्द्र लादुकलाई ६ लाख दिएको देखिन्छ ।

दुवै क्षेत्रमा मन्दिर र गुम्बा निर्माण बाहेकका भौतिक र सामाजिक पूर्वाधार विकासका योजनामा निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकम विनियोजन गरेको देखिँदैन । रकम र योजना संख्याको दृष्टिकोणले अन्य निर्वाचन क्षेत्रमा नियमावलीको पालना भएको देखिए पनि प्रायजासो निर्वाचन क्षेत्रमा बिना प्राथमिकता रकम छरेको देखियो । अर्थात्, निर्वाचन क्षेत्र विकास कार्यक्रमले आम नागरिकको जनजिवनमा सकारात्मक परिवर्तन ल्याउनमा लक्षित गरिएको देखिँदैन ।

प्रत्यक्ष निर्वाचित सभासद्को नेतृत्वमा बनेको व्यवस्थापन र निर्देशन समितिमा सरोकारवालाहरूको प्रतिनिधित्व रहने भएकोले तुलानात्मक रूपमा यो कार्यक्रम निर्वाचन क्षेत्र विकास कार्यक्रमजस्तो सभासद्को तजबिजमा तय हुने अवस्था देखिँदैन । तर, एउटै दलका सभासद्को मात्र प्रतिनिधित्व रहेको निर्वाचन क्षेत्रमा भने स्थानीय सरोकारवालाहरूको प्रभाव सुन्य प्रायः रहने र प्रतिपक्षको अभावमा पूर्वाधार विकासको रकमको चरम दुरुपयोग हुने अवस्था देखिन्छ ।

योजना छनोटमा पनि जनताको बढी चाहनाको सडक र शिक्षाजस्ता क्षेत्रमा बढी रकम विनियोजन भएबाट यसले जनताको विकासको चाहनालाई सम्वोधन गर्ने प्रयास गरेको देखिन्छ । तर, रकम छर्ने प्रवृत्तिलाई बढावा दिनु, दिगो विकासलाई जोड नदिनु, सिँचाइ र स्वास्थ्य जस्तो आधारभूत विषयलाई पूर्ण बेवास्ता गर्नु, जिल्लामा सञ्चालित विकास कार्यक्रमलाई बेवास्ता गरी निर्वाचन क्षेत्र केन्द्रित हुँदा सहकार्यका आधारमा ठूलो परियोजना सञ्चालन गर्न सक्ने सम्भावनालाई ध्यान नदिनु, निर्वाचित सभासद्को तजबिजमा नियमविपरीत स-साना योजनामा रकम छर्नु, कयौं परियोजनामा दामासायीले बराबर रकम बाँड्नुजस्ता कमजोरीले गर्दा विशेष कार्यक्रमका रूपमा यो कार्यक्रमको औचित्य पुष्टि नहुने देखिन्छ ।

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम कायम राख्ने हो भने संभाव्याता अध्ययन गरिएको दीर्घकालीन हितको एक वा दुईवटा भन्दा बढि योजनामा मा कार्यक्रमलाई सीमित गरिनुपर्छ । अन्यथा, विधायकहरूको संलग्नतामा करको रकम दुरुपयोग हुने र लोकतान्त्रिक व्यवस्थाकै उपहास हुने अवस्था आउनसक्छ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम तुरुन्त बन्द गर्नु उपयुक्त हुन्छ । रकम विनियोजन र कार्यान्वयनको भरपर्दो नीतिगत र व्यावहारिक निगरानी हुने हो भने यो कार्यक्रमलाई निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रममा नै गाभ्नु उपयुक्त हुन्छ ।

सभासद्हरूले जनतासँग गरेका बाचा पूरा गर्न आफ्नै हातबाट बजेट बाँडफाँड गर्ने चाहना राख्नु अस्वाभाविक होइन । नेपालको सन्दर्भमा पहुँचवाला नेताका निर्वाचन क्षेत्रमा करोडौं रकम जाने तर पहुँच नभएका जनप्रतिनिधीले आफूले जनतासँग गरेका कुनै बाचा पूरा गर्न नसक्ने निरिह अवस्था रहेको सन्दर्भमा सबै निर्वाचन क्षेत्रमा कम्तिमा थप एक करोड रकम जानुलाई सकारात्मक मान्न सकिन्छ ।

# १० पृष्ठ सूचना निःशुल्क पाउने नजिर

**- नोदनाथ त्रिताल**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सूचना प्राप्त गर्दा तिरेको १० पृष्ठ सूचनाबापतको रकम नगद फिर्ता पाएपछि १० पृष्ठ सूचना निःशुल्क पाउने कानुनी व्यवस्थाको नजिर स्थापित भएको छ। सूचनाको हकसम्बन्धी नियमावली २०६५ को दफा ४ को उपदफा (२) बमोजिम सार्वजनिक निकायहरूले नागरिकलाई १० पृष्ठ सूचना निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोले यसअघि सूचनाका लागि लिइएको सो रकम फिर्ता भएको हो।

मन्त्रालयलाई विपक्षी बनाई सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ८ बमोजिम धनकुटा कुरुले तेनुपाका नोदनाथ त्रितालसमेतले २०७१ माघ २२ गते गरेको उजुरीमा निर्णय गर्दै राष्ट्रिय सूचना आयोगले २०७१ फागुन २३ गते निःशुल्क पाउनु पर्ने १० पृष्ठबापतको रु ५० नगदै निवेदकलाई फिर्ता गर्न आदेश गरेको थियो।

**राष्ट्रिय सूचना आयोगको सक्रियतासँगै सार्वजनिक निकायहरू सूचनाको हकको कार्यान्वयनमा प्रतिबद्ध देखिन थालेका छन् भने नागरिकहरूलाई समेत कानुनको प्रयोग गरेर सूचना माग गर्न र प्राप्त गर्न प्रोत्साहन मिलेको छ।**

निवेदकहरूले आयोगमा विपक्षी कार्यालयले निःशुल्क उपलब्ध गराउनु पर्ने १० पृष्ठको समेत दस्तुर लिई छुट गर्न आग्रह गर्दा नदिएको भनी लिखित उजुरी गरेका थिए। पटक पटकको प्रयासपछि आयोगको आदेश भएको करिब चार महिनापछि मन्त्रालयले आदेश कार्यान्वयन गरेको हो।

आयोगले गरेको निर्णयमा *'नियमावली बमोजिमको पाना १० को पाउनुपर्ने छुट रकम रु. ५० उजुरी कर्तालाई फिर्ता गराई यस आयोगलाई जानकारी गर्न हुन'* भनी निर्देशन दिइएको थियो। सो निर्देशन आयोगले मिति २०७१ फागुन २८ गते मन्त्रालयलाई सूचना प्राप्त गर्दा लाग्ने दस्तुर सम्बन्धमा भनी लिखित पत्रमार्फत रकम फिर्ता गर्न भनेको थियो। यसअघि २०७१ भाद्र २९ गते सूचनाको हकको निवेदनमार्फत सूचना अधिकारीसमक्ष मन्त्रालयमा आ.व. ०७०।७१ को स्टेसनरी जन्य सामग्रीको बील भर्पाइ सहितको सूचना माग गरिएको थियो। मागबमोजिम सूचना अधिकारीबाट सूचना प्राप्त नभएपछि कार्यालय प्रमुखसमक्ष मिति मंसीर १४ गते कार्यालय प्रमुखसमक्ष उजुरी निवेदन गरिएको थियो। त्यसमा पनि सुनुवाइ नभएपछि आयोगमा मंसिर २४ गते उजुरी गरेकोमा आयोगले *'सात दिनभित्र सूचना दिनु'* भन्ने २०७१ पुस १ गते आदेश जारी गरेको थियो।

आयोगको आदेश आएपछि भने कार्यालयका सह–सचिव एवं तत्कालीन सूचना अधिकारी केदारबहादुर अधिकारीद्धारा सूचना उपलब्ध गराउने र सूचना प्राप्त गर्न तिर्नुपर्ने दस्तुरसम्बन्धी निर्णयसहित पचात्रार गरिएको थियो । २०७१ पुस २१ गतेको पत्रमा "...राष्टिय सूचना आयोगको पत्रमार्फत तपाईंले माग गर्नुभएको सूचना उपलब्ध गराउन सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम प्रति पाना रु ५ का दरले ५८० पेजको जम्मा रु. २९००/– लाग्ने हुँदा सो राजस्व बुझाई सोको अर्धकट्टी यस मन्त्रालयमा पेस गरेपछि माग गरेबमोजिमको सूचना उपलब्ध गराउन सकिने..." भन्ने उल्लेख भएको थियो । राजश्व बुझाउन र सूचना प्राप्त गर्न कार्यालयमा जाँदा सूचनाको हकसम्बन्धी नियमावलीबमोजिम १० पानासम्म निःशुल्क पाउने हक भएको हुँदा पत्रमा उल्लेखित ५८० पाना सूचनामध्ये १० पाना बराबरको रकम छुट गरी ५७० पानाको मात्र राजश्व बुझाउने भनी आग्रह गर्दा सूचना अधिकारीले ठाडै अस्वीकार गर्दै पूरै दस्तुर बुझाउन भनेका थिए ।

पटक पटकको आग्रहमा पनि निःशुल्क पाउनु पर्ने पाना १० को निःशुल्क गराउनेबारे सूचना अधिकारीबाट कुनै वास्ता गरिएन र आयोगसमक्ष उजुरी गरी न्याय पाउन सकिने कानुनी व्यवस्था भएकोले विवाद नगरी पत्रमा उल्लेख भएबमोजिमको पूरै रकम २९०० रुपैयाँको राजश्व रसिद नं. १७८५ बाट कार्यालयमा पौष ३० गते नै जम्मा गरिएको थियो ।

राजश्व तिरेको एक सातापछि माघ ६ गते ५८० पाना सूचना प्रतिलिपी उपलब्ध गराईयो । १० पाना निःशुल्क पाउने भन्ने कानुनी व्यवस्था बमोजिमको राजस्व छुट दिने विषय पटक-पटक अनुरोध गर्दा पनि सुनुवाइ भएको थिएन ।

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम मूल्यप्रति प्रतिवद्ध पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

सूचनाको हक, वजेट र वैदेशीक सहयोगको पारदर्शिता लगायत सामाजिक जवाफदेहीता प्रवर्धनका गतिविधिमार्फत आम जनतालाई लोकतन्त्रको प्रतिफल प्राप्त गर्ने अवस्थामा पुऱ्याउन यो संस्था प्रयासरत छ ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरू यसका सदस्य वन्न सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक सँगठनसँग सहकार्य गरेर अगाडि वढ्ने हाम्रो नीति रहेको छ ।

सम्पुर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्छ ।


**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
इमेल : info@freedomforum.org.np
फोन : ४१०२०३०/४१०२०२२
फ्याक्स : ४२२६०९९